# विद्यार्थी सिकाइका लागि आन्तरिक मूल्याङ्कन मापदण्ड २०८०

## आधारभूत तह (कक्षा ४-८)

## अनिवार्य विषयहरू

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

**प्रकाशक :** नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© पाठ्यक्रम विकास केन्द्र

प्रथम संस्करण : वि.सं. २०८०

# प्राक्कथन

विद्यालय तहको शिक्षालाई बढी उद्देश्यमूलक, व्यावहारिक, समसामयिक एवम् सान्दर्भिक बनाउने अभिप्रायले पाठ्यक्रम परिमार्जनको कार्य निरन्तर भइरहेको छ । यसै सन्दर्भमा शिक्षक, अभिभावक, विद्यार्थी तथा विज्ञहरूबाट प्राप्त राय सुझाव; ज्ञान, विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिर्वतन र स्थानीय आवश्यकता तथा विश्वव्यापी सन्दर्भबिच सन्तुलनको आवश्यकतालाई समेत दृष्टिगत गरी विद्यालय शिक्षा पाठ्यक्रम कक्षा ४-८ विकास भई कार्यान्वयनमा छन् । विश्वमा भएका नवीनतम शैक्षिक परिवर्तन एवम् नेपालको वर्तमान सन्दर्भ र स्थानीय आवश्यकतालाई दृष्टिगत गरी बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउने, सामाजिक न्याय प्रवर्धन गर्ने र राष्ट्र निर्माणका लागि सक्षम तथा प्रतिस्पर्धी नागरिक तयार गर्ने लक्ष्यसहित राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्दिष्ट गरेका सिद्धान्त तथा विद्यालय शिक्षाको मार्गचित्रमा आधारित भई आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ४-८) को मर्मअनुसार यो आन्तरिक मूल्याङ्कन मापदण्ड विकास गरिएको छ ।

आन्तरिक मूल्याङ्कन सिकाइ सहजीकरण प्रक्रियाका क्रममा उपयोग गरिने मूल्याङ्कन हो । यसको मुख्य प्रयोजन सिकाइ सहजीकरणका क्रममा विद्यार्थीका सिकाइ समस्या पहिचान गरेर सिकाइमा सुधार ल्याई निरन्तर पृष्ठपोषण प्राप्त गर्नु हो । आन्तरिक मूल्याङ्कनमा विद्यार्थीको दैनिक उपस्थिति, कक्षाकार्य, व्यक्तिगत तथा समूहकार्य, सिर्जनात्मक कार्य, परियोजना कार्य जस्ता मूल्याङ्कनका आधारलाई प्रयोग गर्नुपर्छ । त्यसैगरी अभिभावक सम्पर्क, घटनावृत्त अभिलेख, विद्युतीय सञ्चार माध्यमबाट उपयुक्त सामग्रीको सङ्कलन र प्रस्तुतीकरण जस्ता माध्यम उपयोग गर्नुपर्छ । यसबाट प्राप्त नतिजालाई अभिलेखीकरण गरी अभिभावसँगसमेत विद्यार्थीका प्रगतिका बारेमा अन्तरक्रिया गरिनुपर्छ ।  बाह्य मूल्याङ्कनको मूल आधार आन्तरिक मूल्याङ्कनको नतिजा र बाह्य मूल्याङ्कनको योग हो । यस योगले नै विद्यार्थीको सिकाइ उपलब्धि स्तरको अन्तिम मापन गर्छ । यसका लागि आन्तरिक मूल्याङ्कनबाट ५० प्रतिशत अङ्कभार निर्धारण गरिएको छ ।

यो मापदण्ड तयार गर्ने क्रममा महत्त्वपूर्ण सहयोग पुऱ्याउनु हुने नीति निर्माता, विज्ञ तथा विशेषज्ञ, शिक्षाविद्, प्राध्यापक, शिक्षक, विद्यार्थी एवम् सम्बन्धित सरोकारवालाहरूप्रति पाठ्यक्रम विकास केन्द्र हार्दिक कृतज्ञता व्यक्त गर्दछ । यो मापदण्डको कार्यान्वयनलाई प्रभावकारी बनाई बालबालिकालाई गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्ने कार्यमा सम्बद्ध सबैबाट सक्रिय योगदानको अपेक्षा गरिएको छ । विद्यालय शिक्षाको यो पाठ्यक्रम गतिशील दस्तावेज भएकाले यसमा सुधार तथा परिमार्जन गर्दै अझ प्रभावकारी बनाउनका लागि यस केन्द्रले पाठ्यक्रम प्रयोगकर्तालगायत सम्बन्धित सबैबाट निरन्तर रचनात्मक सुझाव प्राप्त हुने अपेक्षा गरेको छ ।

**वि.सं. २०८०** **पाठ्यक्रम विकास केन्द्र**

# विषयसूची


| सि.नं | विषय | पेज नं |
|---|---|---|
| १. | परिचय | १ |
| २. | नेपाली | ४ |
| ३. | अङ्ग्रेजी | २१ |
| ४. | गणित | २८ |
| ५. | विज्ञान | ३४ |
| ६. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ४२ |
| ७. | स्वास्थ्य शारीरिक तथा सिर्जनात्मक कला | ४९ |

**खण्ड (क)**

# आन्तरिक मूल्याङ्कन

## १. परिचय

पाठ्यक्रमको विकास, परिमार्जन तथा अद्यावधिक गर्ने कार्य निरन्तर चलिरहने प्रक्रिया हो । परिवर्तित सन्दर्भ, अध्ययन अनुसन्धानका प्रतिवेदन, शिक्षक, प्राध्यापक, विद्यार्थी, बुद्धिजीविलगायत विभिन्न सरोकारवालाबाट प्राप्त सुझाव तथा प्रतिक्रिया, विभिन्न सङ्घसंस्था र पेसासँग आबद्ध सङ्घसङ्गठनका सुझाव, सूचना तथा सञ्चारका माध्यम र नागरिक समाजबाट पाठ्यक्रमलाई सान्दर्भिक तथा समावेशी बनाउन प्राप्त सकारात्मक सल्लाहका आधारमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ तयार भई नेपाल सरकारबाट स्वीकृत भएको छ । यस प्रारूपले निर्देश गरेको विद्यालय तहको पाठ्यक्रम संरचना एवम् पाठ्यक्रम विकासका मार्गदर्शक सिद्धान्त, ज्ञानको विस्तार तथा सिर्जना, सेवा क्षेत्रमा बढेको प्रतिस्पर्धा तथा राजनीतिक, सामाजिक र आर्थिक क्षेत्रमा आएको परिवर्तनले पाठ्यक्रम परिमार्जनको आवश्यकता औँल्याएका छन् । नेपालमा विद्यालय शिक्षालाई सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्ने माध्यमका रूपमा विकास गर्नुपर्ने दृष्टिकोण रहेको छ । विद्यालय शिक्षाको उल्लिखित सन्दर्भ तथा दृष्टिकोणमा आधारित भई कक्षा ४-८ का लागि पाठ्यक्रम संरचना तथा सो संरचनाअनुसारका विषयगत पाठ्यक्रमहरू विकास गरिएको छ ।

पाठ्यक्रममा सिकारुले हासिल गर्नुपर्ने सक्षमता तथा सिकाइ उपलब्धि र ती सक्षमता तथा सिकाइ उपलब्धि प्राप्तिका लागि आवश्यक विषयवस्तुलगायत सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कनका लागि आवश्यक निर्देशनसहितको सिकाइ योजनाका रूपमा बालबालिकाको सिकाइलाई मार्गदर्शन गर्न आवश्यक पर्ने तत्त्वहरू समावेश गरिएको छ । यसमा विद्यार्थीका पूर्व सिकाइ अनुभव, उसको परिवेश तथा पृष्ठभूमि, रुचि र क्षमतासहित वर्तमानको आवश्यकता आकलन गरी उनीहरूले हासिल गर्नुपर्ने ज्ञान, सिप, अभिवृत्तिसहितका सक्षमताहरू समेटिएको छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्दिष्ट गरेका सिद्धान्त तथा आधारलाई विचार गरी आधारभूत तहअन्तर्गत कक्षा ४-८ को यो पाठ्यक्रमको मर्मअनुसार यो मापदण्ड विकास गरिएको छ । आधारभूत तहमा प्रयोगात्मक केही विषयबाहेक सबै विषयमा ५० प्रतिशत आन्तरिक र ५० प्रतिशत बाह्य मूल्याङ्नका आधारमा हुने व्यवस्था छ । सिकाइका क्रममा विद्यार्थीले प्राप्त गरेका ज्ञान, सिप, अभिवृत्ति, मूल्य र व्यवहारको निरन्तर परीक्षण गरिने प्रक्रिया नै मूल्याङ्कन हो । पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ उपलब्धि हासिल भए वा भएनन् भनी लेखाजोखा गर्न मूल्याङ्कन गरिन्छ । मूल्याङ्कनले मूलतः विद्यार्थीको सिकाइ उपलब्धिको स्तरलाई देखाउँछ । मूल्याङ्कन गर्दा आन्तरिक र बाह्य दुवै प्रक्रिया अवलम्बन गरी विद्यार्थीको सिकाइ उपलब्धिको परीक्षण गर्नुपर्छ ।

आन्तरिक मूल्याङ्कन सिकाइ सहजीकरण प्रक्रियाका क्रममा उपयोग गरिने मूल्याङ्कन हो । यसको मुख्य प्रयोजन सिकाइ सहजीकरणका क्रममा विद्यार्थीका सिकाइ समस्या पहिचान गरेर सिकाइमा सुधार ल्याई निरन्तर पृष्ठपोषण प्राप्त गर्नु पनि हो । आन्तरिक मूल्याङ्कनमा विद्यार्थीको दैनिक उपस्थिति, कक्षाकार्य, व्यक्तिगत तथा समूहकार्य, सिर्जनात्मक कार्य, परियोजना कार्य जस्ता मूल्याङ्कनका आधारलाई प्रयोग गर्नुपर्छ नसक्ने ठहर गरी आन्तरिक मूल्याङ्नको स्थानलाई सबै कक्षा र विषयमा महत्त्वपूर्ण स्थान दिएको छ । आन्तरिक मूल्याङ्कनको प्रयोगलाई यसका प्रयोगकर्ताहरू सबैले यसको मर्मबमोजिम एकनासले बुझी प्रयोग गर्नु पर्ने हुनाले एउटा विशिष्ट मार्ग दर्शनको आवश्यकताको महसुस गरी यो मापदण्डको विकास गरिएको छ । यस मापदण्डको विकास गर्दा आन्तरिक मूल्याङ्कन गर्दा अपनाइएका अन्तर्राष्ष्ट्रिय अभ्यास, पाठ्यक्रम विज्ञ र सम्बन्धित विषयका शिक्षकको राय सुझावलाई आधार मानिएको छ ।

## २. मापदण्डको उद्देश्य

परिवर्तित पाठ्यक्रमअनुसार मूल्याङ्कनले सिकाइका लागि विद्यार्थीलाई प्रोत्साहन गर्न र सिकाइमा थप सुधारका लागि मार्ग प्रशस्त गर्न सक्ने व्यवस्था गरेको छ । कक्षाकोठाको सिकाइमा आधारित मूल्याङ्कनका प्रक्रिया, रणनीति र साधनको प्रयोग यसै अवधारणामा आधारित भई गर्नुपर्छ । यस मापदण्डको उद्देश्य देहायबमोजिम रहेको छ :

(क) विद्यार्थीको नियमित सिकाइबाट हुने उपलब्धिलाई व्यवस्थित गर्नु

(ख) वस्तुनिष्ठ बनाउनु

(ग) वैज्ञानिक तथा भरपर्दो बनाउनु

(घ) विद्यार्थी उपलब्धिलाईपारदर्शी बनाउनु

(ङ) सरलता र एकरूपता कायम गर्नु

(च) क्रियाकलापमा आधारितभई मूल्याङ्कन गर्नका लागि सहजीकरण तथा मार्गनिर्देश गर्नु

(छ) प्रयोगात्मक, सिर्जनात्मक तथा परियोजना कार्यमा थप स्पष्टता ल्याउनु

(ज) मापनलाई विशिष्टीकृत गर्दै शिक्षक र विद्यार्थी दुवैको क्षमता विकासको अवसर प्रदान गर्नु

यसका अतिरिक्त वर्षको अन्त्यमा कुनै एक पक्षलाई हेरेर सिकाइ उपलब्धि मूल्याङ्कन गर्ने परिपाटीलाई खारेज गर्दै विद्यार्थीको सिकाइ समयमा भएका उपलब्धिको मूल्याङ्कनलाई तत्काल अभिलेखीकरण गर्ने प्रबन्धले मूल्याङ्कनको विश्वसनीयतामा वृद्धि हुने अपेक्षा गरेको छ । यसले स्वाध्यायलाई समेत प्रोत्साहन गर्दै सिकाइ मूल्याङ्कनका आधारमा स्पष्टता प्रदान गरेको छ । यसबाट विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्नका लागि शिक्षकलाई बढी सिर्जनशील बन्ने आधार उपलब्ध गराई सिकाइ समस्या भएका विद्यार्थीको सुधारात्मक शिक्षणमार्फत सिकाइ उपलब्धिमा वृद्धि हुने अपेक्षा गरिएको छ ।

## ३. मूल्याङ्कनका साधनका विशेषता

विद्यार्थी मूल्याङ्कनका साधनमा देहायका पक्ष अन्तर्निहित रहनु आवश्यक छ :

(क) विषयवस्तुमा आधारित वैधता (Content validity)

(ख) विश्वसनियता Reliability)

(ग) निष्पक्षता (Fairness)

(घ) विद्यार्थी सहभागिता र उत्प्रेरणा (Student engagement and motivation)

(ङ) परिणामात्क सान्दर्भिकता (Consequential relevance)

## ४. आन्तरिक मूल्याङ्कन मापदण्ड विकास गर्दा अपनाइएका प्रावधान

(क) विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र सम्बन्धित कक्षा र विषयको पाठ्यक्रमभित्र रहेर आन्तरिक मूल्याङ्कनका आधार बनाइएको छ ।

(ख) पाठ्यक्रममा उल्लेख गरिएका आन्तरिक मूल्याङ्कनका आधारलाई सूक्ष्म रूपमा प्रस्तुत गरी व्याख्यासहित सजिलैसँग बुझ्न र मापन गर्न सकिने गरी पारदर्शी बनाइएको छ ।

(ग) यस प्रावधानले विद्यार्थी स्वयम्ले पनि आफूले के कार्य गर्दा वा कुन सिपको विकास गरेमा कस्तो नतिजा प्राप्त हुने रहेछ भनी स्वमूल्याङ्कन गर्न सक्ने व्यवस्था गरिएको छ ।

(घ) शिक्षकलाई वर्षको एक पटकमात्र आन्तरिक मूल्याङ्कन गर्ने परिपाटीलाई पूर्ण रूपमा खारेज गरी हरेक त्रैमासिकको बिच बिचमा विद्यार्थी सिकाइको मूल्याङ्कन गरी थप सिकाइको अभ्यास गर्न मदत पुऱ्याएको छ ।

(ङ) यस निर्देशिकाले विद्यालय तहका विभिन्न विषयमा आन्तरिक मूल्याङ्कन गर्दा अपनाइने केही साझा अभ्यास र विषयगत विभिन्नताका आधारमा केही फरक अभ्याससमेतलाई स्थान दिइएको छ ।

(च) प्रत्येक विषयमा सबै एकाइलाई आन्तरिक मूल्याङ्कनले सम्बोधन गर्ने व्यवस्था मिलाइएको छ ।

(छ) आन्तरिक मूल्याङ्कन गर्दा विद्यार्थीलाई परीक्षाको भयबाट मुक्त गराउन सिकाइ सहजीकरण क्रियाकलापसँगै अभ्यास गर्ने व्यवस्था मिलाइएको छ ।

(ज) प्रयोगात्मक, सिर्जनात्मक वा परियोजना कार्यमार्फत आन्तरिक मूल्याङ्कन गर्दा एउटा त्रैमासिकमा पढाइ हुने पाठहरूको मूल्याङ्कन त्यही अवधिमा मात्र गरिने गरि प्रबन्ध मिलाइएको छ ।

## ५. आन्तरिक मूल्याङ्कन

निर्माणात्मक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ । यसका लागि निर्माणात्मक मूल्याङ्कनलाई अभिलेखीकरण गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ ।

| **क्र.स.** | **मूल्याङ्कनका क्षेत्र** | **भार** |
|---|---|---|
| १. | उपस्थिति र सिकाइ सहभागिता | ४ |
| २. | प्रयोगात्मक⁄ सिर्जनात्मक कार्य तथा परियोजना कार्य र प्रस्तुतीकरण | ३६ |
| ३. | त्रैमासिक परीक्षा | १० |

## खण्ड (ख)

# नेपाली (कक्षा ४–५)

### परिचय

भाषा सिकाइका क्रममा विद्यार्थीले प्राप्त गरेका ज्ञान, सिप, अभिवृत्ति, मूल्य र व्यवहारको निरन्तर परीक्षण गरिने प्रक्रिया नै भाषिक मूल्याङ्कन हो । पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ उपलब्धि हासिल भए वा भएनन् भनी लेखाजोखा गर्न मूल्याङ्कन गरिन्छ । भाषिक मूल्याङ्कनले मूलतः विद्यार्थीको भाषिक सिप, भाषिक संरचना र शब्दभण्डारको सिकाइ उपलब्धिको स्तरलाई देखाउँछ । मूल्याङ्कन गर्दा आन्तरिक र बाह्य दुवै प्रक्रिया अवलम्बन गरी विद्यार्थीको सिकाइ उपलब्धिको परीक्षण गर्नुपर्छ ।

आन्तरिक मूल्याङ्कन सिकाइ सहजीकरण प्रक्रियाका क्रममा उपयोग गरिने मूल्याङ्कन हो । यसको मुख्य प्रयोजन सिकाइ सहजीकरणका क्रममा विद्यार्थीका सिकाइ समस्या पहिचान गरेर सिकाइमा सुधार ल्याई निरन्तर पृष्ठपोषण प्राप्त गर्नु पनि हो । आन्तरिक मूल्याङ्कनमा विद्यार्थीको दैनिक उपस्थिति, कक्षाकार्य, व्यक्तिगत तथा समूहकार्य, सिर्जनात्मक कार्य, परियोजना कार्य जस्ता मूल्याङ्कनका आधारलाई प्रयोग गर्नुपर्छ । सुनाइ र बोलाइ सिपअन्तर्गत श्रुतिबोध र श्रुतिलेखन, सुनाइका आधारमा प्रश्नोत्तर, विषयवस्तु वा चित्र वर्णन, कथाकथन, घटना, पात्र र परिवेशको वर्णन, भाषिक प्रकार्यमा आधारित संवाद तथा पढाइ सिपअन्तर्गत सस्वरवाचन र बोध जस्ता सिपसम्बद्ध क्रियाकलाप गराउनुपर्छ । लेखाइ सिपअन्तर्गत निर्देशित लेखन र स्वतन्त्र लेखनका क्रियाकलाप उपयोग गर्नुपर्छ । त्यसैगरी अभिभावक सम्पर्क, घटनावृत्त अभिलेख, विद्युतीय सञ्चार माध्यमबाट उपयुक्त सामग्रीको सङ्कलन र प्रस्तुतीकरण जस्ता माध्यम उपयोग गर्नुपर्छ । यसबाट प्राप्त नतिजालाई अभिलेखीकरण गरी अभिभावससँगसमेत विद्यार्थीका प्रगतिका बारेमा अन्तरक्रिया गरिनुपर्छ ।

आन्तरिक मूल्याङ्कनपछि गरिने मूल्याङ्कन बाह्य मूल्याङ्कन हो । प्रत्येक शैक्षिक सत्रको अन्त्यमा अन्तिम परीक्षामार्फत बाह्य मूल्याङ्कन गर्नुपर्छ । बाह्य मूल्याङ्कनबाट विद्यार्थीको पढाइ र लेखाइ सिपको उपलब्धि स्तर निर्धारण गरी कक्षोन्नतिका बारेमा निर्णय लिइन्छ । बाह्य मूल्याङ्कनको मूल आधार आन्तरिक मूल्याङ्कनको नतिजा र बाह्य मूल्याङ्कनको योग हो । यस योगले नै विद्यार्थीको सिकाइ उपलब्धिको अन्तिम स्तर निर्धारण गर्छ । यसका लागि आन्तरिक मूल्याङ्कनबाट ५० प्रतिशत र बाह्य मूल्याङ्कनबाट ५० प्रतिशत अङ्कभार निर्धारण गरिएको छ । आन्तरिक मूल्याङ्कनका लागि छुट्याइएको अङ्कभारको विस्तृतीकरण निम्नानुसार छ :

**आधारभूत तह कक्षा ४ र ५ को आन्तरिक मूल्याङ्कनका आधार**

| क्र.स | मूल्याङ्कनका क्षेत्र | मूल्याङ्कनका क्षेत्रको विस्तृतीकरण | अङ्कभार | जम्मा अङ्कभार |
|---|---|---|---|---|
| १. | **उपस्थिति र कक्षा सहभागिता** | उपस्थिति | २ | ४ |
| | | कक्षा सहभागिता | २ | |
| २. | **(क) सुनाइ र बोलाइ** | निर्दिष्ट शब्दमा आधारित श्रुतिलेखन | २ | २० |
| | | निर्दिष्ट विषयवस्तुमा आधारित श्रुतिलेखन | ४ | |
| | | पाठ्यसामग्री सुनाइका आधारमा प्रश्नोत्तर | ४ | |
| | | सान्दर्भिक विषयवस्तु वा चित्रको मौखिक प्रतिक्रिया तथा वर्णन | २ | |
| | | कथाकथन (घटना, पात्र र परिवेश, सन्देश) | ४ | |
| | | भाषिक प्रकार्यमा आधारित प्रस्तुति | ४ | |
| | **(ख) पढाइ र लेखाइ** | सस्वरवाचन | २ | १६ |
| | | पठनबोध | ४ | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | अनुलेखन | २ | |
| | | निर्देशित लेखन | २ | |
| | | प्रतिक्रिया लेखन | २ | |
| | | स्वतन्त्र लेखन | ४ | |
| ३. | **त्रैमासिक परीक्षा** | त्रैमासिक परीक्षा | **१०** | **१०** |
| जम्मा | | | | **५०** |

### १. सहभागिताको मूल्याङ्कन

सहभागिताबापतको ४ अङ्कभारलाई विद्यार्थीको हाजिरी/उपस्थिति र सिकाइ क्रियाकलापमा सहभागिता तथा सक्रियताको आधारमा मूल्याङ्कन गर्नुपर्छ । सहभागिताबापतको ४ अङ्कभारअन्तर्गत हाजिरी/उपस्थितिबापत २ अङ्कभार र सिकाइ क्रियाकलापमा सहभागिता र सक्रियताबापत २ अङ्कभारमा रुब्रिक्सको आधारमा मूल्याङ्कन गर्नुपर्ने छ । सहभागिताबापत मूल्याङ्कन गर्दा निम्न रुब्रिक्सको प्रयोग गर्न सकिने छ ।

**सहभागिता (उपस्थिति र सिकाइमा सक्रियता र सहभागिता) : ४ अङ्कभार**

| **क्षेत्र** | **आधार** | **व्याख्या** | **मापन स्केल** | **अङ्क वितरण** |
|---|---|---|---|---|
| १. | उपस्थिति | ९० प्रतिशत र सोभन्दा बढी उपस्थिति भएमा | सर्वोत्कृष्ट | २ |
| | | ८५ प्रतिशत र सो भन्दा बढी तर ९० प्रतिशतभन्दा कम उपस्थिति भएमा | उत्कृष्ट | १.५ |
| | | ८० प्रतिशत र सो भन्दा बढी तर ८५ प्रतिशतभन्दा कम उपस्थिति भएमा | मध्यम | १ |
| | | ७५ प्रतिशत र सो भन्दा बढी तर ८० प्रतिशतभन्दा कम उपस्थिति भएमा | सामान्य | ०.५ |
| २. | सिकाइमा सक्रियता र सहभागिता | सिकाइमा जिज्ञासा राखेमा, समूह छलफल र अन्तर्क्रियामा सक्रियतापूर्वक भाग लिएमा, आफ्ना विचार निर्बाध र स्वतन्त्र रूपमा प्रस्तुत गरेमा, दिइएका सम्पूर्ण कार्य स्वयम्ले पूरा गरेमा | सर्वोत्कृष्ट | २ |
| | | सिकाइमा जिज्ञासा राखेमा, समूह छलफल र अन्तर्क्रियामा कम सक्रियतापूर्वक भाग लिएमा, आफ्ना विचार स्वतन्त्र रूपमा प्रस्तुत गरेमा, दिइएका अधिकांश कार्य पूरा गरेमा | उत्कृष्ट | १.५ |
| | | सिकाइमा कम जिज्ञासा राखेमा, समूह छलफल र अन्तर्क्रियामा निर्देशनअनुसार भाग लिएमा, आफ्ना विचार आंशिक रूपमा मात्र प्रस्तुत गरेमा, दिइएका कार्य आधा मात्र पूरा गरेमा | मध्यम | १ |
| | | सिकाइप्रति उदासीन रहेमा, समूह छलफल र अन्तर्क्रियामा सक्रियता नदेखाएमा, आफ्ना विचार प्रस्तुत गर्न साथी वा शिक्षकको सहयोग चाहिएमा, अरूको सहयोगमा दिइएका कार्य पूरा गरेमा | सामान्य | ०.५ |
| | जम्मा | | | |

## २. सुनाइ, बोलाइ र पढाइ, लेखाइ सिपको मूल्याङ्कन (३६ अङ्कभार)

आन्तरिक मूल्याङ्कनमा सुनाइ र बोलाइ, सुनाइ र लेखाइ, चित्र र विषयवस्तुमा आधारित बोलाइ, पढाइ र लेखाइ

सिपसम्बद्ध क्रियाकलाप गराउनुपर्छ । सुनाइ र बोलाइ सिपको २० अङ्कभारलाई निर्दिष्ट शब्दमा आधारित श्रुतिलेखनमा २ अङ्क, निर्दिष्ट विषयवस्तुमा आधारित श्रुतिलेखनमा ४ अङ्क, सान्दर्भिक विषयवस्तु वा चित्रको मौखिक प्रतिक्रिया तथा वर्णनमा ३ अङ्क, कथाकथनमा ३ अङ्क र भाषिक प्रकार्यमा आधारित प्रस्तुतिमा ४ अङ्क निर्धारण गरिएको छ । अतः यी सबै पक्षलाई मापन स्केलका आधारमा मूल्याङ्कन गर्नुपर्छ । त्यसैगरी पढाइ र लेखाइ सिपको १६ अङ्कभारलाई सस्वरवाचनमा २ अङ्क, पठनबोधमा ३ अङ्क, अनुलेखनमा २ अङ्क, निर्देशित लेखनमा ३ अङ्क, प्रतिक्रिया लेखनमा ३ अङ्क र स्वतन्त्र लेखनमा ३ अङ्क विभाजन गरी रुब्रिक्सका आधारमा मूल्याङ्कन गर्नुपर्छ तर रुब्रिक्समा उल्लेखित पक्षलाइ समेटी निर्दिष्ट कार्य गरेता पनि त्यसको गुणस्तर पक्ष कमजोर लागेमा शिक्षकले स्वविवेक प्रयोग गर्नुपर्ने छ । मूल्याङ्कनका आधार, परीक्षणीय पक्ष, व्याख्या, मापन स्केल र अङ्क वितरण निम्नानुसार उल्लेख गरिएको छ :

**सुनाइ र बोलाइ**
**अङ्कभार २०**

| **मूल्याङ्कनका आधार** | **परीक्षणीय पक्ष** | **व्याख्या** | **मापन स्केल** | **अङ्क वितरण** |
|---|---|---|---|---|
| निर्दिष्ट शब्दमा आधारित श्रुतिलेखन | ह्रस्व, दीर्घ, श/ष/स, ब/व, ए/य, छ्य/क्ष, रि/ऋ, हलन्त/अजन्त, शिरबिन्दु, चन्द्रबिन्दु, पञ्चम वर्ण तथा 'र' का विभिन्न रूपको प्रयोग भएका पाठ्यपुस्तकभित्रका २४ ओटा शब्दको श्रुतिलेखन गर्न लगाउने | ह्रस्व, दीर्घ, श/ष/स, ब/व, ए/य, छ्य/क्ष, रि/ऋ, हलन्त/अजन्त, शिरबिन्दु, चन्द्रबिन्दु, पञ्चम वर्ण तथा 'र' का विभिन्न रूपको प्रयोग भएका पाठ्यपुस्तकभित्रका २४ ओटा शब्द श्रुतिलेखन गर्दा २० वा सोभन्दा बढी शब्द शुद्ध लेखेमा | सर्वोत्कृष्ट | **२** |
| | | ह्रस्व, दीर्घ, श/ष/स, ब/व, ए/य, छ्य/क्ष, रि/ऋ, हलन्त/अजन्त, शिरबिन्दु, चन्द्रबिन्दु, पञ्चम वर्ण तथा 'र' का विभिन्न रूपको प्रयोग भएका पाठ्यपुस्तकभित्रका २४ ओटा शब्द श्रुतिलेखन गर्दा १६ वा सोभन्दा बढी शब्द शुद्ध लेखेमा | उत्कृष्ट | १.५ |
| | | ह्रस्व, दीर्घ, श/ष/स, ब/व, ए/य, छ्य/क्ष, रि/ऋ, हलन्त/अजन्त, शिरबिन्दु, चन्द्रबिन्दु, पञ्चम वर्ण तथा 'र' का विभिन्न रूपको प्रयोग भएका पाठ्यपुस्तकभित्रका २४ ओटा शब्द श्रुतिलेखन गर्दा १२ वा सोभन्दा बढी शब्द शुद्ध लेखेमा | मध्यम | १ |
| | | ह्रस्व, दीर्घ, श/ष/स, ब/व, ए/य, छ्य/क्ष, रि/ऋ, हलन्त/अजन्त, शिरबिन्दु, चन्द्रबिन्दु, पञ्चम वर्ण तथा 'र' का विभिन्न रूपको प्रयोग भएका पाठ्यपुस्तकभित्रका २४ ओटा शब्द श्रुतिलेखन गर्दा ८ वा सोभन्दा बढी शब्द शुद्ध लेखेमा | सामान्य | ०.५ |
| निर्दिष्ट विषयवस्तुमा आधारित श्रुतिलेखन | ६० शब्दसम्मको कुनै (दृष्टांश) अनुच्छेद श्रुतिलेखन गर्न लगाउने | ६० शब्दसम्मको कुनै (दृष्टांश) अनुच्छेद श्रुतिलेखन गर्दा वर्णविन्यास र लेख्य चिह्नमा ५ ओटा वा सोभन्दा कम त्रुटि गरेमा | सर्वोत्कृष्ट | ४ |
| | | ६० शब्दसम्मको कुनै (दृष्टांश) अनुच्छेद श्रुतिलेखन गर्दा वर्णविन्यास र लेख्य चिह्नमा १० ओटा वा सोभन्दा कम त्रुटि गरेमा | उत्कृष्ट | ३ |
| | | ६० शब्दसम्मको कुनै (दृष्टांश) अनुच्छेद श्रुतिलेखन गर्दा वर्णविन्यास र लेख्य चिह्नमा | मध्यम | २ |

| | | | | |
|---|---|---|---|---|
| | | १५ ओटा वा सोभन्दा कम त्रुटि गरेमा | | |
| | | ६० शब्दसम्मको कुनै (दृष्टांश) अनुच्छेद श्रुतिलेखन गर्दा वर्णविन्यास र लेख्य चिह्नमा १५ ओटाभन्दा बढी त्रुटि गरेमा | सामान्य | १ |
| सुनाइ पाठका आधारमा प्रश्नोत्तर | सुनाइ पाठ सुनेर मौखिक उत्तर दिन लगाउने | पाठ्यपुस्तकमा दिइएका सुनाइ पाठ सुनेर विषयवस्तु, शुद्धता, ढाँचा र मौलिकतामा आधारित भई स्वतन्त्र र मौलिक रूपमा सबै प्रश्नको उत्तर दिएमा | सर्वोत्कृष्ट | ४ |
| | | पाठ्यपुस्तकमा दिइएका सुनाइ पाठ सुनेर विषयवस्तु, शुद्धता, ढाँचा र मौलिकतामा आधारित भई स्वतन्त्र रूपमा अधिकांश प्रश्नको उत्तर दिएमा | उत्कृष्ट | ३ |
| | | पाठ्यपुस्तकमा दिइएका सुनाइ पाठ सुनेर विषयवस्तु, शुद्धता, ढाँचा र मौलिकतामा आधारित भई सोधिएकामध्ये आधा प्रश्नको उत्तर दिएमा | मध्यम | २ |
| | | पाठ्यपुस्तकमा दिइएका सुनाइ पाठ सुनेर विषयवस्तु, शुद्धता, ढाँचा र मौलिकतामा आधारित भई सोधिएकामध्ये आंशिक प्रश्नको उत्तर दिएमा | सामान्य | १ |
| सान्दर्भिक विषयवस्तु वा चित्रको मौखिक प्रतिक्रिया तथा वर्णन | कुनै विषयवस्तु वा चित्र दिएर मौखिक प्रतिक्रिया दिन वा वर्णन गर्न लगाउने | दिइएको कुनै विषयवस्तु वा चित्रका बारेमा स्पष्टता, प्रस्तुति शैली, शुद्धोच्चारण र हाउभाउसहित मौलिक र स्वतन्त्र रूपमा सिलसिलाबद्ध मौखिक प्रतिक्रिया दिएमा वा वर्णन गरेमा | सर्वोत्कृष्ट | २ |
| | | दिइएको कुनै विषयवस्तु वा चित्रका बारेमा स्पष्टता, प्रस्तुति शैली, शुद्धोच्चारण र हाउभाउसहित स्वतन्त्र रूपमा सिलसिलाबद्ध मौखिक प्रतिक्रिया दिएमा वा वर्णन गरेमा | उत्कृष्ट | १.५ |
| | | दिइएको कुनै विषयवस्तु वा चित्रका बारेमा स्पष्टता, प्रस्तुति शैली, शुद्धोच्चारण र हाउभाउसहित आंशिक रूपमा मौखिक प्रतिक्रिया दिएमा वा वर्णन गरेमा | मध्यम | १ |
| | | दिइएको कुनै विषयवस्तु वा चित्रका बारेमा स्पष्टता, प्रस्तुति शैली, शुद्धोच्चारण र हाउभाउसहित मौखिक प्रतिक्रिया दिन वा वर्णन गर्न कठिनाइ भएमा | सामान्य | ०.५ |
| कथाकथन (विषयवस्तु, घटना, पात्र, परिवेश, सन्देश) | विद्यार्थीलाई कुनै कथा सुन्न वा पढ्न लगाएर मौखिक प्रस्तुति गर्न लगाउने | आफूले सुनेका वा पढेका कुनै कथा स्पष्टसँग सिलसिला, शैली र हाउभाउ मिलाई मौलिक र स्वतन्त्र रूपमा प्रस्तुत गरेमा | सर्वोत्कृष्ट | ४ |
| | | आफूले सुनेका वा पढेका कुनै कथा स्पष्टसँग सिलसिला, शैली र हाउभाउ मिलाई स्वतन्त्र रूपमा प्रस्तुत गरेमा | उत्कृष्ट | ३ |
| | | आफूले सुनेका वा पढेका कुनै कथा स्पष्टसँग सिलसिला, शैली र हाउभाउ मिलाई आंशिक रूपमा प्रस्तुत गरेमा | मध्यम | २ |

| | | | | |
|---|---|---|---|---|
| | | आफूले सुनेका वा पढेका कुनै कथा स्पष्टसँग सिलसिला, शैली र हाउभाउ मिलाई प्रस्तुत गर्न कठिनाइ भएमा | सामान्य | १ |
| भाषिक प्रकार्यमा आधारित प्रस्तुति | पाठ्यपुस्तकभित्रका भाषिक प्रकार्यका अभ्यास गराएर मूल्याङ्कन गर्ने | निर्दिष्ट भाषिक प्रकार्यमा आधारित भई शुद्ध, स्पष्ट, सिलसिलाबद्ध र हाउभाउसहित विषयवस्तुको मौलिक र स्वतन्त्र रूपमा प्रस्तुति दिएमा | सर्वोत्कृष्ट | ४ |
| | | निर्दिष्ट भाषिक प्रकार्यमा आधारित भई शुद्ध, स्पष्ट, सिलसिलाबद्ध र हाउभाउसहित विषयवस्तुको स्वतन्त्र रूपमा प्रस्तुति दिएमा | उत्कृष्ट | ३ |
| | | निर्दिष्ट भाषिक प्रकार्यमा आधारित भई शुद्ध, स्पष्ट, सिलसिलाबद्ध र हाउभाउसहित विषयवस्तुको आंशिक रूपमा प्रस्तुति दिएमा | मध्यम | २ |
| | | निर्दिष्ट भाषिक प्रकार्यमा आधारित भई शुद्ध, स्पष्ट, सिलसिलाबद्ध र हाउभाउसहित विषयवस्तुको प्रस्तुति दिन कठिनाइ भएमा | सामान्य | १ |

**पढाइ र लेखाइ**
**अङ्कभार १६**

| **मूल्याङ्कनका आधार** | **परीक्षणीय पक्ष** | **व्याख्या** | **मापन स्केल** | **अङ्क वितरण** |
|---|---|---|---|---|
| सस्वरवाचन | ६० शब्दसम्मको कुनै गद्यांश वा पद्यांश (दृष्टांश) दिएर सस्वरवाचन गर्न लगाउने | ६० शब्दसम्मको कुनै गद्यांश वा पद्यांश ( दृष्टांश) गति, यति, लय, भाव, हाउभाउसहित शुद्धसँग तोकिएको समयमा सस्वरवाचन गरेमा | सर्वोत्कृष्ट | २ |
| | | ६० शब्दसम्मको कुनै गद्यांश वा पद्यांश ( दृष्टांश) गति, यति, लय, भाव, हाउभाउ, शुद्धता र समयमध्ये अधिकांश पक्ष समेटी सस्वरवाचन गरेमा | उत्कृष्ट | १.५ |
| | | ६० शब्दसम्मको कुनै गद्यांश वा पद्यांश ( दृष्टांश) गति, यति, लय, भाव, हाउभाउ, शुद्धता र समयमध्ये आशिंक पक्ष समेटी सस्वरवाचन गरेमा | मध्यम | १ |
| | | ६० शब्दसम्मको कुनै गद्यांश वा पद्यांश ( दृष्टांश) गति, यति, लय, भाव, हाउभाउ, शुद्धता र समय जस्ता तोकिएका पक्ष समेटी सस्वरवाचन गर्न कठिनाइ भएमा | सामान्य | ०.५ |
| पठनबोध | ८० शब्दसम्मको कुनै गद्यांश वा पद्यांश पढ्न लगाएर प्रश्नोत्तर गराउने | ८० शब्दसम्मको कुनै गद्यांश वा पद्यांश ( दृष्टांश) को विषयवस्तु, शुद्धता, ढाँचा मिलाई स्वतन्त्र र मौलिक रूपमा सबै प्रश्नको उत्तर दिएमा | सर्वोत्कृष्ट | ४ |
| | | ८० शब्दसम्मको कुनै गद्यांश वा पद्यांश ( दृष्टांश) को विषयवस्तु, शुद्धता, ढाँचा मिलाई | उत्कृष्ट | ३ |

| | | | | |
|---|---|---|---|---|
| | | स्वतन्त्र रूपमा अधिकांश प्रश्नको उत्तर दिएमा | | |
| | | ८० शब्दसम्मको कुनै गद्यांश वा पद्यांश (दृष्टांश) को विषयवस्तु, शुद्धता, ढाँचा मिलाई आधा प्रश्नको उत्तर दिएमा | मध्यम | २ |
| | | ८० शब्दसम्मको कुनै गद्यांश वा पद्यांश (दृष्टांश) को विषयवस्तु, शुद्धता, ढाँचा मिलाई मौलिकतासहित प्रश्नको उत्तर दिन कठिनाइ भएमा | सामान्३ | १ |
| अनुलेखन | ६० शब्दसम्मको कुनै अनुच्छेद (दृष्टांश) दिएर अनुलेखन गर्न लगाउने | ६० शब्दसम्मको कुनै अनुच्छेद (दृष्टांश) वर्णविन्यास, लेख्यचिह्न, उपयुक्त अन्तरालसहित बान्की मिलाई जस्ताको त्यस्तै लेखेमा | सर्वोत्कृष्ट | २ |
| | | ६० शब्दसम्मको कुनै अनुच्छेद (दृष्टांश) वर्णविन्यास, लेख्यचिह्न, उपयुक्त अन्तराल र बान्कीमध्ये अधिकांश पक्ष समेटी लेखेमा | उत्कृष्ट | १.५ |
| | | ६० शब्दसम्मको कुनै अनुच्छेद (दृष्टांश) वर्णविन्यास, लेख्यचिह्न, उपयुक्त अन्तराल र बान्कीमध्ये आंशिक पक्ष समेटी लेखेमा | मध्यम | १ |
| | | ६० शब्दसम्मको कुनै अनुच्छेद (दृष्टांश) वर्णविन्यास, लेख्यचिह्न, उपयुक्त अन्तराल र बान्की मिलाई लेख्न कठिनाइ भएमा | सामान्य | ०.५ |
| निर्देशित लेखन | कुनै बुँदा वा घटना दिएर कथा/कविता/जीवनी/संवाद लेख्न लगाउने | बुँदा वा घटनामा आधारित भई संरचना, भाषिक शुद्धता, सिलसिला, सिर्जनात्मकता, मौलिकतासहित स्वतन्त्र रूपमा निर्देशित रचना गरेमा | सर्वोत्कृष्ट | २ |
| | | बुँदा वा घटनामा आधारित भई संरचना, भाषिक शुद्धता, सिलसिला, सिर्जनात्मकता, मौलिकताको संयोजनमा अधिकांश पक्ष ख्याल गरी निर्देशित रचना गरेमा | उत्कृष्ट | १.५ |
| | | बुँदा वा घटनामा आधारित भई संरचना, भाषिक शुद्धता, सिलसिला, सिर्जनात्मकता, मौलिकताको संयोजनमा आंशिक पक्ष मात्र ख्याल गरी निर्देशित रचना गरेमा | मध्यम | १ |
| | | बुँदा वा घटनामा आधारित भई संरचना, भाषिक शुद्धता, सिलसिला, सिर्जनात्मकता, मौलिकताको संयोजन गरी निर्देशित रचना गर्न कठिनाइ भएमा | सामान्य | ०.५ |
| प्रतिक्रिया लेखन | कुनै गद्यांश वा पद्यांश पढ्न दिई प्रतिक्रिया लेख्न लगाउने | निर्दिष्ट गद्यांश वा पद्यांश पढी शुद्धता, तार्किकता, मौलिकतासहित सिलसिलाबद्ध रूपमा स्वतन्त्र किसिमले लिखित प्रतिक्रिया दिएमा | सर्वोत्कृष्ट | २ |
| | | निर्दिष्ट गद्यांश वा पद्यांश पढी शुद्धता, तार्किकता, मौलिकतासहित सिलसिलामध्ये अधिकांश पक्ष समेटी लिखित प्रतिक्रिया दिएमा | उत्कृष्ट | १.५ |

| | | | | |
|---|---|---|---|---|
| | | निर्दिष्ट गद्यांश वा पद्यांश पढी शुद्धता, तार्किकता, मौलिकतासहित सिलसिलामध्ये आंशिक पक्ष समेटी लिखित प्रतिक्रिया दिएमा | मध्यम | १ |
| | | निर्दिष्ट गद्यांश वा पद्यांश पढी शुद्धता, तार्किकता, मौलिकतासहित सिलसिला मिलाई अधिकांश पक्ष समेटी लिखित प्रतिक्रिया दिन कठिनाइ भएमा | सामान्य | ०.५ |
| स्वतन्त्र लेखन | कुनै शीर्षक दिएर कथा/कविता लेखन गर्न लगाउने | निर्दिष्ट शीर्षकमा आधारित भई संरचना, भाषिक शुद्धता, सिलसिला र सिर्जनात्मक प्रस्तुतिसहित स्तरीय मौलिक रचना गरेमा | सर्वोत्कृष्ट | ४ |
| | | निर्दिष्ट शीर्षकमा आधारित भई संरचना, भाषिक शुद्धता, सिलसिला र सिर्जनात्मक प्रस्तुतिसहित मौलिक रचना गरेमा | उत्कृष्ट | ३ |
| | | निर्दिष्ट शीर्षकमा आधारित भई संरचना, भाषिक शुद्धता, सिलसिला र सिर्जनात्मक पक्षमध्ये आंशिक पक्ष मात्र समेटी रचना गरेमा | मध्यम | २ |
| | | निर्दिष्ट शीर्षकमा आधारित भई संरचना, भाषिक शुद्धता, सिलसिला र सिर्जनात्मक पक्ष समेटी रचना गर्न कठिनाइ भएमा | सामान्य | १ |

### ३. त्रैमासिक परीक्षा

तीन महिनाको पठनपाठनपश्चात् संज्ञानात्मक क्षेत्रका सिकाइ उपलब्धिको लेखाजोखा गर्नका लागि विशिष्टीकरण तालिकाका आधारमा सबै तह र प्रकारका प्रश्न तयार गर्नुपर्छ । पहिलो त्रैमासिक परीक्षा ३० पूर्णाङ्कको लिन सकिने छ तर त्यसलाई १० अङ्कभारमा रूपान्तरण गर्नुपर्ने छ । त्यसै गरी दोस्रो त्रैमासिक परीक्षा ५० पूर्णाङ्कमा लिनुपर्ने छ र त्यसलाई पनि १० अङ्कभारमा रूपान्तरण गर्नुपर्ने छ । दोस्रो त्रैमासिक (अर्धवार्षिक) परीक्षा लिदा सुरु एकाइदेखि पठनपाठन भएका एकाइसम्मका सबै एकाइबाट निर्धारित विशिष्टीकरण तालिकाका आधारमा प्रश्न सोध्नुपर्ने छ । त्रैमासिक परीक्षा विद्यार्थीको सिकाइ सुधारका लागि आन्तरिक मूल्याङ्कनका रूपमा लिनुपर्ने छ ।

### आन्तरिक मूल्याङ्कनका लागि ध्यान दिनुपर्ने पक्ष

आन्तरिक मूल्याङ्कनका लागि प्रत्येक त्रैमासिक वा वार्षिक रूपमा मूल्याङ्कन गर्दा तोकिएको पूर्णाङ्कमा गर्नुपर्छ । जस्तै : सहभागिताको ४ अङ्कभार, प्रयोगात्मक कार्यका लागि ३६ अङ्कभार र त्रैमासिकका लागि १० अङ्कभार निर्धारण गरिएको छ ।

### १. सहभागिताबापतको ४ अङ्कभारका लागि

(क) पहिलो त्रैमासिक अवधिसम्मको सहभागिता वापत ४ अङ्कभारमा मूल्याङ्कन गरी प्राप्त अङ्क अभिलेखीकरण गर्ने

(ख) दोस्रो त्रैमासिक अवधिका लागि सहभागिता वापत ४ अङ्कभारमा मूल्याङ्कन गरी प्राप्त अङ्क अभिलेखीकरण गर्ने

(ग) दोस्रो त्रैमासिक अवधिपश्चात्को अवधिका लागि सहभागिता वापत ४ अङ्कभारमा मूल्याङ्कन गरी प्राप्त अङ्कको अभिलेखीकरण गर्ने

(घ) सहभागितावापतको वार्षिक अङ्कभार ४ भएकाले माथि उल्लिखित (क), (ख) र (ग) मा प्राप्त अङ्कलाई जोडेर ४ ले भाग गर्दा वार्षिक ४ अङ्कभारमा विद्यार्थीले प्राप्त गरेको सहभागितावापतको अङ्क प्राप्त हुन्छ । उदाहरणका लागि पहिलो त्रैमासिकमा कुनै विद्यार्थीले सहभागिताबापत २.५ अङ्क, दोस्रो त्रैमासिकको अवधिमा सहभागितावापत ३ अङ्क र दोस्रो त्रैमासिकपश्चात्को अवधिमा सहभागितावापत ३.५ प्राप्त गरेमा वार्षिक रूपमा उक्त विद्यार्थीले २.५®३®३.५ = ९/३ = ३ अङ्क प्राप्त गर्छ ।

## २. भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) मूल्याङ्कनका लागि

(क) पहिलो त्रैमासिक अवधिसम्ममा जति पाठ पढाइ हुन्छ ती पाठमा आधारित भएर भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) अन्तर्गत तोकिएका मूल्याङ्कनका आधारअनुसार मूल्याङ्कन गरी प्राप्त अङ्क अभिलेखीकरण गर्ने

(ख) दोस्रो त्रैमासिक अवधिसम्ममा जति पाठ पढाइ हुन्छ ती पाठमा आधारित भएर भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) अन्तर्गत तोकिएका मूल्याङ्कनका आधारअनुसार मूल्याङ्कन गरी प्राप्त अङ्क अभिलेखीकरण गर्ने

(ग) तेस्रो त्रैमासिक अवधिसम्ममा जति पाठ पढाइ हुन्छ ती पाठमा आधारित भएर भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) अन्तर्गत तोकिएका मूल्याङ्कनका आधारअनुसार मूल्याङ्कन गरी प्राप्त अङ्क अभिलेखीकरण गर्ने

(घ) वार्षिक रूपमा भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को अभिलेखीकरण गर्दा
पहिलो त्रैमासिक अवधिमा भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को मूल्याङ्कन गर्दा प्राप्त गरेको अङ्क राख्ने । जस्तै : पहिलो त्रैमासिकमा कुनै विद्यार्थीको ३६ मा ३४ अङ्क प्राप्त भयो ।
दोस्रो त्रैमासिक अवधिमा भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को मूल्याङ्कन गर्दा प्राप्त गरेको अङ्क राख्ने । जस्तै : दोस्रो त्रैमासिकमा कुनै विद्यार्थीको ३६ मा ३३ अङ्क प्राप्त भयो ।
तेस्रो त्रैमासिक अवधिमा भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को मूल्याङ्कन गर्दा प्राप्त गरेको अङ्क राख्ने । जस्तै : तेस्रो त्रैमासिकमा कुनै विद्यार्थीको ३६ मा ३५ अङ्क प्राप्त भयो ।
तीनओटै त्रैमासिकको औसत अङ्क निकाल्ने, जस्तै : ३४+३३+३५ = १०२/३ = ३४ अङ्क प्राप्त भयो ।

## ३. त्रैमासिक परीक्षाका लागि

संज्ञानात्मक क्षेत्रका सिकाइ उपलब्धिको मापन गर्न त्रैमासिक परीक्षा र बाह्य/अन्तिम परीक्षा कायम गरिएको छ । त्रैमासिक परीक्षाका लागि जम्मा अङ्कभार १० भएकाले पहिलो र दोस्रो त्रैमासिक परीक्षा १०/१० अङ्कभार नै गर्नुपर्ने हुन्छ । जति बढी अङ्कभारमा परीक्षा सञ्चालन गरियो अर्थात् जति धेरै विषयवस्तुलाई समेटी परीक्षा सञ्चालन गरियो त्यति बढी विषयगत वैधता हुने भएकाले पहिलो त्रैमासिक परीक्षाका लागि ५० पूर्णाङ्कमा परीक्षा सञ्चालन गरी तोकिएको १० अङ्कभारमा रूपान्तरण गर्ने र दोस्रो त्रैमासिक परीक्षाका लागि ५० पूर्णाङ्कमा परीक्षा सञ्चालन गरी तोकिएको १० अङ्कभारमा रूपान्तरण गर्न सकिन्छ ।

त्रैमासिक परीक्षाको वार्षिक अङ्कभार १० भएकाले पहिलो त्रैमासिक परीक्षामा पाएको अङ्कभारलाई आधा गर्ने र दोस्रो त्रैमासिक परीक्षामा अङ्कभारलाई आधा गरी जम्मा १० अङ्कभारमा पाएको अङ्क राख्ने । जस्तै : पहिलो त्रैमासिक परीक्षा ५० पूर्णाङ्कमा कुनै विद्यार्थीले ४५ पाएको थियो र १० मा रूपान्तरण गर्दा ९ अङ्क प्राप्त भयो । त्यसै गरी दोस्रो त्रैमासिक परीक्षा ५० पूर्णाङ्कमा उक्त विद्यार्थीले ४५ अङ्क पायो र १० मा रूपान्तरण गर्दा ९ अङ्क प्राप्त भयो । वार्षिक रूपमा त्रैमासिक परीक्षाको अङ्क निकाल्दा प्रत्येक त्रैमासिकमा पाएको अङ्कलाई आधा आधा गरेर राख्ने वा दुवै त्रैमासिक परीक्षामा प्राप्त गरेको अङ्क जोडेर २ ले भाग गर्ने । जस्तै माथि दिइएको विवरणअनुसार पहिलो र दोस्रो त्रैमासिक परीक्षामा विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्क क्रमशः ९®९ भने औसत अङ्क = १८/२ = ९ भयो ।

**नेपाली विषयको त्रैमासिक रूपमा नतिजा निकाल्दा (माथिको विवरणका आधारमा)**

| क्र.स. | विद्यार्थीको नाम | सहभागिता (४) | भाषिक सिप (३६) | त्रैमासिक परीक्षा (१०) | जम्मा प्राप्ताङ्क (५०) | प्राप्त ग्रेड |
|---|---|---|---|---|---|---|
| १ | सरिता पुन | ३ | ३४ | ९ | ४६ | **A+** |

दोस्रो त्रैमासिक र वार्षिकको आन्तरिक मूल्याङ्कनलाई समेत यसै आधारमा लेखाजोखा गर्न सकिन्छ । ग्रेड सिट तयार गर्ने तरिका लेटर ग्रेडिङ कार्यान्वयन सहयोगी पुस्तिका २०७९ मा दिइएअनुसार गर्नुपर्ने छ ।

# नेपाली (कक्षा ६–८)

## परिचय

भाषा सिकाइका क्रममा विद्यार्थीले प्राप्त गरेका ज्ञान, सिप, अभिवृत्ति, मूल्य र व्यवहारको निरन्तर परीक्षण गरिने प्रक्रिया नै भाषिक मूल्याङ्कन हो । पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ उपलब्धि हासिल भए वा भएनन् भनी लेखाजोखा गर्न मूल्याङ्कन गरिन्छ । भाषिक मूल्याङ्कनले मूलतः विद्यार्थीको भाषिक सिप, भाषिक संरचना र शब्दभण्डारको सिकाइ उपलब्धिको स्तरलाई देखाउँछ । मूल्याङ्कन गर्दा आन्तरिक र बाह्य दुवै प्रक्रिया अवलम्बन गरी विद्यार्थीको सिकाइ उपलब्धिको परीक्षण गर्नुपर्छ ।

आन्तरिक मूल्याङ्कन सिकाइ सहजीकरण प्रक्रियाका क्रममा उपयोग गरिने मूल्याङ्कन हो । यसको मुख्य प्रयोजन सिकाइ सहजीकरणका क्रममा विद्यार्थीका सिकाइ समस्या पहिचान गरेर सिकाइमा सुधार ल्याई निरन्तर पृष्ठपोषण प्राप्त गर्नु पनि हो । आन्तरिक मूल्याङ्कनमा विद्यार्थीको दैनिक उपस्थिति, कक्षाकार्य, व्यक्तिगत तथा समूहकार्य, सिर्जनात्मक कार्य, परियोजना कार्य जस्ता मूल्याङ्कनका आधारलाई प्रयोग गर्नुपर्छ । सुनाइ र बोलाइ सिपअन्तर्गत श्रुतिबोध र श्रुतिलेखन, सुनाइका आधारमा प्रश्नोत्तर, विषयवस्तु वा चित्र वर्णन, कथाकथन, घटना, पात्र र परिवेशको वर्णन, भाषिक प्रकार्यमा आधारित संवाद तथा पढाइ सिपअन्तर्गत सस्वरवाचन र बोध जस्ता सिपसम्बद्ध क्रियाकलाप गराउनुपर्छ । लेखाइ सिपअन्तर्गत निर्देशित लेखन र स्वतन्त्र लेखनका क्रियाकलाप उपयोग गर्नुपर्छ । त्यसैगरी अभिभावक सम्पर्क, घटनावृत्त अभिलेख, विद्युतीय सञ्चार माध्यमबाट उपयुक्त सामग्रीको सङ्कलन र प्रस्तुतीकरण जस्ता माध्यम उपयोग गर्नुपर्छ । यसबाट प्राप्त नतिजालाई अभिलेखीकरण गरी अभिभावकसँगसमेत विद्यार्थीका प्रगतिका बारेमा अन्तरक्रिया गरिनुपर्छ ।

आन्तरिक मूल्याङ्कनपछि गरिने मूल्याङ्कन बाह्य मूल्याङ्कन हो । प्रत्येक शैक्षिक सत्रको अन्त्यमा अन्तिम परीक्षामार्फत बाह्य मूल्याङ्कन गर्नुपर्छ । बाह्य मूल्याङ्कनबाट विद्यार्थीको पढाइ र लेखाइ सिपको उपलब्धि स्तर निर्धारण गरी कक्षोन्नतिका बारेमा निर्णय लिइन्छ । बाह्य मूल्याङ्कनको मूल आधार आन्तरिक मूल्याङ्कनको नतिजा र बाह्य मूल्याङ्कनको योग हो । यस योगले नै विद्यार्थीको सिकाइ उपलब्धि स्तरको अन्तिम मापन गर्छ । यसका लागि आन्तरिक मूल्याङ्कनबाट ५० प्रतिशत र बाह्य मूल्याङ्कनबाट ५० प्रतिशत अङ्कभार निर्धारण गरिएको छ । आन्तरिक मूल्याङ्कनका लागि छुट्याइएको अङ्कभारको विस्तृतीकरण निम्नानुसार छ :

**आधारभूत तह कक्षा ६ र ८ को आन्तरिक मूल्याङ्कनका आधार**

| क्र.स | मूल्याङ्कनका क्षेत्र | मूल्याङ्कनका क्षेत्रको विस्तृतीकरण | अङ्कभार | जम्मा अङ्कभार |
|---|---|---|---|---|
| १. | **उपस्थिति र कक्षा सहभागिता** | उपस्थिति | २ | ४ |
| | | कक्षा सहभागिता | २ | |
| २. | **(क) सुनाइ र बोलाइ** | निर्दिष्ट शब्दमा आधारित श्रुतिलेखन | २ | २० |
| | | निर्दिष्ट विषयवस्तुमा आधारित श्रुतिलेखन | ४ | |
| | | पाठ्यसामग्री सुनाइका आधारमा प्रश्नोत्तर | ४ | |
| | | सान्दर्भिक विषयवस्तु वा चित्रको मौखिक प्रतिक्रिया तथा वर्णन | २ | |
| | | कथाकथन (घटना, पात्र र परिवेश, सन्देश) | ४ | |
| | | भाषिक प्रकार्यमा आधारित प्रस्तुति | ४ | |
| | **(ख) पढाइ र लेखाइ** | सस्वरवाचन | २ | १६ |
| | | पठनबोध | ४ | |
| | | निर्देशित लेखन | २ | |

| | | | | |
|---|---|---|---|---|
| | | प्रतिक्रिया लेखन | २ | |
| | | स्वतन्त्र लेखन | ४ | |
| ३. | **त्रैमासिक परीक्षा** | त्रैमासिक परीक्षा | १० | १० |
| जम्मा | | | | ५० |

## १. सहभागिताको मूल्याङ्कन

सहभागिताबापतको ४ अङ्कभारलाई विद्यार्थीको हाजिरी/उपस्थिति र सिकाइ क्रियाकलापमा सहभागिता तथा सक्रियताको आधारमा मूल्याङ्कन गर्नुपर्छ । सहभागिताबापतको ४ अङ्कभारअन्तर्गत हाजिरी/उपस्थितिबापत २ अङ्कभार र सिकाइ क्रियाकलापमा सहभागिता र सक्रियताबापत २ अङ्कभारमा रुब्रिक्सको आधारमा मूल्याङ्कन गर्नुपर्ने छ । सहभागिताबापत मूल्याङ्कन गर्दा निम्न रुब्रिक्सको प्रयोग गर्न सकिने छ ।

**सहभागिता (उपस्थिति र सिकाइमा सक्रियता र सहभागिता) : ४ अङ्कभार**

| क्षेत्र | आधार | व्याख्या | मापन स्केल | अङ्क वितरण |
|---|---|---|---|---|
| १. | उपस्थिति | ९० प्रतिशत र सोभन्दा बढी उपस्थिति भएमा | सर्वोत्कृष्ट | २ |
| | | ८५ प्रतिशत र सो भन्दा बढी तर ९० प्रतिशतभन्दा कम उपस्थिति भएमा | उत्कृष्ट | १.५ |
| | | ८० प्रतिशत र सो भन्दा बढी तर ८५ प्रतिशतभन्दा कम उपस्थिति भएमा | मध्यम | १ |
| | | ७५ प्रतिशत र सो भन्दा बढी तर ८० प्रतिशतभन्दा कम उपस्थिति भएमा | सामान्य | ०.५ |
| २. | सिकाइमा सक्रियता र सहभागिता | सिकाइमा जिज्ञासा राखेमा, समूह छलफल र अन्तर्क्रियामा सक्रियतापूर्वक भाग लिएमा, आफ्ना विचार निर्बाध र स्वतन्त्र रूपमा प्रस्तुत गरेमा, दिइएका सम्पूर्ण कार्य स्वयम्ले पूरा गरेमा | सर्वोत्कृष्ट | **२** |
| | | सिकाइमा जिज्ञासा राखेमा, समूह छलफल र अन्तर्क्रियामा कम सक्रियतापूर्वक भाग लिएमा, आफ्ना विचार स्वतन्त्र रूपमा प्रस्तुत गरेमा, दिइएका अधिकांश कार्य पूरा गरेमा | उत्कृष्ट | १.५ |
| | | सिकाइमा कम जिज्ञासा राखेमा, समूह छलफल र अन्तर्क्रियामा निर्देशनअनुसार भाग लिएमा, आफ्ना विचार आंशिक रूपमा मात्र प्रस्तुत गरेमा, दिइएका कार्य आधा मात्र पूरा गरेमा | मध्यम | १ |
| | | सिकाइप्रति उदासीन रहेमा, समूह छलफल र अन्तर्क्रियामा सक्रियता नदेखाएमा, आफ्ना विचार प्रस्तुत गर्न साथी वा शिक्षकको सहयोग चाहिएमा, अरूको सहयोगमा दिइएका कार्य पूरा गरेमा | सामान्य | ०.५ |
| | जम्मा | | | |

## २. सुनाइ, बोलाइ र पढाइ, लेखाइ सिपको मूल्याङ्कन (३६ अङ्कभार)

आन्तरिक मूल्याङ्कनमा सुनाइ र बोलाइ, सुनाइ र लेखाइ, चित्र र विषयवस्तुमा आधारित बोलाइ, पढाइ र लेखाइ सिपसम्बद्ध क्रियाकलाप गराउनुपर्छ । सुनाइ र बोलाइ सिपको २० अङ्कभारलाई निर्दिष्ट शब्दमा आधारित श्रुतिलेखनमा २ अङ्क, निर्दिष्ट विषयवस्तुमा आधारित श्रुतिलेखनमा ४ अङ्क, सान्दर्भिक विषयवस्तु वा चित्रको मौखिक प्रतिक्रिया तथा वर्णनमा ३ अङ्क, कथाकथनमा ३ अङ्क र भाषिक प्रकार्यमा आधारित प्रस्तुतिमा ४ अङ्क निर्धारण गरिएको छ । अतः यी सबै पक्षलाई मापन स्केलका आधारमा मूल्याङ्कन गर्नुपर्छ । त्यसैगरी पढाइ र लेखाइ सिपको १६ अङ्कभारलाई सस्वरवाचनमा २ अङ्क, पठनबोधमा ३ अङ्क, अनुलेखनमा २ अङ्क, निर्देशित लेखनमा ३ अङ्क, प्रतिक्रिया लेखनमा ३ अङ्क र स्वतन्त्र लेखनमा ३ अङ्क विभाजन गरी रुब्रिक्सका आधारमा मूल्याङ्कन गर्नुपर्छ तर रुब्रिक्समा उल्लेखित पक्षलाइ समेटी निर्दिष्ट कार्य गरेता पनि त्यसको गुणस्तर पक्ष कमजोर लागेमा शिक्षकले स्वविवेक प्रयोग गर्नुपर्ने छ । मूल्याङ्कनका आधार, परीक्षणीय पक्ष, व्याख्या, मापन स्केल र अङ्क वितरण निम्नानुसार उल्लेख गरिएको छ :

| सुनाइ र बोलाइ<br>अङ्कभार २० | | | | |
|---|---|---|---|---|
| **मूल्याङ्कनका आधार** | **परीक्षणीय पक्ष** | **व्याख्या** | **मापन स्केल** | **अङ्क वितरण** |
| निर्दिष्ट शब्दमा आधारित श्रुतिलेखन | ह्रस्व, दीर्घ, श/ष/स, ब/व, ए/य, छ्य/क्ष, रि/ऋ, हलन्त/अजन्त, शिरबिन्दु, चन्द्रबिन्दु, पञ्चम वर्ण तथा 'र' का विभिन्न रूपको प्रयोग भएका पाठ्यपुस्तकभित्रका ३० ओटा शब्दको श्रुतिलेखन गर्न लगाउने | ह्रस्व, दीर्घ, श/ष/स, ब/व, ए/य, छ्य/क्ष, रि/ऋ, हलन्त/अजन्त, शिरबिन्दु, चन्द्रबिन्दु, पञ्चम वर्ण तथा 'र' का विभिन्न रूपको प्रयोग भएका पाठ्यपुस्तकभित्रका ३० ओटा शब्द श्रुतिलेखन गर्दा २५ वा सोभन्दा बढी शब्द शुद्ध लेखेमा | सर्वोत्कृष्ट | २ |
| | | ह्रस्व, दीर्घ, श/ष/स, ब/व, ए/य, छ्य/क्ष, रि/ऋ, हलन्त/अजन्त, शिरबिन्दु, चन्द्रबिन्दु, पञ्चम वर्ण तथा 'र' का विभिन्न रूपको प्रयोग भएका पाठ्यपुस्तकभित्रका ३० ओटा शब्द श्रुतिलेखन गर्दा २० वा सोभन्दा बढी शब्द शुद्ध लेखेमा | उत्कृष्ट | १.५ |
| | | ह्रस्व, दीर्घ, श/ष/स, ब/व, ए/य, छ्य/क्ष, रि/ऋ, हलन्त/अजन्त, शिरबिन्दु, चन्द्रबिन्दु, पञ्चम वर्ण तथा 'र' का विभिन्न रूपको प्रयोग भएका पाठ्यपुस्तकभित्रका ३० ओटा शब्द श्रुतिलेखन गर्दा १५ वा सोभन्दा बढी शब्द शुद्ध लेखेमा | मध्यम | १ |
| | | ह्रस्व, दीर्घ, श/ष/स, ब/व, ए/य, छ्य/क्ष, रि/ऋ, हलन्त/अजन्त, शिरबिन्दु, चन्द्रबिन्दु, पञ्चम वर्ण तथा 'र' का विभिन्न रूपको प्रयोग भएका पाठ्यपुस्तकभित्रका ३० ओटा शब्द श्रुतिलेखन गर्दा १० वा सोभन्दा बढी शब्द शुद्ध लेखेमा | सामान्य | ०.५ |
| निर्दिष्ट विषयवस्तुमा आधारित श्रुतिलेखन | ८० शब्दसम्मको कुनै (दृष्टांश) अनुच्छेद श्रुतिलेखन गर्न लगाउने | ८० शब्दसम्मको कुनै (दृष्टांश) अनुच्छेद श्रुतिलेखन गर्दा वर्णविन्यास र लेख्य चिह्नमा ५ ओटा वा सोभन्दा कम त्रुटि गरेमा | सर्वोत्कृष्ट | ४ |
| | | ८० शब्दसम्मको कुनै (दृष्टांश) अनुच्छेद श्रुतिलेखन गर्दा वर्णविन्यास र लेख्य चिह्नमा १० ओटा वा सोभन्दा कम त्रुटि गरेमा | उत्कृष्ट | ३ |
| | | ८० शब्दसम्मको कुनै (दृष्टांश) अनुच्छेद श्रुतिलेखन गर्दा वर्णविन्यास र लेख्य चिह्नमा १५ ओटा वा सोभन्दा कम त्रुटि गरेमा | मध्यम | २ |
| | | ८० शब्दसम्मको कुनै (दृष्टांश) अनुच्छेद श्रुतिलेखन गर्दा वर्णविन्यास र लेख्य चिह्नमा १५ ओटाभन्दा बढी त्रुटि गरेमा | सामान्य | १ |

| | | | | |
|---|---|---|---|---|
| सुनाइ पाठका आधारमा प्रश्नोत्तर | सुनाइ पाठ सुनेर मौखिक उत्तर दिन लगाउने | पाठ्यपुस्तकमा दिइएका सुनाइ पाठ सुनेर विषयवस्तु, शुद्धता, ढाँचा र मौलिकतामा आधारित भई स्वतन्त्र र मौलिक रूपमा सबै प्रश्नको उत्तर दिएमा | सर्वोत्कृष्ट | ४ |
| | | पाठ्यपुस्तकमा दिइएका सुनाइ पाठ सुनेर विषयवस्तु, शुद्धता, ढाँचा र मौलिकतामा आधारित भई स्वतन्त्र रूपमा अधिकांश प्रश्नको उत्तर दिएमा | उत्कृष्ट | ३ |
| | | पाठ्यपुस्तकमा दिइएका सुनाइ पाठ सुनेर विषयवस्तु, शुद्धता, ढाँचा र मौलिकतामा आधारित भई सोधिएकामध्ये आधा प्रश्नको उत्तर दिएमा | मध्यम | २ |
| | | पाठ्यपुस्तकमा दिइएका सुनाइ पाठ सुनेर विषयवस्तु, शुद्धता, ढाँचा र मौलिकतामा आधारित भई सोधिएकामध्ये आंशिक प्रश्नको उत्तर दिएमा | सामान्य | १ |
| सान्दर्भिक विषयवस्तु वा चित्रको मौखिक प्रतिक्रिया तथा वर्णन | कुनै विषयवस्तु वा चित्र दिएर मौखिक प्रतिक्रिया दिन वा वर्णन गर्न लगाउने | दिइएको कुनै विषयवस्तु वा चित्रका बारेमा स्पष्टता, प्रस्तुति शैली, शुद्धोच्चारण र हाउभाउसहित मौलिक र स्वतन्त्र रूपमा सिलसिलाबद्ध मौखिक प्रतिक्रिया दिएमा वा वर्णन गरेमा | सर्वोत्कृष्ट | २ |
| | | दिइएको कुनै विषयवस्तु वा चित्रका बारेमा स्पष्टता, प्रस्तुति शैली, शुद्धोच्चारण र हाउभाउसहित स्वतन्त्र रूपमा सिलसिलाबद्ध मौखिक प्रतिक्रिया दिएमा वा वर्णन गरेमा | उत्कृष्ट | १.५ |
| | | दिइएको कुनै विषयवस्तु वा चित्रका बारेमा स्पष्टता, प्रस्तुति शैली, शुद्धोच्चारण र हाउभाउसहित आंशिक रूपमा मौखिक प्रतिक्रिया दिएमा वा वर्णन गरेमा | मध्यम | १ |
| | | दिइएको कुनै विषयवस्तु वा चित्रका बारेमा स्पष्टता, प्रस्तुति शैली, शुद्धोच्चारण र हाउभाउसहित मौखिक प्रतिक्रिया दिन वा वर्णन गर्न कठिनाइ भएमा | सामान्य | ०.५ |
| कथाकथन (विषयवस्तु, घटना, पात्र, परिवेश, सन्देश) | विद्यार्थीलाई कुनै कथा सुन्न वा पढ्न लगाएर मौखिक प्रस्तुति गर्न लगाउने | आफूले सुनेका वा पढेका कुनै कथा स्पष्टसँग सिलसिला, शैली र हाउभाउ मिलाई मौलिक र स्वतन्त्र रूपमा प्रस्तुत गरेमा | सर्वोत्कृष्ट | ४ |
| | | आफूले सुनेका वा पढेका कुनै कथा स्पष्टसँग सिलसिला, शैली र हाउभाउ मिलाई स्वतन्त्र रूपमा प्रस्तुत गरेमा | उत्कृष्ट | ३ |
| | | आफूले सुनेका वा पढेका कुनै कथा स्पष्टसँग सिलसिला, शैली र हाउभाउ मिलाई आंशिक रूपमा प्रस्तुत गरेमा | मध्यम | २ |
| | | आफूले सुनेका वा पढेका कुनै कथा स्पष्टसँग सिलसिला, शैली र हाउभाउ मिलाई प्रस्तुत गर्न कठिनाइ भएमा | सामान्य | १ |

| | | | | |
|---|---|---|---|---|
| भाषिक प्रकार्यमा आधारित प्रस्तुति | पाठ्यपुस्तकभित्रका भाषिक प्रकार्यका अभ्यास गराएर मूल्याङ्कन गर्ने | निर्दिष्ट भाषिक प्रकार्यमा आधारित भई शुद्ध, स्पष्ट, सिलसिलाबद्ध र हाउभाउसहित विषयवस्तुको मौलिक र स्वतन्त्र रूपमा प्रस्तुति दिएमा | सर्वोत्कृष्ट | ४ |
| | | निर्दिष्ट भाषिक प्रकार्यमा आधारित भई शुद्ध, स्पष्ट, सिलसिलाबद्ध र हाउभाउसहित विषयवस्तुको स्वतन्त्र रूपमा प्रस्तुति दिएमा | उत्कृष्ट | ३ |
| | | निर्दिष्ट भाषिक प्रकार्यमा आधारित भई शुद्ध, स्पष्ट, सिलसिलाबद्ध र हाउभाउसहित विषयवस्तुको आंशिक रूपमा प्रस्तुति दिएमा | मध्यम | २ |
| | | निर्दिष्ट भाषिक प्रकार्यमा आधारित भई शुद्ध, स्पष्ट, सिलसिलाबद्ध र हाउभाउसहित विषयवस्तुको प्रस्तुति दिन कठिनाइ भएमा | सामान्य | १ |

| **पढाइ र लेखाइ**<br>**अङ्कभार १६** | | | | |
|---|---|---|---|---|
| **मूल्याङ्कनका आधार** | **परीक्षणीय पक्ष** | **व्याख्या** | **मापन स्केल** | **अङ्क वितरण** |
| सस्वरवाचन | ८० शब्दसम्मको कुनै गद्यांश वा पद्यांश (दृष्टांश) दिएर सस्वरवाचन गर्न लगाउने | ८० शब्दसम्मको कुनै गद्यांश वा पद्यांश ( दृष्टांश) गति, यति, लय, भाव, हाउभाउसहित शुद्धसँग तोकिएको समयमा सस्वरवाचन गरेमा | सर्वोत्कृष्ट | २ |
| | | ८० शब्दसम्मको कुनै गद्यांश वा पद्यांश ( दृष्टांश) गति, यति, लय, भाव, हाउभाउ, शुद्धता र समयमध्ये अधिकांश पक्ष समेटी सस्वरवाचन गरेमा | उत्कृष्ट | १.५ |
| | | ८० शब्दसम्मको कुनै गद्यांश वा पद्यांश ( दृष्टांश) गति, यति, लय, भाव, हाउभाउ, शुद्धता र समयमध्ये आशिंक पक्ष समेटी सस्वरवाचन गरेमा | मध्यम | १ |
| | | ८० शब्दसम्मको कुनै गद्यांश वा पद्यांश ( दृष्टांश) गति, यति, लय, भाव, हाउभाउ, शुद्धता र समय जस्ता तोकिएका पक्ष समेटी सस्वरवाचन गर्न कठिनाइ भएमा | सामान्य | ०.५ |
| पठनबोध | १०० शब्दसम्मको कुनै गद्यांश वा पद्यांश पढ्न लगाएर प्रश्नोत्तर गराउने | १०० शब्दसम्मको कुनै गद्यांश वा पद्यांश ( दृष्टांश) को विषयवस्तु, शुद्धता, ढाँचा मिलाई स्वतन्त्र र मौलिक रूपमा सबै प्रश्नको उत्तर दिएमा | सर्वोत्कृष्ट | ४ |
| | | १०० शब्दसम्मको कुनै गद्यांश वा पद्यांश ( दृष्टांश) को विषयवस्तु, शुद्धता, ढाँचा मिलाई स्वतन्त्र रूपमा अधिकांश प्रश्नको उत्तर दिएमा | उत्कृष्ट | ३ |
| | | १०० शब्दसम्मको कुनै गद्यांश वा पद्यांश ( दृष्टांश) को विषयवस्तु, शुद्धता, ढाँचा मिलाई आधा प्रश्नको उत्तर दिएमा | मध्यम | २ |

| | | | | |
|---|---|---|---|---|
| | | १०० शब्दसम्मको कुनै गद्यांश वा पद्यांश ( दृष्टांश) को विषयवस्तु, शुद्धता, ढाँचा मिलाई मौलिकतासहित प्रश्नको उत्तर दिन कठिनाइ भएमा | सामान्३ | १ |
| अनुलेखन | ८० शब्दसम्मको कुनै अनुच्छेद<br>(दृष्टांश) दिएर अनुलेखन गर्न लगाउने | ८० शब्दसम्मको कुनै अनुच्छेद (दृष्टांश) वर्णविन्यास, लेख्यचिह्न, उपयुक्त अन्तरालसहित बान्की मिलाई जस्ताको त्यस्तै लेखेमा | सर्वोत्कृष्ट | २ |
| | | ८० शब्दसम्मको कुनै अनुच्छेद (दृष्टांश) वर्णविन्यास, लेख्यचिह्न, उपयुक्त अन्तराल र बान्कीमध्ये अधिकांश पक्ष समेटी लेखेमा | उत्कृष्ट | १.५ |
| | | ८० शब्दसम्मको कुनै अनुच्छेद (दृष्टांश) वर्णविन्यास, लेख्यचिह्न, उपयुक्त अन्तराल र बान्कीमध्ये आंशिक पक्ष समेटी लेखेमा | मध्यम | १ |
| | | ८० शब्दसम्मको कुनै अनुच्छेद (दृष्टांश) वर्णविन्यास, लेख्यचिह्न, उपयुक्त अन्तराल र बान्की मिलाई लेख्न कठिनाइ भएमा | सामान्य | ०.५ |
| निर्देशित लेखन | कुनै बुँदा वा घटना दिएर कथा/कविता/जीवनी/संवाद लेख्न लगाउने | बुँदा वा घटनामा आधारित भई संरचना, भाषिक शुद्धता, सिलसिला, सिर्जनात्मकता, मौलिकतासहित स्वतन्त्र रूपमा निर्देशित रचना गरेमा | सर्वोत्कृष्ट | २ |
| | | बुँदा वा घटनामा आधारित भई संरचना, भाषिक शुद्धता, सिलसिला, सिर्जनात्मकता, मौलिकताको संयोजनमा अधिकांश पक्ष ख्याल गरी निर्देशित रचना गरेमा | उत्कृष्ट | १.५ |
| | | बुँदा वा घटनामा आधारित भई संरचना, भाषिक शुद्धता, सिलसिला, सिर्जनात्मकता, मौलिकताको संयोजनमा आंशिक पक्ष मात्र ख्याल गरी निर्देशित रचना गरेमा | मध्यम | १ |
| | | बुँदा वा घटनामा आधारित भई संरचना, भाषिक शुद्धता, सिलसिला, सिर्जनात्मकता, मौलिकताको संयोजन गरी निर्देशित रचना गर्न कठिनाइ भएमा | सामान्य | ०.५ |
| प्रतिक्रिया लेखन | कुनै गद्यांश वा पद्यांश पढ्न दिई प्रतिक्रिया लेख्न लगाउने | निर्दिष्ट गद्यांश वा पद्यांश पढी शुद्धता, तार्किकता, मौलिकतासहित सिलसिलाबद्ध रूपमा स्वतन्त्र किसिमले लिखित प्रतिक्रिया दिएमा | सर्वोत्कृष्ट | २ |
| | | निर्दिष्ट गद्यांश वा पद्यांश पढी शुद्धता, तार्किकता, मौलिकतासहित सिलसिलामध्ये अधिकांश पक्ष समेटी लिखित प्रतिक्रिया दिएमा | उत्कृष्ट | १.५ |
| | | निर्दिष्ट गद्यांश वा पद्यांश पढी शुद्धता, तार्किकता, मौलिकतासहित सिलसिलामध्ये आंशिक पक्ष समेटी लिखित प्रतिक्रिया दिएमा | मध्यम | १ |
| | | निर्दिष्ट गद्यांश वा पद्यांश पढी शुद्धता, तार्किकता, मौलिकतासहित सिलसिला मिलाई अधिकांश पक्ष समेटी लिखित प्रतिक्रिया दिन | सामान्य | ०.५ |

| | | | | |
|---|---|---|---|---|
| | | कठिनाइ भएमा | | |
| स्वतन्त्र लेखन | कुनै शीर्षक दिएर कथा/कविता लेखन गर्न लगाउने | निर्दिष्ट शीर्षकमा आधारित भई संरचना, भाषिक शुद्धता, सिलसिला र सिर्जनात्मक प्रस्तुतिसहित स्तरीय मौलिक रचना गरेमा | सर्वोत्कृष्ट | ४ |
| | | निर्दिष्ट शीर्षकमा आधारित भई संरचना, भाषिक शुद्धता, सिलसिला र सिर्जनात्मक प्रस्तुतिसहित मौलिक रचना गरेमा | उत्कृष्ट | ३ |
| | | निर्दिष्ट शीर्षकमा आधारित भई संरचना, भाषिक शुद्धता, सिलसिला र सिर्जनात्मक पक्षमध्ये आंशिक पक्ष मात्र समेटी रचना गरेमा | मध्यम | २ |
| | | निर्दिष्ट शीर्षकमा आधारित भई संरचना, भाषिक शुद्धता, सिलसिला र सिर्जनात्मक पक्ष समेटी रचना गर्न कठिनाइ भएमा | सामान्य | १ |

### ३. त्रैमासिक परीक्षा

तीन महिनाको पठनपाठनपश्चात् संज्ञानात्मक क्षेत्रका सिकाइ उपलब्धिको लेखाजोखा गर्नका लागि विशिष्टीकरण तालिकाका आधारमा सबै तह र प्रकारका प्रश्न तयार गर्नुपर्छ । पहिलो त्रैमासिक परीक्षा ३० पूर्णाङ्कको लिन सकिने छ तर त्यसलाई १० अङ्कभारमा रूपान्तरण गर्नुपर्ने छ । त्यसै गरी दोस्रो त्रैमासिक परीक्षा ५० पूर्णाङ्कमा लिनुपर्ने छ र त्यसलाई पनि १० अङ्कभारमा रूपान्तरण गर्नुपर्ने छ । दोस्रो त्रैमासिक (अर्धवार्षिक) परीक्षा लिदा सुरु एकाइदेखि पठनपाठन भएका एकाइसम्मका सबै एकाइबाट प्रश्न सोध्नुपर्ने छ । त्रैमासिक परीक्षा विद्यार्थीको सिकाइ सुधारका लागि आन्तरिक मूल्याङ्कनका रूपमा लिनुपर्ने छ ।

**आन्तरिक मूल्याङ्कनका लागि ध्यान दिनुपर्ने पक्ष**

आन्तरिक मूल्याङ्कनका लागि प्रत्येक त्रैमासिक वा वार्षिक रूपमा मूल्याङ्कन गर्दा तोकिएको पूर्णाङ्कमा गर्नुपर्छ । जस्तै : सहभागिताको ४ अङ्कभार, प्रयोगात्मक कार्यका लागि ३६ अङ्कभार र त्रैमासिकका लागि १० अङ्कभार निर्धारण गरिएको छ ।

**१. सहभागिताबापतको ४ अङ्कभारका लागि**

(क) पहिलो त्रैमासिक अवधिसम्मको सहभागिता वापत ४ अङ्कभारमा मूल्याङ्कन गरी प्राप्त अङ्क अभिलेखीकरण गर्ने

(ख) दोस्रो त्रैमासिक अवधिका लागि सहभागिता वापत ४ अङ्कभारमा मूल्याङ्कन गरी प्राप्त अङ्क अभिलेखीकरण गर्ने

(ग) दोस्रो त्रैमासिक अवधिपश्चात्को अवधिका लागि सहभागिता वापत ४ अङ्कभारमा मूल्याङ्कन गरी प्राप्त अङ्कको अभिलेखीकरण गर्ने

(घ) सहभागितावापतको वार्षिक अङ्कभार ४ भएकाले माथि उल्लिखित (क), (ख) र (ग) मा प्राप्त अङ्कलाई जोडेर ४ ले भाग गर्दा वार्षिक ४ अङ्कभारमा विद्यार्थीले प्राप्त गरेको सहभागितावापतको अङ्क प्राप्त हुन्छ । उदाहरणका लागि पहिलो त्रैमासिकमा कुनै विद्यार्थीले सहभागिताबापत २.५ अङ्क, दोस्रो त्रैमासिकको अवधिमा सहभागितावापत ३ अङ्क र दोस्रो त्रैमासिकपश्चात्को अवधिमा सहभागितावापत ३.५ प्राप्त गरेमा वार्षिक रूपमा उक्त विद्यार्थीले २.५®३®३.५ = ९/३ = ३ अङ्क प्राप्त गर्छ ।

**२. भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) मूल्याङ्कनका लागि**

(क) पहिलो त्रैमासिक अवधिसम्ममा जति पाठ पढाइ हुन्छ ती पाठमा आधारित भएर भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) अन्तर्गत तोकिएका मूल्याङ्कनका आधारअनुसार मूल्याङ्कन गरी प्राप्त अङ्क अभिलेखीकरण गर्ने

(ख) दोस्रो त्रैमासिक अवधिसम्ममा जति पाठ पढाइ हुन्छ ती पाठमा आधारित भएर भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) अन्तर्गत तोकिएका मूल्याङ्कनका आधारअनुसार मूल्याङ्कन गरी प्राप्त अङ्क अभिलेखीकरण गर्ने

(ग) तेस्रो त्रैमासिक अवधिसम्ममा जति पाठ पढाइ हुन्छ ती पाठमा आधारित भएर भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) अन्तर्गत तोकिएका मूल्याङ्कनका आधारअनुसार मूल्याङ्कन गरी प्राप्त अङ्क अभिलेखीकरण गर्ने

(घ) वार्षिक रूपमा भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को अभिलेखीकरण गर्दा

पहिलो त्रैमासिक अवधिमा भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को मूल्याङ्कन गर्दा प्राप्त गरेको अङ्क राख्ने । जस्तै : पहिलो त्रैमासिकमा कुनै विद्यार्थीको ३६ मा ३४ अङ्क प्राप्त भयो ।

दोस्रो त्रैमासिक अवधिमा भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को मूल्याङ्कन गर्दा प्राप्त गरेको अङ्क राख्ने । जस्तै : दोस्रो त्रैमासिकमा कुनै विद्यार्थीको ३६ मा ३३ अङ्क प्राप्त भयो ।

तेस्रो त्रैमासिक अवधिमा भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को मूल्याङ्कन गर्दा प्राप्त गरेको अङ्क राख्ने । जस्तै : तेस्रो त्रैमासिकमा कुनै विद्यार्थीको ३६ मा ३५ अङ्क प्राप्त भयो ।

तीनओटै त्रैमासिकको औसत अङ्क निकाल्ने, जस्तै : ३४+३३+३५ = १०२/३ = ३४ अङ्क प्राप्त भयो ।

## ३. त्रैमासिक परीक्षाको लागि

संज्ञानात्मक क्षेत्रका सिकाइ उपलब्धिको मापन गर्न त्रैमासिक परीक्षा र बाह्य/अन्तिम परीक्षा कायम गरिएको छ । त्रैमासिक परीक्षाका लागि जम्मा अङ्कभार १० भएकाले पहिलो र दोस्रो त्रैमासिक परीक्षा १०/१० अङ्कभार नै गर्नुपर्ने हुन्छ । जति बढी अङ्कभारमा परीक्षा सञ्चालन गरियो अर्थात् जति धेरै विषयवस्तुलाई समेटी परीक्षा सञ्चालन गरियो त्यति बढी विषयगत वैधता हुने भएकाले पहिलो त्रैमासिक परीक्षाको लागि ५० पूर्णाङ्कमा परीक्षा सञ्चालन गरी तोकिएको १० अङ्कभारमा रूपान्तरण गर्ने र दोस्रो त्रैमासिक परीक्षाका लागि ५० पूर्णाङ्कमा परीक्षा सञ्चालन गरी तोकिएको १० अङ्कभारमा रूपान्तरण गर्न सकिन्छ ।

त्रैमासिक परीक्षाको वार्षिक अङ्कभार १० भएकाले पहिलो त्रैमासिक परीक्षामा पाएको अङ्कभारलाई आधा गर्ने र दोस्रो त्रैमासिक परीक्षामा अङ्कभारलाई आधा गरी जम्मा १० अङ्कभारमा पाएको अङ्क राख्ने । जस्तै : पहिलो त्रैमासिक परीक्षा ५० पूर्णाङ्कमा कुनै विद्यार्थीले ४५ पाएको थियो र १० मा रूपान्तरण गर्दा ९ अङ्क प्राप्त भयो । त्यसै गरी दोस्रो त्रैमासिक परीक्षा ५० पूर्णाङ्कमा उक्त विद्यार्थीले ४५ अङ्क पायो र १० मा रूपान्तरण गर्दा ९ अङ्क प्राप्त भयो । वार्षिक रूपमा त्रैमासिक परीक्षाको अङ्क निकाल्दा प्रत्येक त्रैमासिकमा पाएको अङ्कलाई आधा आधा गरेर राख्ने वा दुवै त्रैमासिक परीक्षामा प्राप्त गरेको अङ्क जोडेर २ ले भाग गर्ने । जस्तै माथि दिइएको विवरणअनुसार पहिलो र दोस्रो त्रैमासिक परीक्षामा विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्क क्रमशः ९®९ भने औसत अङ्क = १८/२ = ९ भयो ।

**नेपाली विषयको त्रैमासिक रूपमा नतिजा निकाल्दा (माथिको विवरणका आधारमा)**

| क्र.स. | विद्यार्थीको नाम | सहभागिता (४) | भाषिक सिप (३६) | त्रैमासिक परीक्षा (१०) | जम्मा प्राप्ताङ्क (५०) | प्राप्त ग्रेड |
|---|---|---|---|---|---|---|
| १ | सरिता पुन | ३ | ३४ | ९ | ४६ | **A+** |
| | | | | | | |

दोस्रो त्रैमासिक र वार्षिकको आन्तरिक मूल्याङ्कनलाई समेत यसै आधारमा लेखाजोखा गर्न सकिन्छ । ग्रेड सिट तयार गर्ने तरिका लेटर ग्रेडिङ कार्यान्वयन सहयोगी पुस्तिका २०७९ मा दिइएअनुसार गर्नुपर्ने छ ।

# Subject: English (Grade 4-8)

**Introduction**

This guideline for internal assessment is fully based on the approved English curriculum for Grade 4-8. The main aim of developing the guideline is to assist teachers for effective implementation of the internal assessment provision envisioned by the curriculum. The curriculum has stated the following provisions to be carried out for internal assessment.

| **S. N.** | **Assessment area** | **Weightage** |
|---|---|---|
| a | Participation (attendance: 2 and students' performance in teaching learning activities: 2) | 4 |
| b | Reading and writing (Each skill carries 50% weightage) | 16 |
| c | Listening and speaking (Each skill carries 50% weightage) | 20 |
| d | Terminal test | 10 |

The curriculum has indicated that scores from formative assessment will be taken as the basis of internal assessment. For this, portfolio of each student should be maintained by the teacher. The portfolio consists of the details on students' performance in different assessment areas given above. The record of student's project work, test papers or other proof of the students' performance should be kept in his/her portfolio. The allocation of weightage under each of the assessment areas will be as specified below:

**a. Participation (PAR)**

Participation of learners is to be assessed on the basis of attendance and students' performance in teaching learning activities. Both carry 2 marks which are assessed based on the following indicators.

| SN | Criteria | Indicator | Mark | Obtained mark |
|---|---|---|---|---|
| 1. | Attendance | 90% and above attendance | 2 | |
| | | 85% to below 90% of attendance. | 1.5 | |
| | | 80% to below 85% of attendance | 1 | |
| | | 75% to below 80% of attendance. | 0.5 | |
| 2. | Students' performance in teaching learning activities | Be very curious in learning, have a thorough frequent interaction in discussion, present own creative views and ideas in all activities, complete the entire task oneself | 2 | |
| | | Be curious in learning, have frequent interaction in discussion, present own creative views and ideas in most of the activities, complete the most of the task oneself | 1.5 | |
| | | Be somehow curious in learning, have some interaction in discussion, present views and ideas in some of the activities, complete the partial task oneself or completes the task with other's help | 1 | |
| | | Be less curious in learning, have less interaction in discussion, present partial views and ideas in some of the activities , unable to complete the even the partial task oneself or with other's help | 0.5 | |
| Total | | | 4 | |

**b. Listening and Speaking (LS)**

Testing of listening and speaking skills is included in the internal assessment. As per the curricular provision, teachers need to prepare listening and speaking tasks themselves or they can use the tasks from the textbook so as to assess the students' performance. Assessing listening and speaking for internal assessment is an integral part of teaching learning process. It is a part of assessment for learning. It does not assume to carry out a separate and different test. The teacher can design some additional tasks similar to the task given in the textbook and use those additional tasks for internal assessment purposes. However, it is mandatory for the teacher to maintain the portfolio of the students how and through which tasks they assessed students for internal assessment purpose. While assessing, the tasks should cover the learning outcomes of the assessment period. The suggested tasks for testing listening and speaking skills are as follows:

**Number of Tasks for Listening and Speaking: 5 (5*4=20 marks)**

The teacher assesses the students' progress continuously. However, to ease the teacher in keeping record of internal assessment, the teacher should at least maintain the records of students' performance on five of the following types of tasks terminally so that they can be presented as a proof of the performance. It helps to indicate the progress of the students and do the remedial treatment accordingly. Among 5 tasks, there will be 2 listening tasks, two speaking task; and one integrated task which will incorporate both listening and speaking skills. These all tasks carry 4 marks each.

**Task Types:**

**Listening Tasks (Any two):**

1. Listen and Answer (can repeat if other types are not possible in the particular assessment period)
2. Listen and say
3. Listen and write
4. Listen and Draw
5. Listen and Follow
6. Listen and Act
7. Listen and respond

These are some of the suggested tasks. Teacher can use other types of task as well.

For assessing listening skill, teacher will use two sound files or audios based on which they will design the above mentioned types of tasks. There should be four questions based on a sound file for a task and it will carry 4 marks for responding all four questions correctly. Two sound files and two tasks mean 8 questions which carry 8 marks. The record of the task and students' performance should be maintained in portfolios.

The tasks, assessment criteria, descriptor or indicators and marking guide are given in the table below. According to the task type and criteria, the teacher can use the respective marking indicator. For example, if a teacher has developed 'Listen and answer' type of task to assess students' comprehension, he/she can use the marking indicator of the criteria 'Comprehension' and mark 4, 3, 2 or 1 according to their performance. However, a certain task can be assessed through multiple criteria and a teacher can follow them. In such case, an average is to be made for record keeping of the marks.

| SN | Tasks | Criteria | Descriptor/Indicator | Mark | Obtained mark |
|---|---|---|---|---|---|
| 1. | Listen and Answer/ Listen and say/ Listen and write | Comprehension | Student understands all of the message from the spoken text. | 4 | |
| | | | Student understands most of the message from the spoken text. | 3 | |
| | | | Student understands some of the message from the spoken | 2 | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | text but not all. | | |
| | | | Student understands few of the main ideas or details from the spoken text. | 1 | |
| 2. | Listen and draw/ Listen and follow/ Listen and act | Following direction | Student follows all of the directions/instructions accurately. | 4 | |
| | | | Student follows most of the directions/instructions accurately. | 3 | |
| | | | Student follows some of the directions/instructions but not all. | 2 | |
| | | | Student tries to follow directions/instructions. | 1 | |
| 3. | Listen and respond | Response | Student gives completely appropriate and full responses. | 4 | |
| | | | Student gives mostly appropriate responses. | 3 | |
| | | | Student gives somewhat appropriate responses. | 2 | |
| | | | Student tries to give responses but responses are not appropriate. | 1 | |
| | | Total | | | |

**Speaking Tasks (Any two)**

1. Picture description
2. Topic Description (People, place, object)
3. Interview
4. Narrating past events
5. Retelling stories
6. Act out/Role play
7. Presentation of a project work

These are some common and suggested tasks. However, teacher can use many other types of tasks as well.

For assessing speaking skill, teacher will design or use any two of the above mentioned type of tasks and maintain the record. One task will carry 4 marks and it will be assessed based on the given rubrics.

| SN | Tasks | Descriptor/Indicator | Mark | Obtained mark |
|---|---|---|---|---|
| 1. | Speaking task and project work presentation | Pronunciation is clear and appropriate.<br>Speech is smooth and the speed is normal.<br>Vocabulary is correct and appropriate to the context.<br>Grammar is accurate. | 4 | |
| | | Pronunciation is mostly clear and appropriate.<br>Speech is mostly smooth and the speed is normal.<br>Vocabulary is mostly correct and appropriate to the context<br>Grammar is accurate most of the time and does not affect understanding. | 3 | |
| | | Pronunciation is somewhat clear but needs improvement. | 2 | |

| | | | | |
|---|---|---|---|---|
| | | Speech is somewhat smooth with some pauses.<br>Vocabulary is somewhat correct and appropriate to the context.<br>Vocabulary is limited and often inappropriate to the context. | | |
| | | Pronunciation is inappropriate.<br>Speech is slow and contains several pauses.<br>Vocabulary is limited and often inappropriate to the context.<br>Several grammatical errors make speech difficult to understand. | 1 | |
| Total | | | | |

**Integrated Task (One)**

This task includes talking or having conversations in relation to the language function or real situation including situational role play, act out, etc. For this, teacher should design such tasks in which two or more students talk (listen and respond) in relation to created situation for using the exponents of a language function. This tests both skills of both students at a time. Therefore, this task should incorporate both listening and speaking skills. The following indicators can be used for marking students' performance in this type of task.

| Task | Criteria | Descriptor/Indicator | Mark | Mark Obtained |
|---|---|---|---|---|
| Integrated task | Listen, ask and respond | Student listens, initiates questions and gives completely appropriate and full responses. | 4 | |
| | | Student listens, initiates questions and gives mostly appropriate responses. | 3 | |
| | | Student listens, initiates questions and gives somewhat appropriate responses. | 2 | |
| | | Student listens, tries to initiate questions and tries to give responses but questions and responses are not appropriate. | 1 | |
| Total | | | | |

The tasks should cover the learning outcomes of the assessment period. The teacher should design the appropriate tasks themselves or make use of some of the tasks from the textbook. The suggested tasks for assessing reading and writing are as follows:

Number of Tasks, Reading and Writing: 4 (4*4=16)

**Task Types**

**Reading (Any two):**

1. Reading aloud a text of about 100 words ( for fluency and accuracy)
2. Reading comprehension and vocabulary (oral and written)

Teaching reading aims to develop different sub-skills of reading. Therefore, different aspects like accuracy, fluency, vocabulary and reading comprehension are assessed in terms of reading. An English teacher can

design tasks to assess these aspects and skills of reading. Any task a teacher designs should have four questions so that it can be marked 4.

To assess the skills of fluency, accuracy, vocabulary and reading comprehension, teacher will select a reading text grade appropriate to the level, and design 4 questions based on it, which will carry 4 marks. The reading comprehension test can be designed based on the different types of reading text: story, brochure, biography, notice, letter, news stories, etc. The questions' types can be short answer questions, true false, matching, fill in the blanks, multiple choice, ordering, etc. The questions should cover literal comprehension, reorganization, inference and evaluation skills.

The general marking guideline is given herewith. The teacher may decide which aspect he/she will be assessing in students and use the marking guideline accordingly.

| SN | Tasks | Criteria | Descriptor/Indicator | Mark | Obtained mark |
|---|---|---|---|---|---|
| 1. | Reading aloud a text of about 100 words | Fluency | Reading is smooth with appropriate expressions. | 4 | |
| | | | Reading is mostly smooth with some expressions. | 3 | |
| | | | Reading is somewhat smooth with limited expression. | 2 | |
| | | | Reading is slow with several pauses and no expression. | 1 | |
| 2. | Reading aloud a text of about 100 words | Accuracy | Student can read all the words in the given text accurately. | 4 | |
| | | | Student can read most of the words accurately. | 3 | |
| | | | Student can read some words accurately but not all. | 2 | |
| | | | Student is unable to read most of the words accurately. | 1 | |
| 3. | Reading comprehension (oral/written) | Comprehension | Student is able to understand all the information in the given text. | 4 | |
| | | | Student is able to understand most of the information in the given text. | 3 | |
| | | | Student is able to understand some parts of the text but not all. | 2 | |
| | | | Student is able to understand very little of the text. | 1 | |
| 4 | Reading comprehension and vocabulary | Vocabulary | Student is able to understand all the words used in the text. | 4 | |

| | | | | | |
|---|---|---|---|---|---|
| | (Vocabulary) | | Student is able to understand most of the words used in the text. | 3 | |
| | | | Student is able to understand some of the words used but not all. | 2 | |
| | | | Student is able to understand very few words used. | 1 | |
| Total | | | | | |

**Writing Tasks (Any two)**

1. Controlled/guided writing (Developing story, form filling, dialogue, description of table, graph, diagram, etc.)
2. Free writing (Paragraph, letter, application, news story, essay, etc.)
3. Writing project work

There will be two writing tasks: one controlled/guided writing and second free writing. The types of writing will be as per the types dealt in the teaching learning process during the period. Students writing should be assessed in terms of content, structure and organization, vocabulary and grammar, and spelling and punctuation.

**The following guideline can be used for assessing students' writing:**

| **SN** | **Descriptors/indicators** | | | | **Mark** | **Mark Obtained** |
|---|---|---|---|---|---|---|
| | **Content** | **Structure and Organization** | **Vocabulary and Grammar** | **Spelling and Punctuation** | | |
| 1. | Writing has relevant and sufficient content. | Writing has a clear structure and logical organization. | There is use of grade-appropriate words. Grammar is accurate throughout the text. | There is an accurate use of punctuation and spelling throughout the text. | 4 | |
| 2. | Writing has mostly relevant and sufficient content. | Writing has mostly clear structure and logical organization. | There is use of grade-appropriate words. Grammar is accurate most of the time. | Punctuation and spelling is correct most of the time. | 3 | |
| 3. | Writing has some content but needs improvement. | Writing has some structure but the organization needs improvement. | There is the use of some grade-appropriate words. Grammar is mostly inaccurate. | There are some errors in punctuation and spelling. | 2 | |
| 4. | Writing lacks sufficient content and relevant ideas. | Writing lacks a clear structure and is difficult to understand. | There is the use of limited and often inappropriate words, grammar is inaccurate. | There are several errors in punctuation and spelling. | 1 | |
| Total | | | | | | |

It is mandatory for the teachers to maintain the record of the tasks used for assessing students' performance so that it can be presented as portfolio or evidences when asked later.

**d. Terminal Test**

Terminal test carries 10% marks of marks in the external assessment. At least two terminal tests should be administered and its record should be kept for the external examination. The full marks and weight of written examination of reading and writing (including grammar) will be as per the specification grid developed by Curriculum Development Centre. However, it won't be mandatory to include all the writing and grammatical items if they are not taught or introduced at the time of terminal test. The marks obtained in the terminal test should be converted to 10% and kept record for the final examination. If there are two terminal tests, each terminal test will weigh 5 percent. If there are more than two terminal tests, number of any two terminal tests will have to be calculated for the final examination or grade sheet.

**General Considerations in Internal Assessment**

Internal assessment will be done as a part of teaching learning process. However, for the record keeping purpose, the above mentioned number of tasks should be done at least once during the timeframe of each terminal examination and obtained marks should be recorded in the portfolio. For example, in the duration of first terminal examination, 5 listening and speaking tasks, 2 reading tasks and 2 writing tasks as specified above should be used to assess students' performance as an internal assessment. If more than than once is done during a terminal, an average mark for each assessment areas should be made.

Students' performance in the internal assessment can be recorded as follows:

| First/Second Terminal | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| SN | Students Name | PAR (4) | LS (20) | RW (16) | Terminal Examination (10) | Total marks obtained | Obtained Grade |
| | | | | | | | |
| | | | | | | | |

The grade sheet should be prepared as per the Letter Grading Implementation Support Manual 2079.

# विषय : गणित (कक्षा ४- ८)

## परिचय

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन अवलम्बन गर्नुपर्ने छ । आन्तरिक मूल्याङ्कनलाई निर्माणात्मक/ निरन्तर मूल्याङ्कनका रूपमा र सिकाइका लागि मूल्याङ्कनका रूपमा स्थापित गर्दै बाहृय मूल्याङ्कनलाई सैद्धान्तिक मूल्याङ्कनका रूपमा लिइएको छ । आन्तरिक

मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ स्तरमा सुधार गर्नु हो । यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटक पटक सिकाइ अवसर प्रदान गर्नुपर्ने हुन्छ । यसरी गरिने मूल्याङ्कनमा विद्यार्थीको उपलब्धिको नियमित अभिलेख राखी सिकाइ अवस्था यकिन गरी सुधारात्मक तथा उपचारात्मक सिकाइबाट सुधार गर्ने पक्षमा जोड दिन्छ ।

आन्तरिक मूल्याङ्कनको ५० प्रतिशत र अन्तिम/बाहृय परीक्षाको ५० प्रतिशत भार कायम गरी निर्णयात्मक मूल्याङ्कन हुनेछ । निर्णयात्मक मूल्याङ्कनको प्रयोजनार्थ आन्तरिक मूल्याङ्कन अन्तर्गत कक्षा सहभागिता, त्रैमासिक परीक्षाहरू र प्रयोगात्मक कार्य/परियोजना कार्यहरूमा विद्यार्थीले प्राप्त गरेका अङ्कहरूलाई आधार मान्नुपर्ने छ । आन्तरिक मूल्याङ्कनबाट प्राप्त अङ्कलाई पृष्ठपोषण प्रदान गरी विद्यार्थीको सिकाइमा सुधार ल्याउनका लागि प्रयोग गर्नुपर्ने छ ।

निर्णयात्मक मूल्याङ्कनको प्रयोजनार्थ आन्तरिक मूल्याङ्कनका आधार यसप्रकार रहेका छन् :

| क्र.स. | आन्तरिक मूल्याङ्कनका आधार | अङ्कभार |
|---|---|---|
| १. | कक्षा सहभागिता | ४ |
| २. | त्रैमासिक परीक्षाबाट प्राप्त अङ्क | १० |
| ३. | प्रयोगात्मक कार्य/परियोजना कार्य | ३६ |
| जम्मा | | ५० |

### (अ) कक्षा सहभागिता

कक्षा सहभागिताको जम्मा अङ्क ४ रहेको छ जुन विद्यार्थीको हाजिरी र कक्षा क्रियाकलापमा भएको सहभागिताका आधारमा प्रदान गर्नुपर्ने छ ।
विद्यार्थीको कक्षा सहभागिताको स्तरलाई निम्नानुसार अङ्कन गर्नुपर्ने छ :

| क्षेत्र | आधार | सूचक | अङ्क | प्राप्ताङ्क |
|---|---|---|---|---|
| १. | उपस्थिति | ९० प्रतिशत र सोभन्दा बढी उपस्थिति भएमा | २ | |
| | | ८५ प्रतिशत र सोभन्दा बढी तर ९० प्रतिशतभन्दा कम उपस्थिति भएमा | १.५ | |
| | | ८० प्रतिशत र सोभन्दा बढी तर ८५ प्रतिशतभन्दा कम उपस्थिति भएमा | १ | |
| | | ७५ प्रतिशत र सोभन्दा बढी तर ८० प्रतिशतभन्दा कम उपस्थिति भएमा | ०.५ | |
| २. | सिकाइमा सहभागिता | सिकाइमा जिज्ञासा राखेमा, अन्तरक्रियामा भाग लिएमा, आफ्नो विचार निर्बाध प्रस्तुत गरेमा, दिइएका कार्य पूरा गरेमा | २ | |
| | | उल्लिखितमध्ये कुनै ३ ओटा कार्य गरेमा | १.५ | |
| | | उल्लिखितमध्ये कुनै २ ओटा कार्य गरेमा | १ | |
| | | उल्लिखितमध्ये कुनै १ ओटा कार्य गरेमा | ०.५ | |
| जम्मा | | | | |

**(आ) त्रैमासिक परीक्षाबाट प्राप्त अङ्क**

त्रैमासिक परीक्षा पनि आन्तरिक मुल्याङ्कनकै एक अङ्ग भएकाले विद्यालयले लिने त्रैमासिक परीक्षाका अङ्कलाई पनि आन्तरिक मूल्याङ्कन अन्तर्गत नै समावेश गर्नुपर्ने छ । प्रत्येक कक्षामा कम्ती दुई पटक त्रैमासिक परीक्षा सञ्चालन गर्नुपर्ने छ । त्रैमासिक परीक्षा सञ्चालन गर्दा पठनपाठन भएका हरेक एकाइ/पाठको पठनपाठनपश्चात् पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धिलाई समेट्ने गरी तोकिएको विशिष्टीकरण तालिकालाई आधार बनाई संज्ञानात्मक तहको अङ्कभारमा अनुपात मिल्ने गरी प्रश्नपत्र निर्माण गर्नुपर्ने छ । यसरी सञ्चालन गरिएको त्रैमासिक परीक्षाको अङ्कलाई १० अङ्कभारमा रूपान्तरण गर्नुपर्ने छ । (उदाहरणका लागि ५० प्रतिशत पूर्णाङ्कमा परीक्षा सञ्चालन गरिएको अवस्थामा विद्यार्थीले प्राप्त गरेको अङ्कलाई १० अङ्कभारमा रूपान्तरण गर्ने) ।

**(इ) प्रयोगात्मक कार्य/परियोजना कार्य**

प्रत्येक विद्यार्थीले पाठयक्रम र पाठ्यपुस्तकमा भएका सबै विषयवस्तुको क्षेत्रअन्तर्गत समावेश भएका प्रयोगात्मक कार्य/परियोजना कार्य गर्नुपर्ने छ र ती कार्यहरूलाई कक्षामा प्रस्तुत गर्नुपर्ने छ । विद्यार्थीले गरेका प्रत्येक प्रयोगात्मक कार्य/परियोजना कार्यको सञ्चालन, प्रस्तुतीकरण र अभिलेखीकरणको मूल्याङ्कनका लागि रुब्रिक्स/श्रेणी मापनको प्रयोग गरी अङ्क दिदै जानुपर्ने छ । यसरी प्राप्त विद्यार्थीका प्राप्ताङ्कलाई एकाइगत रूपमा प्रयोगात्मक कार्य/परियोजना कार्यको समग्र मूल्याङ्कन फारममा भर्दै जानुपर्ने छ । साथै यसका अभिलेखलाई एउटा फाइलमा व्यवस्थित गरी राख्नुपर्ने छ ।

प्रयोगात्मक कार्य/परियोजना कार्यको मूल्याङ्कनका आधार

| क्र.स. | कार्य विवरण | आधार | अङ्क |
|---|---|---|---|
| | प्रयोगात्मक कार्य/परियोजना कार्य | प्रयोगात्मक कार्य/परियोजना कार्य सञ्चालन र कार्यसम्पादन (गणितीय ज्ञानको शुद्धता, कार्य सम्पन्नता, छलफलमा सहभागिता, सामग्रीको स्तरीयता र समयसीमा) | २० |
| | | प्रस्तुतीकरण र अभिलेखीकरण | १६ |

माथि दिइएका मूल्याङ्कनका आधारअनुसार प्रयोगात्मक कार्य/परियोजना कार्यको कार्यसम्पादन स्तरलाई निम्नअनुसार अङ्कन गर्नुपर्ने छ :

(क) प्रयोगात्मक कार्य/परियोजना कार्य सञ्चालन र कार्यसम्पादन स्तरका लागि अङ्कनको आधार

| क्षेत्र | आधार | सूचक | अङ्क | प्राप्ताङ्क |
|---|---|---|---|---|
| १. | गणितीय ज्ञानको शुद्धता | गणितीय वाक्य वा अवधारणाहरूको कुनै त्रुटिबिना सही र स्पष्ट रूपमा कार्य गरेमा | ४ | |
| | | गणितीय वाक्य लेख्दा वा सङ्केतीकरणमा सामान्य त्रुटि भए तापनि सही तरिकाबाट कार्य गरेमा | ३ | |
| | | सङ्केतीकरणमा सामान्य त्रुटि र उत्तर गलत लेखिए तापनि सही तरिकाबाट कार्य गरेमा | २ | |
| | | गणितीय अवधारणा वा सङ्ख्या वा सङ्केतमा लेख्दा त्रुटि भएमा वा सही तरिकाबाट कार्य गर्न नसकेमा | १ | |
| २. | सामग्रीको स्तरीयता | तयार गरिएको सामग्री (जस्तैः :चार्ट पेपरमा प्रस्तुतीकरण, निर्माण गरिएको सामग्री आदि) उत्कृष्ट, आकर्षक, उपयुक्त र स्पष्ट भएमा | ४ | |
| | | तयार गरिएको सामग्री आकर्षक, उपयुक्त र स्पष्ट भएमा | ३ | |
| | | तयार गरिएको सामग्री स्पष्ट र त्रुटिरहित भएमा | २ | |
| | | तयार गरिएको सामग्रीमा त्रुटि भएमा | १ | |

| | | | | |
|---|---|---|---|---|
| ३. | छलफलमा सहभागिता | साथीहरूसँगको छलफल तथा अन्तरक्रियामा सक्रिय सहभागी भई समूहमा आफ्नो जिम्मेवारी पूरा गरेमा | ४ | |
| | | साथीहरूसँगको छलफल तथा अन्तरक्रियामा सक्रिय सहभागी भई समूहमा आफ्नो जिम्मेवारी अधिकांश पूरा गरेमा | ३ | |
| | | साथीहरूसँगको छलफल तथा अन्तरक्रियामा औसत रूपमा सक्रिय सहभागी भई समूहमा आफ्नो जिम्मेवारी कहिलेकाहीँ मात्र पूरा गरेमा | २ | |
| | | साथीहरूसँगको छलफल तथा अन्तरक्रियामा न्यून सहभागी भई समूहमा आफ्नो जिम्मेवारी पूरा नगरेमा | १ | |
| ४. | कार्यसम्पन्नता | तोकिएका कार्य निर्देशनअनुसार सही र उपयुक्त तरिकाबाट सम्पन्न गरेमा | ४ | |
| | | तोकिएको कार्य निर्देशनअनुसार सही तरिकाबाट सम्पन्न गरेमा | ३ | |
| | | कार्यहरू औसत सही र निर्देशनअनुसार औसत रूपमा उपयुक्त तरिकाबाट सम्पन्न गरेमा | २ | |
| | | कार्यमा सहभागिता जनाएको तर कार्य सम्पन्न नगरेमा | १ | |
| ५. | समय सीमा | चरणबद्ध रूपमा तोकिएकै समयमा कार्य सम्पन्न गरेमा | ४ | |
| | | चरणबद्ध रूपमा तोकिएको भन्दा केही बढी समय लगाएर कार्य सम्पन्न गरेमा | ३ | |
| | | तोकिएको भन्दा केही बढी समय लगाएर कार्य गरेको भए तापनि चरणबद्ध रूपमा कार्य गर्न समस्या भएमा | २ | |
| | | तोकिएको भन्दा केही बढी समय लगाएर कार्य गरेको भए तापनि चरणबद्ध रूपमा कार्य गर्न शिक्षकको पूर्ण सहयोग आवश्यक भएमा | १ | |
| | | जम्मा | | |

(ख) प्रयोगात्मक कार्य/परियोजना कार्यको प्रस्तुतीकरण र अभिलेखीकरण अङ्कनको आधार

| क्षेत्र | आधार | सूचक | अङ्क | प्राप्ताङ्क |
|---|---|---|---|---|
| १. | प्रस्तुतीकरण | आफूले सम्पन्न गरेको कार्यको निर्धक्क र तर्कसहित प्रस्तुत गरेमा | ४ | |
| | | आफूले सम्पन्न गरेको कार्यको निर्धक्क र व्याख्यासहित प्रस्तुत गरेमा | ३ | |
| | | आफूले सम्पन्न गरेको कार्यको व्याख्यासहित प्रस्तुत गरेमा | २ | |
| | | आफूले सम्पन्न गरेको कार्य प्रस्तुत मात्र गरेमा | १ | |
| २. | प्रश्नोत्तरमा सहभागिता | शिक्षक र सबै साथीहरूका प्रश्नको सही उत्तर दिएमा | ४ | |
| | | शिक्षक र केही साथीहरूका मात्र प्रश्नको सही उत्तर दिएमा | ३ | |
| | | शिक्षक र केही साथीहरूको प्रश्नको आंशिक सही उत्तर दिएमा | २ | |
| | | शिक्षक र साथीहरूको अधिकांश प्रश्नको गलत उत्तर दिएमा | १ | |

| | | | | |
|---|---|---|---|---|
| ३. | अभिलेखीकरण | कार्यप्रक्रिया र नतिजा स्पष्ट र चरणबद्ध रूपमा सजिलैसँग बुझ्न सक्ने गरी अभिलेखीकरण गरेमा | ४ | |
| | | कार्यप्रक्रिया र नतिजा स्पष्ट रूपमा बुझ्न सक्ने गरी अभिलेखीकरण गरेमा | ३ | |
| | | कार्यप्रक्रिया र नतिजा आंशिक रूपमा बुझ्न सक्ने गरी अभिलेखीकरण गरेमा | २ | |
| | | कार्यप्रक्रिया र नतिजा बुझ्न कठिन हुने गरी अभिलेखीकरण गरेमा | १ | |
| जम्मा | | | | |

*द्रष्टव्य: प्रयोगात्मक कार्य/परियोजना कार्यको प्रस्तुतिकरण र अभिलेखीकरण अङ्कनको आधारमध्ये प्रस्तुतिकरण बापत प्राप्त अङ्कलाई २ ले गुणा गर्नुपर्ने छ। उदाहरणको लागि कुनै विद्यार्थीले कुनै एक परियोजनाको प्रस्तुतिकरण बापत ४ मा ३ अङ्क पाएको रहेछ भने यस आधार अन्तर्गत उसको प्राप्ताङ्क ३ × २ =६ हुन्छ।*

माथि उल्लेखित (क) र (ख) दुवै आधारमध्ये गणितीय ज्ञानको शुद्धता प्रयोगात्मक /परियोजना कार्य अनुसार फरक पर्न सक्ने हुँदा शिक्षकले यस अन्र्तगत प्रत्येक प्रयोगात्मक/परियोजना कार्यको लागि रुब्रिक्स/श्रेणीमापन आदि साधन विकास गरी मुल्याङ्कन गर्नुपर्ने छ भने बाँकी आधारहरु (सामग्रीको स्तरीयता, छलफलमा सहभागिता, कार्य सम्पन्नता, समयसिमा, प्रस्तुतिकरण, प्रश्नोत्तरमा सहभागिता र अभिलेखीकरण) का सन्दर्भमा भने माथि दिइएकै आधार प्रयोग गर्नुपर्ने छ।

नमुना रुब्रिक्स

परियोजना कार्य : $(a + b)^2$ को विस्तृत नमुना ( model ) बनाई प्रस्तुत गर्नुहोस्।

| **क्षेत्र** | **आधार** | **सुचक** | **अङ्क** | **प्राप्ताङ्क** |
|---|---|---|---|---|
| १. | गणितीय ज्ञानको शुद्धता | आधार, घाताङ्क तथा प्रयोग भएका अन्य गणितीय शब्दावलीहरूको सङ्केतीकरण, ज्यामितीय आकृतिमा प्रयोग भएका सङ्केतहरू र चित्रात्मक प्रस्तुति तथा प्रयोग गरिएको आयत र वर्गको आकार स्पष्ट र सही भएमा | ४ | |
| | | ज्यामितीय आकृतिमा प्रयोग भएका सङ्केतहरू र चित्रात्मक प्रस्तुति तथा प्रयोग गरिएको आयत र वर्गको आकार स्पष्ट र सही भएमा तर आधार, घाताङ्क तथा प्रयोग भएका अन्य गणितीय शब्दावलीहरूको सङ्केतीकरणमा सामान्य त्रुटि भएमा | ३ | |
| | | आधार, घाताङ्क तथा प्रयोग भएका अन्य गणितीय शब्दावलीहरूको सङ्केतीकरण र चित्रात्मक प्रस्तुति तथा प्रयोग गरिएको आयत र वर्गको आकारमा त्रुटि भएको तर ज्यामितीय आकृतिमा प्रयोग भएका सङ्केतहरू सही भएमा | २ | |
| | | आधार, घाताङ्क तथा प्रयोग भएका अन्य गणितीय शब्दावलीहरूको सङ्केतीकरण, चित्रात्मक प्रस्तुति तथा प्रयोग गरिएको आयत र वर्गको आकार र ज्यामितीय आकृतिमा प्रयोग भएका सङ्केतहरूमा त्रुटि भएमा | १ | |

प्रत्येक प्रयोगात्मक कार्य/ परियोजना कार्यपश्चात् मूल्याङ्कनका लागि तल दिइएको फारम भरी विद्यार्थीको व्यक्तिगत अभिलेखमा अद्यावधिक गर्नुपर्ने छ।

विद्यार्थीको नाम :　　　　　　　　कक्षा :　　　　　　　　विषय :

| क्र.स. | प्रयोगात्मक/परियोजना कार्य | आधारगत प्राप्ताङ्क | | | | | | | | जम्मा प्राप्ताङ्क | शिक्षकको पृष्ठपोषण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गणितीय ज्ञानको शुद्धता | सामग्रीको स्तरीयता | छलफलमा सहभागिता | कार्य सम्पन्नता | समयसीमा | प्रस्तुतीकरण | प्रश्नोत्तरमा सहभागिता | अभिलेखीकरण | | |
| १. | | | | | | | | | | | |
| २. | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | |

समग्र मूल्याङ्कनका लागि प्रत्येक विद्यार्थीले प्रयोगात्मक/परियोजना कार्यमा प्राप्त अङ्कलाई विषय क्षेत्रगत रूपमा दिइएको फाराम भरी अभिलेखमा अद्यावधिक गर्नुपर्ने छ ।

कक्षा : विषय :

| क्र.स. | विद्यार्थीको नाम | विषयक्षेत्रगत रूपमा परियोजना कार्यको प्राप्ताङ्क | | | | | | | जम्मा प्राप्ताङ्क | परियोजना कार्यको जम्मा सङ्ख्या | वास्तविक प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | समूह | अङ्कगणित | क्षेत्रमिति | बीजगणित | ज्यामिति | तथ्याङ्कशास्त्र र सम्भाव्यता | त्रिकोणमिति | | | |
| १. | | | | | | | | | | | |
| २. | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | |

यसरी प्रत्येक प्रयोगात्मक / परियोजना कार्यको मूल्याङ्कनबाट प्राप्त अङ्कहरूको जोड निकालेर जम्मा प्रयोगात्मक / परियोजना कार्यको सङ्ख्याले भाग गरेर औसत अङ्क निकाल्नुपर्छ जुन वास्तविक प्राप्ताङ्क हुन्छ । वार्षिक रूपमा प्रयोगात्मक र परियोजना कार्यको मूल्याङ्कन गर्दा वर्षभरि पठनपाठन भएका सबै एकाइमा प्रयोगात्मक र परियोजना कार्यबापत विद्यार्थीले प्राप्त गरेको जम्मा अङ्क निकालेर औसत निकाल्नुपर्ने छ भने त्रैमासिक रूपमा पठनपाठन भएका एकाइमा विद्यार्थीको प्राप्ताङ्क जोडेर औसत निकाल्न सकिने छ ।

# विज्ञान तथा प्रविधि (कक्षा ४–८)

## परिचय

पाठ्यक्रमले अपेक्षा गरेका सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न निरन्तर रूपमा गरिने मूल्याङ्कन नै आन्तरिक मूल्याङ्कन हो । यसअन्तर्गत संज्ञानात्मक, मनोक्रियात्मक (सिपगत) र वैज्ञानिक अभिवृत्तिगत पक्षसम्बन्धी उपलब्धिको लेखाजोखा गर्ने गरिन्छ । आन्तरिक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु र अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न सक्षम बनाउनु हो । सिकाइका लागि तथा सिकाइ स्वयम्को मूल्याङ्कन (assessment for learning and assessment as learning) का रूपमा यस्तो आन्तरिक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनुपर्दछ । आन्तरिक मूल्याङ्कनका लागि कक्षा क्रियाकलाप, प्रयोगात्मक कार्य, परियोजना कार्य, क्षेत्रभ्रमण, मौखिक प्रश्नोत्तर (viva voce/oral question), पाठगत, एकाइगत तथा त्रैमासिक परीक्षाहरू, अतिरिक्त तथा सह क्रियाकलाप (विज्ञान क्विज, विज्ञान मेला, विज्ञान प्रदर्शनी, विज्ञान निबन्ध लेखन आदि) गराई उक्त कार्यहरूको आधिकारिक मूल्याङ्कन (Authentic assessment) का साधन (रुब्रिक्सलगायत) द्वारा विद्यार्थीले गरेका उपलब्धिको मूल्याङ्कन गर्न सकिन्छ । विषयवस्तुको प्रत्येक पाठ, क्षेत्र वा एकाइको सिकाइपश्चात् उल्लिखित साधनहरूको प्रयोग गरी सो क्षेत्र वा एकाइमा विद्यार्थीको सिकाइ स्तर पहिचान गरी सिकाइ समस्या भएका विद्यार्थीको सिकाइ सुधारका लागी थप पृष्ठपोषण दिनुपर्दछ । न्यूनतम स्तरको सिकाइ स्तर हासिल भएको सुनिश्चितता नभएसम्म पृष्ठपोषणलाई निरन्तरता टेवा (Scaffolding) पुर्‍याउनुपर्छ । विद्यार्थीको आन्तरिक मूल्याङ्कनको अभिलेखलाई प्रत्येक विद्यार्थीको प्रयोगात्मक पुस्तिका र कार्यसञ्चयिका (Portfolio) मा व्यवस्थित गरी अभिलेखीकरण गर्नुपर्छ ।

पाठ्यक्रममा आन्तरिक मूल्याङ्कनका लागि ५० प्रतिशत भार छुट्याइएको छ । आन्तरिक मूल्याङ्कनअन्तर्गत निम्न आधारहरू निर्धारण गरिएको छ :

**आधारभूत तह कक्षा ४ र ५ तथा कक्षा ६ – ८ को आन्तरिक मूल्याङ्कनका आधारहरू**

| क्र.स. | प्रयोगात्मक र परियोजना कार्य | आन्तरिक मूल्याङ्कनका आधार | जम्मा अङ्कभार |
|---|---|---|---|
| १. | उपस्थिति र कक्षा सहभागिता | उपस्थिति र सिकाइ क्रियाकलापमा सक्रियता र सहभागिता | ४ |
| २. | प्रयोगात्मक कार्य | प्रयोगात्मक कार्य सञ्चालन (सामग्री सेटअप, अवलोकन, परीक्षण, तालिकीकरण र निष्कर्ष<br>प्रस्तुतीकरण<br>प्रयोगात्मक कार्यको अभिलेखीकरण | २० |
| | परियोजना कार्य | परियोजना कार्य सञ्चालन (स्थलगत भ्रमण, चार्ट निर्माण, मोडेल निर्माण र संकलन, सामग्री निर्माण, सोधखोज)<br>प्रस्तुतिकरण<br>परियोजना कार्यको अभिलेखीकरण | १६ |
| ३. | त्रैमासिक परीक्षा | तोकिएको अवधिमा पठनपाठन भएका सबै एकाइबाट विशिष्टीकरण तालिकाका आधारमा प्रश्नपत्र तयार गरी परीक्षा लिने र सुधारका लागि पृष्ठपोषण दिने | १० |

### १. सहभागिताको मूल्याङ्कन

सहभागिताबापतको ४ अङ्कभारलाई विद्यार्थीको हाजिरी/उपस्थिति र सिकाइ क्रियाकलापमा सहभागिता तथा सक्रियताको आधारमा मूल्याङ्कन गर्नुपर्छ । सहभागिताबापतको ४ अङ्कभारअन्तर्गत हाजिरी/उपस्थितिबापत २ अङ्कभार र सिकाइ क्रियाकलापमा सहभागिता र सक्रियताबापत २ अङ्कभारमा रुब्रिक्सका आधारमा मूल्याङ्कन गर्नुपर्ने छ । सहभागिताबापत मूल्याङ्कन गर्दा निम्न रुब्रिक्सको प्रयोग गर्न सकिने छ ।

**सहभागिता (उपस्थिति र सिकाइमा सक्रियता र सहभागिता) : ४ अङ्कभार**

| क्र.स. | आधार | सूचक | अङ्क | प्राप्ताङ्क |
|---|---|---|---|---|
| १. | उपस्थिति | ९० प्रतिशत र सोभन्दा बढी उपस्थिति भएमा | २ | |
| | | ८५ प्रतिशत र सोभन्दा बढी तर ९० प्रतिशतभन्दा कम उपस्थिति भएमा | १.७५ | |
| | | ८० प्रतिशत र सोभन्दा बढी तर ८५ प्रतिशतभन्दा कम उपस्थिति भएमा | १.५० | |
| | | ७५ प्रतिशत र सोभन्दा बढी तर ८० प्रतिशतभन्दा कम उपस्थिति भएमा | १.०० | |
| २. | सिकाइमा सक्रियता र सहभागिता | • सिकाइमा जिज्ञासा राखेमा, समूह छलफल र अन्तर्क्रियामा सक्रियतापूर्वक भाग लिएमा, आफ्ना विचार निर्बाध र स्वतन्त्र रूपमा प्रस्तुत गरेमा, दिइएका सम्पूर्ण कार्य स्वयम्ले पूरा गरेमा | २ | |
| | | • सिकाइमा धेरैजसो जिज्ञासा राखेमा, समूह छलफल र अन्तर्क्रियामा कम सक्रियतापूर्वक भाग लिएमा, आफ्ना विचार धेरैजसो स्वतन्त्र रूपमा प्रस्तुत गरेमा, दिइएका अधिकांश कार्य पूरा गरेमा | १.५ | |
| | | • सिकाइमा कम जिज्ञासा राखेमा, समूह छलफल र अन्तर्क्रियामा निर्देशनअनुसार भाग लिएमा, आफ्ना विचार आंशिक रूपमा मात्र प्रस्तुत गरेमा, दिइएका कार्य आधा मात्र पूरा गरेमा | १ | |
| | | • सिकाइमा जिज्ञासा नराखेमा, समूह छलफल र अन्तर्क्रियामा सक्रियता नदेखाएमा, आफ्ना विचार प्रस्तुत गर्न साथी वा शिक्षकको सहयोग चाहिएमा, अरूको सहयोगमा दिइएका कार्य पूरा गरेमा | ०.५ | |
| | | **जम्मा** | ४ | |

## २. प्रयोगात्मक र परियोजना कार्यको मूल्याङ्कन (३६ अङ्कभार)

विज्ञान विषयमा अवधारणागत स्पष्टताको आवश्यकता जति छ, उति नै मात्रामा विज्ञानसँग सम्बन्धित विभिन्न प्रयोगात्मक तथा प्रक्रियागत सिपहरूको विकास हुनु आवश्यक छ । स्थलगत अध्ययन/भ्रमण/सर्भे/खोज, अवलोकन, चित्राङ्कन, प्रयोगात्मक कार्य, मोडल निर्माण तथा परियोजना कार्यका माध्यमबाट विभिन्न सिपहरू हासिल गराउन सकिन्छ । यसका लागि सबै एकाइबाट पाठ्यक्रम र पाठ्यपुस्तकमा दिइएका प्रयोगात्मक र परियोजना कार्य गराउनुपर्ने हुन्छ । प्रत्येक एकाइको प्रयोगात्मक कार्यका लागि जम्मा २० अङ्क र परियोजना कार्यका लागि जम्मा १६ अङ्कमा मूल्याङ्कन गर्नुपर्ने छ । उदाहरणका लागि कक्षा ५ को एकाइ १ को वैज्ञानिक सिकाइमा जम्मा ४ ओटा प्रयोगात्मक र ३ ओटा परियोजना कार्य गराइएको छ भने प्रयोगात्मक कार्यका लागि २० अङ्कमा नै मूल्याङ्कनका साधन प्रयोग गरी विद्यार्थीले प्राप्त गरेको अङ्क दिने र परियोजना कार्यको सन्दर्भमा ३ ओटा परियोजना कार्यबापत १६ अङ्कमा नै मूल्याङ्कन गरी विद्यार्थीले प्राप्त गरेको अङ्क दिनुपर्ने छ । त्रैमासिक रूपमा प्रयोगात्मक र परियोजना कार्यको मूल्याङ्कनका लागि पठनपाठन भएका एकाइमा विद्यार्थीले प्राप्त गरेको हरेक प्रयोगात्मक र परियोजना कार्यमा प्राप्त अङ्क जोडेर औसत निकाल्नुपर्छ भने वार्षिक रूपमा प्रयोगात्मक र परियोजना कार्यको मूल्याङ्कन गर्दा वर्ष भरी पठनपाठन गरेका सबै एकाइमा प्रयोगात्मक र परियोजना कार्यमा विद्यार्थीले प्राप्त गरेको जम्मा अङ्क निकालेर औसत निकाल्नु पर्छ । यदि कुनै एकाइमा प्रयोगात्मक कार्य नभएमा परियोजना कार्यबाट मूल्याङ्कन गर्नुपर्ने

हुन्छ । प्रत्येक परियोजना कार्य र प्रयोगात्मक कार्यको लागि रुब्रिक्स/चेकलिष्ट/श्रेणीमापन आदि साधन विकास गरी मूल्याङ्कन गर्न सकिने छ । प्रत्येक प्रयोगात्मक र परियोजना कार्यको मूल्याङ्कनका लागि निम्नलिखित रुब्रिक्सको प्रयोग गर्न सकिन्छ :

**(क) प्रयोगात्मक कार्यको मूल्याङ्कन (रुब्रिक्स) : २० अङ्कभार (तल उल्लिखित १० अङ्कभारमा मूल्याङ्कन गरी २० अङ्कमा रूपान्तरण गर्ने)**

प्रत्येक प्रयोगात्मक कार्यको मूल्याङ्कनका लागि निम्न रुब्रिक्स प्रयोग गर्न सकिन्छ :

| आधार | सूचक | जम्मा अङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| प्रयोगात्मक कार्य सञ्चालन | प्रयोगात्मक कार्यका सबै चरणहरू पूरा गरी सही नतिजा निकालेमा | ४ | |
| | प्रयोगात्मक कार्यका धेरैजसो चरणहरू पूरा गरी सही नतिजा निकालेमा | ३ | |
| | प्रयोगात्मक कार्य गरेको तर सही नतिजा निकाल्न नसकेमा | २ | |
| | प्रयोगात्मक कार्य गर्ने प्रयास मात्र गरेमा | १ | |
| प्रस्तुतीकरण | चरणबद्ध रूपमा क्रियाकलापको प्रस्तुतीकरण गरेमा र सोधिएका सबै प्रश्नको तर्क दिन सकेमा | २ | |
| | धेरैजसो चरणहरू समेटेर क्रियाकलापको प्रस्तुतीकरण गरेको र धेरैजसो प्रश्नको तर्क दिन सकेमा | १.५ | |
| | आंशिक रूपमा क्रियाकलापको प्रस्तुतीकरण गर्ने प्रयास मात्र गरेमा र केही प्रश्नको मात्र तर्क दिन सकेमा | १ | |
| | प्रस्तुतीकरण गर्ने प्रयास मात्र गरेमा र तर्क नमिलेमा | ०.५ | |
| अभिलेखीकरण | क्रमबद्ध र सही तरिकाले ढाँचाअनुसार सबै कार्यको अभिलेख राखेमा | ४ | |
| | क्रमबद्ध र सही तरिका मध्ये कुनै एकलाई ध्यान दिई धेरैजसो कार्यको अभिलेखीकरण राखेमा | ३ | |
| | गरिएका प्रयोगात्मक कार्य मध्ये आधा जति कार्यको अभिलेख राखेमा | २ | |
| | केही कार्यको मात्र अभिलेखीकरण राख्ने प्रयास गरेमा | १ | |
| **जम्मा अङ्कभार** | | १० | |

**नोट :** *प्रयोगात्मक कार्यका चरणहरू पाठ्यपुस्तकमा दिइएको छ । यदि पाठ्यपुस्तकमा नभएको तर पाठ्यक्रमअनुसारको प्रयोगात्मक कार्य भए शिक्षकले प्रयोगात्मक कार्य गर्ने वर्कसिट तयार गर्नुपर्ने छ । वर्कसिटमा भएका चरणअनुसार विद्यार्थीले प्रयोगात्मक कार्य गर्नुपर्ने छ र रुब्रिक्सअनुसार मूल्यांकन गर्नुपर्ने छ ।*

**(ख) परियोजना कार्यको मूल्याङ्कन (रुब्रिक्स) : १६ अङ्कभार (तल उल्लिखित ८ अङ्कभारमा मूल्याङ्कन गरी १६ अङ्कमा रूपान्तरण गर्ने)**

प्रत्येक परियोजना कार्यको मूल्याङ्कनको लागि निम्नानुसारको रुब्रिक्स प्रयोग गर्न सकिन्छ :

| आधार | सूचक | जम्मा अङ्क | प्राप्तांक |
|---|---|---|---|
| **परियोजन कार्य सञ्चालन र प्रस्तुतीकरण** | तोकिएको प्रक्रिया पूरा गरी परियोजना कार्य सम्पन्न गरेको र अपेक्षित उद्धेश्य प्राप्ति भएमा, चरणबद्ध रुपमा क्रियाकलापको प्रस्तुतीकरण गरेमा र सोधिएको सबै प्रश्नको तर्क दिन सकेमा | ४ | |
| | तोकिएको मध्ये धेरैजसो प्रक्रिया पूरा गरी परियोजना कार्य सम्पन्न गरेको र अपेक्षित उद्देश्य धेरैजसो प्राप्ति भएमा, धेरैजसो चरणहरू समेटेर क्रियाकलापको प्रस्तुतीकरण गरेको र धेरैजसो प्रश्नको तर्क दिन सकेमा | ३ | |
| | आंशिक प्रक्रिया पूरा गरी परियोजना कार्य गरेमा, आंशिक रूपमा क्रियाकलापको प्रस्तुतीकरण गर्ने प्रयास मात्र गरेमा र केही प्रश्नको मात्र तर्क दिन सकेमा | २ | |
| | परियोजना कार्य गर्ने प्रयास मात्र गरेमा, प्रस्तुतीकरण गर्ने प्रयास मात्र गरेमा र तर्क नमिलेमा | १ | |
| **अभिलेखीकरण** | तोकिएको समयमै परियोजना कार्य सम्पन्न गरी सही, सफा, तोकिएको ढाँचा र क्रमबद्ध तरिकाले अभिलेख राखेमा | ४ | |
| | तोकिएको समयभन्दा एकदिन ढिला गरी परियोजना कार्य सम्पन्न गरी सही, सफा, तोकिएको ढाँचा र क्रमबद्ध तरिकामध्ये कुनै तीन आधारमा अभिलेख राखेमा | ३ | |
| | तोकिएको समयभन्दा दुई दिन ढिलो गरी परियोजना कार्य सम्पन्न गरी सही, सफा, तोकिएको ढाँचा र क्रमबद्ध तरिकामध्ये कुनै दुई आधारमा अभिलेख राखेमा | २ | |
| | तोकिएको समयभन्दा दुई दिन भन्दा बढी समय लगाई परियोजना कार्य सम्पन्न गरी सही, सफा, तोकिएको ढाँचा र क्रमबद्ध तरिकामध्ये कुनै एक आधारमा अभिलेख राखेमा | १ | |
| **जम्मा अङ्कभार** | | ८ | |
| **जम्मा प्राप्त अंकभार** | | १६ | |

नोट :

*तोकिएको प्रक्रिया भन्नाले पाठ्यक्रम तथा पाठ्यपुस्तकमा दिइएअनुसारको परियोजना कार्यका विधिको प्रयोग गर्ने भन्ने बुझिन्छ, जस्तै : हर्बेरियम बनाउने, चित्र बनाउने, मोडेल बनाउने, क्षेत्र भ्रमण गरी प्रतिवेदन तयार गर्ने, अवलोकन गरी प्रतिवेदन तयार गर्ने, सोधखोज गरी प्रतिवेदन तयार गर्नेलगायतका कार्यहरू गर्न छुट्टाछुट्टै प्रक्रिया पाठ्यक्रम तथा पाठ्यपुस्तकमा तोकिएको छ ।*

**प्रयोगात्मक र परियोजना कार्यको अभिलेखीकरणको लागि निम्न फारामको प्रयोग गर्न सकिन्छ :**

**प्रयोगात्मक र परियोजना कार्यको मूल्याङ्कन अभिलेखीकरण फाराम (कक्षा ४-५)**

**विद्यार्थीको नाम :** **विषय :** **कक्षा :** **रोल्नं :**

| क्र.स. | एकाइ | प्रयोगात्मक कार्य (२० अङ्क) | | | परियोजना कार्य (१६ अङ्क) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा प्रयोगात्मक कार्यको सङ्ख्या | विद्यार्थीले गरेका सङ्ख्या | प्राप्त अङ्क | जम्मा परियोजना कार्यको सङ्ख्या | विद्यार्थीले गरेका सङ्ख्या | प्राप्त अङ्क | |
| १. | वैज्ञानिक सिकाइ | | | | | | | |
| २. | सूचना तथा सञ्चार प्रविधि | | | | | | | |
| ३. | जीव र वातावरण | | | | | | | |
| ४. | जीवहरूको वर्गीकरण | | | | | | | |
| ५. | जीवन प्रक्रिया | | | | | | | |
| ६. | पदार्थ | | | | | | | |
| ७. | दैनिक जीवनमा शक्ति | | | | | | | |
| ८. | पृथ्वी र अन्तरिक्ष | | | | | | | |
| **जम्मा** | | | | | | | | |
| **औसत** | | | | | | | | |

## आन्तरिक मूल्याङ्कन अभिलेखीकरण फाराम (कक्षा ६-८)

**विद्यार्थीको नाम :** **विषय :** **कक्षा :** **रोल्नं :**

| क्र.स. | एकाइ | प्रयोगात्मक कार्य (२० अङ्क) | | | परियोजना कार्य (१६ अङ्क) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा प्रयोगात्मक कार्यको सङ्ख्या | विद्यार्थीले गरेका सङ्ख्या | प्राप्त अङ्क | जम्मा परियोजना कार्यको सङ्ख्या | विद्यार्थीले गरेका सङ्ख्या | प्राप्त अङ्क | |
| १. | वैज्ञानिक सिकाइ | | | | | | | |
| २. | सूचना तथा सञ्चार प्रविधि | | | | | | | |
| ३. | जीव र तिनीहरूको बनोट | | | | | | | |
| ४. | जैविक विविधता र वातावरण | | | | | | | |
| ५. | जीवन प्रक्रिया | | | | | | | |
| ६. | बल र चाल | | | | | | | |
| ७ | दैनिक जीवनमा शक्ति | | | | | | | |
| ८ | विद्युत् र चुम्बकत्व | | | | | | | |
| ९ | पदार्थ | | | | | | | |
| १० | दैनिक प्रयोगका पदार्थहरू | | | | | | | |
| ११ | पृथ्वी र अन्तरिक्ष | | | | | | | |
| **जम्मा** | | | | | | | | |
| **औसत** | | | | | | | | |

**३. त्रैमासिक परीक्षा**

तीन महिनाको पठनपाठन पश्चात संज्ञात्मक क्षेत्रका सिकाइ उपलब्धिहरूको लेखाजोखा गर्नका लागि विशिष्टीकरण तालिकाका आधारमा सबै तह र प्रकारका प्रश्नहरू तयार गर्नुपर्छ । पहिलो त्रैमासिक परीक्षा ५० पूर्णाङ्कको लिन सकिने छ तर त्यसलाई १० अङ्कभारमा रूपान्तरण गर्नुपर्ने छ । त्यसै गरी दोस्रो त्रैमासिक परीक्षा ५० पूर्णाङ्कमा लिनुपर्ने छ र त्यसलाई पनि १० अङ्कभारमा रूपान्तरण गर्नुपर्ने छ । दोस्रो त्रैमासिक (अर्धवार्षिक) परीक्षा लिँदा सुरु एकाइदेखि पठनपाठन भएको एकाइसम्मका सबै एकाइबाट प्रश्न सोध्नुपर्ने छ । त्रैमासिक परीक्षा विद्यार्थीको सिकाइ सुधारका लागि आन्तरिक मूल्याङ्कनका रूपमा लिनुपर्ने छ ।

**आन्तरिक मूल्याङ्कनका लागि ध्यान दिनुपर्ने पक्षहरू**

आन्तरिक मूल्याङ्कनका लागि प्रत्येक त्रैमासिक वा वार्षिक रूपमा मूल्याङ्कन गर्दा तोकिएको पूर्णांकमा गर्ने । जस्तै : सहभागिताको ४ अङ्कभार, प्रयोगात्मक र परियोजना कार्यका लागि ३६ अङ्कभार र त्रैमासिकका लागि १० अङ्कभार ।

## १. सहभागिताबापतको ४ अङ्कभार लागि

(क) पहिलो त्रैमासिक अवधिसम्मको सहभागिताबापत ४ अङ्कभारमा मूल्याङ्कन गरी प्राप्त अङ्क अभिलेखीकरण गर्ने

(ख) दोस्रो त्रैमासिक अवधिको लागि सहभागिताबापत ४ अङ्कभारमा मूल्याङ्कन गरी प्राप्त अङ्क अभिलेखीकरण गर्ने

(ग) दोस्रो त्रैमासिक अवधिपश्चात्को अवधिका लागि सहभागिताबापत ४ अङ्कभारमा मूल्याङ्कन गरी प्राप्त अङ्कको अभिलेखीकरण गर्ने

(घ) सहभागिता वापतको वार्षिक अङ्कभार ४ भएकाले माथि उल्लिखित (क), (ख) र (ग) मा प्राप्त अङ्कलाई जोडेर ४ ले भाग गर्दा वार्षिक ४ अङ्कभारमा विद्यार्थीले प्राप्त गरेको सहभागिताबापतको अङ्क प्राप्त हुन्छ । उदाहरणका लागि पहिलो त्रैमासिकमा कुनै विद्यार्थीले सहभागिताबापत २.५ अङ्क, दोस्रो त्रैमासिकको अवधिमा सहभागितावापत ३ अङ्क र दोस्रो त्रैमासिक पश्चातको अवधिमा सहभागितावापत ३.५ प्राप्त गरेमा वार्षिक रुपमा उक्त विद्यार्थीले २.५□३□३.५ = ९/३ = ३ अङ्क प्राप्त पाउँछन् ।

## २. प्रयोगात्मक र परियोजना कार्यको मूल्याङ्कनका लागि

(क) पहिलो त्रैमासिक अवधिमा प्रयोगात्मक र परियोजना कार्यका लागि जम्मा अङ्कभार ३६ मा नै मूल्याङ्कन गर्ने । यसका लागि प्रत्येक एकाइमा गराइएका प्रयोगात्मक कार्यका लागि २० अङ्कभार र परियोजना कार्यका लागि १६ अङ्कभारमा माथि उल्लिखित रुब्रिक्सका आधारमा मूल्याङ्कन गर्ने

(ख) उदाहरणका लागि पहिलो त्रैमासिक अवधिमा कक्षा ५ मा ४ ओटा एकाइ पठनपाठन भएको छ भने

(अ) ४ ओटै एकाइमा प्रयोगात्मक कार्यमा विद्यार्थीले पाएको अङ्कभार जोड्ने, जस्तै : पहिलोदेखि चौथो एकाइसम्म विद्यार्थीले प्रयोगात्मक कार्यमा पाएको अङ्क क्रमशः १७□ज्ञ८□१७□ १६ छ भने औसत अङ्क = ६८/४ = १७ भयो ।

(आ) ४ ओटै एकाइमा परियोजना कार्यमा विद्यार्थीले पाएको अङ्कभार जोड्ने र औसत अङ्क निकाल्ने । जस्तै : पहिलोदेखि चौथो एकाइसम्म विद्यार्थीले परियोजना कार्य पाएको अङ्क क्रमशः १४□१५□१३□१४ छ भने औसत अङ्क = ५६/४ = १४ भयो ।

(इ) अब पहिलो त्रैमासिक अवधिमा प्रयोगात्मक र परियोजना कार्यमा विद्यार्थीले पाएको अङ्क ३१ भयो ।
यसै गरी दोस्रो त्रैमासिक अवधिको प्रयोगात्मक र परियोजना कार्यको मूल्याङ्कन गर्न सकिन्छ ।

(ई) वार्षिक रूपमा प्रयोगात्मक र परियोजना कार्यको अभिलेखीकरण गर्दा

सबै एकाइमा प्रयोगात्मक र परियोजना कार्यमा विद्यार्थीले प्राप्त गरेको जम्मा अङ्क निकालेर एकाइको सङ्ख्याले भाग गर्ने ।

**नोट :** प्रत्येक विद्यार्थीले सम्पादन गरेका प्रयोगात्मक तथा परियोजना कार्यको शीर्षकहरूको अभिलेख शिक्षकले व्यवस्थित गर्नुपर्ने छ । अभिलेखको खाकालाई निम्नानुसार प्रस्तुत गरिएको छ ?

| क्र.स. | विद्यार्थीको नाम | प्रयोगात्मक/परियोजना कार्यको शीर्षक | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## ३. त्रैमासिक परीक्षाका लागि

संज्ञाात्मक क्षेत्रका सिकाइ उपलब्धिको मापन गर्न त्रैमासिक परीक्षा र बाह्य परीक्षा कायम गरिएको छ । त्रैमासिक परीक्षाको लागि जम्मा अङ्कभार १० भएकाले पहिलो र दोस्रो त्रैमासिक परीक्षा १०/१० अङ्कभार नै गर्नुपर्ने हुन्छ । जति बढी अङ्कभारमा परीक्षा सञ्चालन गरियो अर्थात् जति धेरै विषयवस्तुलाई समेटी परीक्षा सञ्चालन गरियो त्यति बढी विषयगत वैधता (content validity) हुने भएकाले पहिलो त्रैमासिक परीक्षाको लागि ५० पूर्णाङ्कमा परीक्षा सञ्चालन गरी तोकिएको १० अङ्कभारमा रूपान्तरण गर्ने र दोस्रो त्रैमासिक परीक्षाका लागि ५० पूर्णाङ्कमा परीक्षा सञ्चालन गरी तोकिएको १० अङ्कभारमा रूपान्तरण गर्न सकिन्छ ।

त्रैमासिक परीक्षाको वार्षिक अङ्कभार १० भएकाले पहिलो त्रैमासिक परीक्षामा पाएको अङ्कभारलाई आधा गर्ने र दोस्रो त्रैमासिक परीक्षामा अङ्कभारलाई आधा गरी जम्मा १० अङ्कभारमा पाएको अङ्क राख्ने, जस्तै : पहिलो त्रैमासिक परीक्षा ५० पूर्णाङ्कमा कुनै विद्यार्थीले ४० पाएको थियो र १० मा रूपान्तरण गर्दा ८ भयो । त्यसै गरी दोस्रो त्रैमासिक परीक्षा ५० पूर्णाङ्कमा उक्त विद्यार्थीले ४५ अङ्क पायो र १० मा रूपान्तरण गर्दा ९ अङ्क प्राप्त भयो । वार्षिक रूपमा त्रैमासिक परीक्षाको अङ्क निकाल्दा प्रत्येक त्रैमासिकमा पाएको अङ्कलाई आधा आधा गरेर राख्ने वा दुवै त्रैमासिक परीक्षामा प्राप्त गरेको अङ्क जोडेर २ ले भाग गर्ने, जस्तैः माथि दिइएको विवरणअनुसार पहिलो र दोस्रो त्रैमासिक परीक्षामा विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्क क्रमशः ८®९ भने औसत अङ्क = १७/२ = ८.५ भयो ।

**विज्ञान तथा प्रविधि विषयको त्रैमासिक रूपमा नतिजा निकाल्दा (माथिको विवरणका आधारमा)**

| क्र.स. | विद्यार्थीको नाम | सहभागिता (४) | प्रयोगात्मक र परियोजना कार्य (३६) | त्रैमासिक परीक्षा (१०) | जम्मा प्राप्ताङ्क | प्राप्त ग्रेड |
|---|---|---|---|---|---|---|
| १. | विनोद अधिकारी | ३ | ३१ | ८.५ | ४२.५ | **A** |
| | | | | | | |

दोस्रो त्रैमासिक र वार्षिकको आन्तरिक मूल्याङ्कनलाई समेत यसै आधारमा लेखाजोखा गर्न सकिन्छ । ग्रेड सिट तयार गर्ने तरिका लेटर ग्रेडिङ कार्यान्वयन सहयोग पुस्तिका २०७९ मा दिइएअनुसार गर्नुपर्ने छ ।

# सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा (कक्षा ४-८)

## परिचय

मूल्याङ्कन भनेको विद्यार्थीले प्राप्त गरेका सिकाइ उपलब्धिको मात्रा निश्चित गर्ने क्रमबद्ध प्रक्रिया हो । विद्यार्थीका सिकाइ उपलब्धिको निरन्तर मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्नु नै मूल्याङ्कनको अभिप्राय हो । वर्तमान विद्यालय शिक्षाको पाठ्यक्रमले आन्तरिक र बाह्य मूल्याङ्कनको अवधारणा अगि सारेको छ । आन्तरिक मूल्याङ्कन भनेको पाठ्यक्रमले अपेक्षा गरेका सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न निरन्तर रूपमा गरिने मूल्याङ्कन हो । यस मूल्याङ्कनले विद्यार्थीको सिकाइ अवस्थामा सुधार ल्याउन मदत गर्दछ । आन्तरिक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु र अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न सक्षम बनाउनु हो । सिकाइका लागि तथा सिकाइ स्वयम्को मूल्याङ्कनका रूपमा यस्तो आन्तरिक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनुपर्दछ । आन्तरिक मूल्याङ्कनका लागि हाजिरी, कक्षा सहभागीता, कक्षा कार्य, परियोजना कार्य र प्रयोगात्मक काय क्षेत्र भ्रमण, अभिभावक सम्पर्क र छलफल, मौखिक प्रश्नोत्तर, पाठगत, एकाइगत तथा त्रैमासिक परीक्षाहरू, सहकार्यकलाप (हाजिरी जवाफ, वादविवाद, कविता, मान्यता, लोकगित प्रतियोगिता, परम्परागत पोसाक प्रदर्शनी, लोकनृत्य प्रतियोगिता गराई उक्त कार्यहरूको आधिकारिक मूल्याङ्कनका साधन(रुब्रिक्सलगायत) द्वारा विद्यार्थीले गरेका उपलब्धिको मूल्याङ्कन गर्न सकिन्छ । विषयवस्तुको प्रत्येक पाठ, क्षेत्र वा एकाइको सिकाइपश्चात् उल्लिखित साधनहरूको प्रयोग गरी सो क्षेत्र वा एकाइमा विद्यार्थीको सिकाइ स्तर पहिचान गरी सिकाइ समस्या भएका विद्यार्थीको सिकाइ सुधारका लागी थप पृष्ठपोषण दिनु पर्दछ । न्यूनतम स्तरको सिकाइ स्तर हासिल गर्न निरन्तर पृष्ठपोषण र फरक सिकाइ क्रियाकलाप र रणनितिलाई उपयोग गर्नुपर्दछ । समस्यामूलयक र आवश्यकतामा आधारित भई निदानात्मक मूल्याङ्कनलाई समेत जोड दिई सिकाई सुनिश्चितताको प्रत्याभूति गर्नुपर्दछ । विद्यार्थी गरेका विभिन्न क्रियाकलाप, तयार पारेका सामग्री र व्यवहार परिवर्तनका पक्षहरूलाई कार्यसञ्चयिका (Portfolio) मा व्यवस्थित गरी अभिलेखीकरण गर्नुपर्छ । सो अभिलेखलाई विद्यार्थीको वास्तविक मूल्याङ्कनका आधारका रूपमा उपयोग गर्नुपर्दछ ।

सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा पाठ्यक्रम (कक्षा ४-८ )मा आन्तरिक मूल्याङ्कनका लागि ५० प्रतिशत भार छुट्याइएको छ । आन्तरिक मूल्याङ्कनअन्तर्गत निम्न आधारहरू निर्धारण गरिएको छ :

**आधारभूत तह कक्षा ४ र ५ तथा कक्षा ६ - ८ को आन्तरिक मूल्याङ्कनका आधार**

| क्र.स. | आधार | आन्तरिक मूल्याङ्कनका आधार | जम्मा अङ्कभार |
|---|---|---|---|
| १. | सहभागिता | उपस्थिति र सिकाइ क्रियाकलापमा सक्रियता र सहभागिता | ४ |
| २. | परियोजना कार्य / प्रयोगात्मक कार्य | परियोजना/प्रयोगात्मक कार्यको पूर्णता<br>सिर्जनशिलता<br>विषयवस्तुको प्रस्तुति<br>सहकार्य, जिम्मेवारी र समयपालना<br>अभिलेख व्यवस्थापन | ३६ |
| ३. | त्रैमासिक परीक्षा | तोकिएको अवधिमा पठनपाठन भएका सबै एकाइबाट विशिष्टीकरण तालिकाका आधारमा प्रश्नपत्र तयार गरी परीक्षा लिने र सुधारको लागि पृष्ठपोषण दिने | १० |
| जम्मा | | | ५० |

### १. सहभागिताको मूल्याङ्कन

सहभागिताबापतको ४ अङ्कभारलाई विद्यार्थीको हाजिरी/उपस्थिति र सिकाइ क्रियाकलापमा सहभागिता तथा सक्रियताको आधारमा मूल्याङ्कन गर्नुपर्छ । सहभागिताबापतको ४ अङ्कभारअन्तर्गत हाजिरी/उपस्थितिबापत २ अङ्कभार र सिकाइ क्रियाकलापमा सहभागिता र सक्रियताबापत २ अङ्कभारमा रुब्रिक्सको आधारमा मूल्याङ्कन गर्नुपर्ने छ। सहभागिताबापत मूल्याङ्कन गर्दा निम्न रुब्रिक्सको प्रयोग गर्न सकिने छ।

**सहभागिता (उपस्थिति र सिकाइमा सक्रियता र सहभागिता) : ४ अङ्कभार**

| क्र.स. | आधार | सूचक | अङ्क | प्राप्ताङ्क |
|---|---|---|---|---|
| १. | **उपस्थिति** | ९० प्रतिशत र सोभन्दा बढी उपस्थिति भएमा | २ | |
| | | ८५ प्रतिशत र सोभन्दा बढी तर ९० प्रतिशतभन्दा कम उपस्थिति भएमा | १.७५ | |
| | | ८० प्रतिशत र सोभन्दा बढी तर ८५ प्रतिशतभन्दा कम उपस्थिति भएमा | १.५० | |
| | | ७५ प्रतिशत र सोभन्दा बढी तर ८० प्रतिशतभन्दा कम उपस्थिति भएमा | १.०० | |
| २. | **सिकाइमा सक्रियता र सहभागिता** | सिकाइमा जिज्ञासा राख्ने, अन्तर्क्रियामा भाग लिने, आफ्नो विचार प्रस्तुत गर्ने, दिइएको कार्य (कक्षा कार्य, समूह कार्य वा अन्य कार्य) पूरा गर्ने गरेमा | २ | |
| | | उल्लिखित मध्ये कुनै ३ ओटा कार्य गरेमा | १.५ | |
| | | उल्लिखित मध्ये कुनै २ ओटा कार्य गरेमा | १ | |
| | | उल्लिखित मध्ये कुनै १ ओटा कार्य गरेमा | ०.५ | |
| **जम्मा** | | | ४ | |

## २. प्रयोगात्मक र परियोजना कार्यको मूल्याङ्कन (३६ अङ्कभार)

सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षाले विभिन्न सामाजिक विज्ञानका विषयवस्तुमा आधारित भई विभिन्न सामाजिक मूल्य, सिप र व्यवहार परिवर्तनको अपेक्षा गरेको हुन्छ। यी पक्षहरूको विकासमा अवलोकन भ्रमण, खोज, सामुदायिक कार्य, बानी व्यवहारमा परिवर्तन, नक्सा, चार्ट, तालिका वा ग्राफको निर्माण, प्रयोगात्मक कार्य, तथा परियोजना कार्य जस्ता सहभागितामूलक सिकाइ रणनिति र विधिहरूको अवलम्बन गर्नुपर्ने हुन्छ। यसका लागि सबै एकाइबाट पाठ्यक्रम र पाठ्यपुस्तकमा दिइएका परियोजना/ प्रयोगात्मक कार्य गराउनुपर्ने हुन्छ । प्रत्येक एकाइको परियोजना /प्रयोगात्मक कार्यको लागि जम्मा ३६ अङ्कमा मूल्याङ्कन गर्नुपर्ने छ।

त्रैमासिक रूपमा परियोजना /प्रयोगात्मक कार्यको मूल्याङ्कनका लागि पठनपाठन भएका एकाइमा विद्यार्थीले प्राप्त गरेको हरेक परियोजना /प्रयोगात्मक कार्यमा प्राप्त अङ्क जोडेर औसत निकाल्नुपर्छ। पहिलो त्रैमासिकमा परियोजना कार्य / प्रयोगात्मक कार्यको मूल्याकन गर्दा सो अवधिमा गरिएका परियोजना / प्रयोगात्मक कार्यमा विद्यार्थीले प्राप्त गरेको जम्मा अङ्कको औसत निकाल्नु पर्दछ भने दोस्रो त्रैमासिकका हकमा पहिलो त्रैमासिक पछि र दोस्रो त्रैमासिक अवधिमा गरिएका परियोजना / प्रयोगात्मक कार्यमा विद्यार्थीले प्राप्त गरेका जम्मा अङ्कको मात्र औसत निकाली मूल्याङ्कन गर्नुपर्छ। वार्षिक रूपमा परियोजना/ प्रयोगात्मक कार्यको मूल्याङ्कन गर्दा वर्षभरि पठनपाठन गरेका सबै एकाइमा परियोजना र प्रयोगात्मक कार्यमा विद्यार्थीले प्राप्त गरेको जम्मा अङ्क निकालेर सबै परियोजना कार्य/प्रयोगात्मक कार्यको सङ्ख्याले भाग गरेर औसत निकाल्नु पर्छ। यदि कुनै एकाइमा परियोजना /प्रयोगात्मक कार्य दुवै गर्नुपर्ने भएमा सो व्यहोरा खुलाएर मूल्याङ्कन गर्नुपर्ने हुन्छ। प्रत्येक परियोजना कार्य/ प्रयोगात्मक कार्यका लागि रुब्रिक्स/चेकलिस्ट/श्रेणीमापन आदि साधन विकास गरी मूल्याङ्कन गर्न सकिने छ। प्रत्येक परियोजना/प्रयोगात्मक कार्यको मूल्याङ्कनका लागि निम्नलिखित रुब्रिक्सको प्रयोग गर्न सकिन्छ :

**(क) परियोजना / प्रयोगात्मक कार्यको मूल्याङ्कन (रुब्रिक्स) : १८ अङ्कभार (तल उल्लिखित रुब्रिक्सको आधारमा १८ मा मूल्याङ्कन गरी ३६ मा रूपान्तरण गर्ने)**

प्रत्येक परियोजना / प्रयोगात्मक कार्यको मूल्याङ्कनका लागि निम्नानुसारको रुब्रिक्स प्रयोग गर्न सकिन्छ :

| आधार | सूचक | जम्मा अङ्क | प्राप्तांक |
|---|---|---|---|
| **परियोजना / प्रयोगात्मक कार्य तयारी** | परियोजना / प्रयोगात्मक कार्य सफा, सङ्गठित र बुझ्न सहज भएको र सबै आवश्यक ढाँचा वा प्रक्रिया पूरा गरेको | ४ | |
| | परियोजना / प्रयोगात्मक कार्यको अधिकांश कार्य सफा, सङ्गठित र बुझ्न सहज भएको र सबै आवश्यक ढाँचा वा प्रक्रिया पूरा गरेको | ३ | |
| | परियोजना / प्रयोगात्मक कार्यको केही कार्य मात्र सफा, सङ्गठित भएको र केही भागमात्र बुझ्न सहज भएको र केही मात्र आवश्यक ढाँचा वा प्रक्रिया पूरा गरेको | २ | |
| | परियोजना / प्रयोगात्मक कार्य सफा, सङ्गठित र बुझ्न सहज नभएको र अधिकांश आवश्यक ढाँचा वा प्रक्रिया पूरा नगरेको | १ | |
| **सिर्जनशिलता** | परियोजना / प्रयोगात्मक कार्यमा धेरै सिर्जनशिलता, सोच र समयको प्रयोग भएको | ४ | |
| | परियोजना / प्रयोगात्मक कार्यमा केही सिर्जनशिलता, सोच र समयको प्रयोग भएको | ३ | |
| | परियोजना / प्रयोगात्मक कार्यमा थोरै सिर्जनशिलता, सोच र समयको प्रयोग भएको | २ | |
| | परियोजना / प्रयोगात्मक कार्यमा एकदमै थोरै सिर्जनशिलता, सोच र समयको प्रयोग भएको | १ | |
| **विषयवस्तुको प्रस्तुति** | विषयवस्तु स्पष्ट र उपयुक्त रही उच्च सिकाइ स्तर प्रदर्शन गरेमा | ४ | |
| | अधिकांश विषयवस्तु स्पष्ट र उपयुक्त रही मध्यम सिकाइ स्तर प्रदर्शन गरेमा | ३ | |
| | केही विषयवस्तु मात्र स्पष्ट र उपयुक्त रही र विद्यार्थीको सामान्य सिकाई स्तर प्रदर्शन गरेमा | २ | |
| | कुनै पनि विषयवस्तु स्पष्ट, उपयुक्त नभएको र विद्यार्थीको कमजोर सिकाइ स्तर प्रदर्शन गरेमा | १ | |
| **सहकार्य , जिम्मेवारी सक्रियता र समय पालना** | परियोजना / प्रयोगात्मक कार्य तयार पार्दा समूहमा वा व्यक्तिगत रूपमा उच्च र नियमति रूपमा सक्रिय रही तोकिएको जिम्मेवारी समयमा पूरा गरेमा | २ | |
| | परियोजना / प्रयोगात्मक कार्य तयार पार्दा समूहमा वा व्यक्तिगतरुपमा धेरै जसो कार्यमा नियमित सक्रियता प्रदर्शन गरी तोकिएको जिम्मेवारी समयमा पूरा गरेमा | १.५ | |
| | परियोजना / प्रयोगात्मक कार्य तयार पार्दा समूहमा वा व्यक्तिगतरुपमा कहिलेकाहि मात्र सक्रियता प्रदर्शन गरेको र तोकिएको जिम्मेवारी समयभन्दा केहि ढिला पूरा गरेमा | १ | |
| | परियोजना/ प्रयोगात्मक कार्य तयार पार्दा समूहमा वा व्यक्तिगतरुपमा सक्रिय नरहेको र तोकिएको जिम्मेवारी समेत पूरा गरेमा | ०.५ | |
| **कक्षामा प्रस्तुतीकरण** | शिक्षक र अन्य विद्यार्थी माझ उपयुक्त स्वर र आँखाको सम्पर्क ( Eye contact) कायम राखी तार्किक प्रस्तुतीकरण गरेमा | २ | |
| | कहिलेकाहीँ मात्र शिक्षक र अन्य विद्यार्थी माझ उपयुक्त स्वर र आँखाको सम्पर्क ( Eye contact) कायम राखी अधिकांश प्रस्तुतीकरण तार्किक रुपमा गरेमा | १.५ | |
| | शिक्षक र अन्य विद्यार्थी माझ सानो स्वर र आक्कल झुक्कल मात्र आँखाको सम्पर्क ( Eye contact) कायम गरी सामान्य तार्किक प्रस्तुतीकरण गरेमा | १ | |
| | शिक्षक र अन्य विद्यार्थी माझ सारै सानो स्वरमा प्रस्तुतीकरण गरेको र आँखाको सम्पर्क ( Eye contact) कायम नरहनुका साथै तार्किक प्रस्तुतीकरण एकदम कमजोर रहेमा | ०.५ | |
| **अभिलेखीकरण** | क्रमबद्ध र सही तरिकाले नियमित अभिलेख राखेमा | २ | |
| | अभिलेख राखेको तर प्रक्रियामा कमजोरी रहेको | १.५ | |
| | अभिलेख नियमित राख्ने नगरिएको र प्रक्रियामा धेरै कमजोरी रहेको | १ | |
| | अभिलेख राख्ने प्रयास मात्र गरेमा | ०.५ | |

| | | |
|---|---|---|
| **जम्मा अङ्कभार** | **१८** | |
| **प्राप्त अङ्क** | **३६** | |

**परियोजना / प्रयोगात्मक कार्यको अभिलेखीकरणका लागि निम्नलिखित फारामको प्रयोग गर्न सकिन्छ :**

**परियोजना / प्रयोगात्मक कार्यको मूल्याङ्कन अभिलेखीकरण फाराम (कक्षा ४-५)**

**विद्यार्थीको नाम :** **विषय :** **कक्षा :** **रोल्नं :**

| एकाइ | परियोजना/ प्रयोगात्मक कार्य (३६ अंक) | | | कैफियत |
|---|---|---|---|---|
| | जम्मा प्रयोगात्मक कार्यको सङ्ख्या | विद्यार्थीले गरेका सङ्ख्या | प्राप्त अङ्क | |
| १.हामी र हाम्रो समाज | | | | |
| २.हाम्रा मानव मूल्य मान्यता | | | | |
| ३.नागरिक चेतना | | | | |
| ४.सामाजिक समस्या, विकृति र समाधान | | | | |
| ५.हाम्रो विगत | | | | |
| ६.हाम्रा आर्थिक क्रियाकलाप | | | | |
| ७.हाम्रो पृथ्वी | | | | |
| जम्मा | | | | |
| औषत | | | | |

**परियोजना / प्रयोगात्मक कार्यको मूल्याङ्कन अभिलेखीकरण फाराम (कक्षा ६-८)**

विद्यार्थीको नाम : विषय : कक्षा : रोल्नं :

| एकाइ | परियोजना कार्य वा प्रयोगात्मक कार्य (३६ अङ्क) | | | कैफियत |
|---|---|---|---|---|
| | जम्मा प्रयोगात्मक कार्यको सङ्ख्या | विद्यार्थीले गरेका सङ्ख्या | प्राप्त अङ्क | |
| १.हामी र हाम्रो समाज | | | | |
| २.हाम्रो मानव मूल्य मान्यता | | | | |
| ३.नागरिक चेतना | | | | |
| ४.सामाजिक समस्या, विकृति र समाधान | | | | |
| ५.हाम्रो विगत | | | | |
| ६.हाम्रो आर्थिक क्रियाकलाप | | | | |
| ७.हाम्रो पृथ्वी | | | | |
| ८.जनसङ्ख्या र यसको व्यवस्थापन | | | | |
| ९.अन्तर्राष्टिय सम्बन्ध, समसामयिक घटना र सूचना प्रविधि | | | | |
| जम्मा | | | | |
| औसत | | | | |

**आन्तरिक मूल्याङ्कन अभिलेखीकरण फाराम (कक्षा ४-८)**

**विद्यार्थीको नाम :** **विषय :** **कक्षा :** **रोल्नं :**

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## ३. त्रैमासिक परीक्षा

तीन महिनाको पठनपाठनपश्चात् संज्ञाात्मक क्षेत्रका सिकाइ उपलब्धिहरूको लेखाजोखा गर्नका लागि विशिष्टीकरण तालिकाका आधारमा सबै तह र प्रकारका प्रश्नहरू तयार गर्नुपर्छ । जसका लागि शिक्षकले आवश्यक विशिष्टीकरण तालिका विकास गरी प्रयोगमा ल्याउन सक्ने छन् ।

त्रैमासिक परीक्षा ५० पूर्णाङ्कमा लिएर त्यसलाई १० अङ्कभारमा रूपान्तरण गर्नुपर्ने छ ॥ दोस्रो त्रैमासिक परीक्षा लिँदा सुरु एकाइदेखि पठनपाठन भएको एकाइसम्मका सबै एकाइबाट प्रश्न सोध्नुपर्ने छ । त्रैमासिक परीक्षा विद्यार्थीको सिकाइ सुधारका लागि आन्तरिक मूल्याङ्कनका रूपमा लिनुपर्ने छ । त्रैमासिक परीक्षा सञ्चालनका लागि शिक्षकले आवश्यक विशिष्टीकरण तालिका विकास गरी प्रयोगमा ल्याउन सक्ने छन् ।

## आन्तरिक मूल्याङ्कनका लागि ध्यान दिनुपर्ने पक्ष

आन्तरिक मूल्याङ्कनका लागि प्रत्येक त्रैमासिक वा वार्षिक रूपमा मूल्याङ्कन गर्दा तोकिएको पूर्णांकमा गर्ने । जस्तो : सहभागिताको ४ अङ्कभार, प्रयोगात्मक र परियोजना कार्यको लागि ३६ अङ्कभार र त्रैमासिकका लागि १० अङ्कभार ।

## १. सहभागिताबापतको अंकभार = ४का लागि

(क) पहिलो त्रैमासिक अवधिसम्मको सहभागिता बापत ४ अङ्कभारमा मूल्याङ्कन गरी प्राप्त अङ्क अभिलेखीकरण गर्ने

(ख) दोस्रो त्रैमासिक अवधिको लागि सहभागिताबापत ४ अङ्कभारमा मूल्याङ्कन गरी प्राप्त अङ्क अभिलेखीकरण गर्ने

(ग) दोस्रो त्रैमासिक अवधिपश्चात्को अवधिका लागि सहभागिताबापत ४ अङ्कभारमा मूल्याङ्कन गरी प्राप्त अङ्कको अभिलेखीकरण गर्ने

(घ) सहभागिताबापतको वार्षिक अङ्कभार ४ भएकोले माथि उल्लिखित (क), (ख) र (ग) मा प्राप्त अङ्कलाई जोडेर ३ ले भाग गर्दा वार्षिक बढीमा ४ अङ्कभारमा विद्यार्थीले प्राप्त गरेको सहभागिताबापतको अङ्क प्राप्त हुन्छ । उदाहरणका लागि पहिलो त्रैमासिकमा कुनै विद्यार्थीले सहभागिताबापत ३.५ अङ्क, दोस्रो त्रैमासिकको अवधिमा सहभागिताबापत ३.५ अङ्क र दोस्रो त्रैमासिकपश्चात्को अवधिमा सहभागिताबापत ३ प्राप्त गरेमा वार्षिक रूपमा उक्त विद्यार्थीले ३+२.५+३.५ = ९/३ = ३ अङ्क प्राप्त पाउँछन् ।

## २. प्रयोगात्मक र परियोजना कार्यको मूल्याङ्कनका लागि

(क) पहिलो त्रैमासिक अवधिमा प्रयोगात्मक र परियोजना कार्यको लागि जम्मा अङ्कभार ३६ मा नै मूल्याङ्कन गर्ने । यसका लागि प्रत्येक एकाइमा गराइएका परियोजना / प्रयोगात्मक कार्यका लागि ३६ अङ्कभारमा माथि उल्लिखित रुब्रिक्सका आधारमा मूल्याङ्कन गर्ने

(अ) उदाहरणका लागि पहिलो त्रैमासिक अवधिमा कक्षा ५ मा २ ओटा एकाइ पठनपाठन भएको छ भने

२ ओटै एकाइमा परियोजना कार्यमा विद्यार्थीले पाएको अङ्कभार जोड्ने । एउटा एकाइमा एकभन्दा वढी परियोजना कार्य गराइएको छ भने दुवैको अङ्क जोडी औसत अङ्क दिने, जस्तै : पहिलोदेखि दोस्रो एकाइसम्म विद्यार्थीले प्रयोगात्मक कार्यमा पाएको अङ्क क्रमशः ३२ र ३४ छ भने औसत अङ्क = ६६/२ = ३३ भयो ।

(आ) एकाइमा जतिओटा परियोजना / प्रयोगात्मक कार्य दिइएको ती सबैको अङ्क जोडी औसत अङ्क दिने उदाहरणका रूपमा एकाइ २ मा दुईओटा परियोजना / प्रयोगात्मक कार्य गराइएको छ र अङ्क क्रमशः २८ र ३२ भने दुवैको औसत अङ्क ३० दिने ।

(ख) दोस्रो त्रैमासिक अवधिको परियोजना/ प्रयोगात्मक कार्यको मूल्याङ्कन पनि पहिलो त्रैमासिक मूल्याङ्कन जस्तै गरी गर्ने

(ग) वार्षिक रूपमा परियोजना/ प्रयोगात्मक कार्यको अभिलेखीकरण गर्दा
पहिलो त्रैमासिक अवधिमा प्रयोगात्मक र परियोजना कार्यको मूल्याङ्कन गर्दा प्राप्त गरेको औसत अङ्क राख्ने । जस्तै : माथि दिइए अनुसार ३३ अङ्क
दोस्रो त्रैमासिक अवधिमा प्रयोगात्मक र परियोजना कार्यको मूल्याङ्कन गर्दा प्राप्त गरेको औसत अङ्क (पहिलो त्रैमासिकमा गरे जस्तै गरी) राख्ने । मानौं मूल्याङ्कन गर्दा ३४ अङ्क प्राप्त भयो । दोस्रो त्रैमासिक अवधिपश्चात्का परियोजना/ प्रयोगात्मक कार्यको मूल्याङ्कन गरी प्राप्त अङ्क राख्ने । मानौं मूल्याङ्कन गर्दा ३५ अङ्क प्राप्त भयो । अब तीनऔटै अवधिमा मूल्याङ्कन गर्दा प्राप्त गरेको अङ्क जोडेर वार्षिक रूपमा परियोजना/ प्रयोगात्मक कार्यबापतको औसत अङ्क निकाल्ने जस्तै : ३३+३४+३५ = १०२ /३ = ३४ अङ्क प्राप्त भयो ।

## ३. त्रैमासिक परीक्षाका लागि

संज्ञात्मक क्षेत्रका सिकाइ उपलब्धिको मापन गर्न त्रैमासिक परीक्षा र बाह्य परीक्षा कायम गरिएको छ । त्रैमासिक परीक्षाका लागि जम्मा अङ्कभार १० भएकाले पहिलो र दोस्रो त्रैमासिक परीक्षा १०/१० अङ्कभार नै गर्नुपर्ने हुन्छ । जति बढी अङ्कभारमा परीक्षा सञ्चालन गरियो अर्थात् जति धेरै विषयवस्तुलाई समेटी परीक्षा सञ्चालन गरियो त्यति बढी विषयगत वैधता हुने भएकोले पहिलो त्रैमासिक परीक्षाका लागि ५० पूर्णाङ्कमा परीक्षा सञ्चालन गरी तोकिएको १० अङ्कभारमा रूपान्तरण गर्ने र दोस्रो त्रैमासिक परीक्षाको लागि ५० पूर्णाङ्कमा परीक्षा सञ्चालन गरी तोकिएको १० अङ्कभारमा रूपान्तरण गर्न सकिन्छ ।

त्रैमासिक परीक्षाको वार्षिक अङ्कभार १० भएकोले पहिलो त्रैमासिक परीक्षामा पाएको अङ्कभारलाई आधा गर्ने र दोस्रो त्रैमासिक परीक्षामा अङ्कभारलाई आधा गरी जम्मा १० अङ्कभारमा पाएको अङ्क राख्ने, जस्तै : पहिलो त्रैमासिक परीक्षा ५० पूर्णाङ्कमा कुनै विद्यार्थीले २५ पाएको थियो र १० मा रूपान्तरण गर्दा ८.३ भयो । त्यसै गरी दोस्रो त्रैमासिक परीक्षा ५० पूर्णाङ्कमा उक्त विद्यार्थीले ४५ अङ्क पायो र १० मा रूपान्तरण गर्दा ९ अङ्क प्राप्त भयो । वार्षिक रूपमा त्रैमासिक परीक्षाको अङ्क निकाल्दा प्रत्येक त्रैमासिकमा पाएको अङ्कलाई आधा आधा गरेर राख्ने वा दुवै त्रैमासिक परीक्षामा प्राप्त गरेको अङ्क जोडेर २ ले भाग गर्ने । जस्तै माथि दिइएको विवरणअनुसार पहिलो र दोस्रो त्रैमासिक परीक्षामा विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्क क्रमशः ८.३+९ भने औसत अङ्क = १७.३/२ = ८.६५ भयो ।

**सामाजिक तथा मानव मूल्य शिक्षा विषयको त्रैमासिक रूपमा नतिजा निकाल्दा (माथिको विवरणका आधारमा)**

| क्र.स. | विद्यार्थीको नाम | सहभागिता (४) | प्रयोगात्मक र परियोजना कार्य (३६) | त्रैमासिक परीक्षा (१०) | जम्मा प्राप्ताङ्क | प्राप्त ग्रेड |
|---|---|---|---|---|---|---|
| १ | विकास राना | ३ | ३४ | ८.६५ | ४५.६५ | **A+** |
| | | | | | | |

दोस्रो त्रैमासिक र वार्षिकको आन्तरिक मूल्याङ्कनलाई समेत यसै आधारमा लेखाजोखा गर्न सकिन्छ । ग्रेड सिट तयार गर्ने तरिका लेटर ग्रेडिङ कार्यान्वयन सहयोग पुस्तिका २०७९ मा दिइएअनुसार गर्नुपर्ने छ ।

## स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला (कक्षा ४-८)

### परिचय

स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषय जीवनोपयोगी एवम प्रयोगात्मक विषय हो । यसले स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कलासम्बन्धी ज्ञान, सिप र अभिवृत्तिको विकास गराउने उद्देश्य राखेको छ । यस विषयको पाठ्यक्रमले विषयवस्तुको प्रयोगात्मक र व्यवहारिक पक्ष आन्तरिक मूल्याङ्कन र संज्ञानात्मक पक्षको आवधिक मूल्याङ्कनङ्ारा लेखाजोखा गर्ने प्रावधान राखेको छ । यस विषयका सिकाइ उपलब्धि हासिल गराउन प्रयोगात्मक तथा परियोजनामा आधारित सिकाइ क्रियाकलाप र सोहीअनुसारको मूल्याङकन कार्य गर्नु पर्ने हुन्छ । आन्तरिक मूल्याङ्कनको मुख्य उद्देश्य सिकारुको क्षमता र स्तर अनुकूल निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट सिकाइमा सुधार गर्नु र अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न सक्षम बनाउनु हो ।

सिकाइका लागि तथा सिकाइ स्वयम्को मूल्याङ्कन (assessment for learning and assessment as learning) का रूपमा यस्तो आन्तरिक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्ग हो । आन्तरिक मूल्याङ्कनकाअन्तर्गत स्वास्थ्यसम्बन्धी विषयवस्तुका लागि कक्षा क्रियाकलाप, परियोजना कार्य, सामुदायिक भ्रमण, प्रयोगात्मक कार्य, मौखिक प्रश्नोत्तर, पाठगत तथा एकाइ परीक्षा, त्रैमासिक परीक्षा आदि क्रियाकलाप गराउन सकिन्छ । शारीरिक तथा सिर्जनात्मक कलासम्बन्धी विषयवस्तुका लागि कक्षा क्रियाकलाप, प्रयोगात्मक कार्य, परियोजना कार्य, सिर्जनात्मक कार्य, मौखिक प्रश्नोत्तर, पाठगत तथा एकाइगत परीक्षा, त्रैमासिक परीक्षा, सह तथा अतिरिक्त क्रियाकलाप (हाजिरी जवाफ, मेला, प्रदर्शनी, हस्त तथा चित्रकला प्रतियोगिता, गायन तथा नृत्य र अभिनय प्रतियोगिता) गराई उक्त कार्यहरूको आधिकारिक मूल्याङ्कन (Authentic assessment) का साधन (रुब्रिक्स) तथा अन्य साधनहरू (श्रेणी मापन स्केल, रुजुसूची, अभिभावक प्रतिक्रियालगायत) द्वारा विद्यार्थीले हासिल गरेका उपलब्धिको मूल्याङ्कन गर्न सकिन्छ ।

विषयवस्तुको प्रत्येक पाठ, क्षेत्र वा एकाइको सिकाइपश्चात् उल्लिखित साधनहरूको प्रयोग गरी सो क्षेत्र वा एकाइमा विद्यार्थीको सिकाइ स्तर पहिचान गरी सिकाइ समस्या भएका विद्यार्थीको सिकाइ सुधारका लागी थप पृष्ठपोषण दिनुपर्दछ । न्यूनतम स्तरको सिकाइ स्तर हासिल भएको सुनिश्चितता नभएसम्म पृष्ठपोषणलाई निरन्तरता टेवा (Scaffolding) पुऱ्याउनुपर्छ । विद्यार्थीको आन्तरिक मूल्याङ्कनको अभिलेखलाई प्रत्येक विद्यार्थीको प्रयोगात्मक पुस्तिका र कार्यसञ्चयिका (Portfolio) मा व्यवस्थित गरी अभिलेखीकरण गर्नुपर्छ । यसका साथै विद्यार्थीले तयार गरेका चार्ट, मोडेल, कोलाजलाई उपयुक्त ठाउँमा राख्ने र संगीतका कार्यहरूलाई रेकर्ड गरी अभिलेखीकरण गर्न सकिन्छ ।

स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला पाठ्यक्रममा आन्तरिक मूल्याङ्कनका लागि ५० प्रतिशत भार छुट्याइएको छ । आन्तरिक मूल्याङ्कनअन्तर्गत निम्नलिखित आधारहरू निर्धारण गरिएको छ :

## आधारभूत तह कक्षा ४- ८ को आन्तरिक मूल्याङ्कनका आधार

| क्र.स. | मूल्याङ्कनका क्षेत्र | मूल्याङ्कनका क्षेत्रको विस्तृतीकरण | अङ्कभार | जम्मा अङ्कभार |
|---|---|---|---|---|
| १. | सहभागिता | उपस्थिति वा हाजिरी | २ | ४ |
| | | सिकाइ क्रियाकलापमा सहभागिता र सक्रियता | २ | |
| २. | परियोजना कार्य (स्वास्थ्य) | परियोजना कार्यको तयारी, सम्पादन र प्रस्तुतीकरण | ४ | ८ |
| | | परियोजना कार्यको अभिलेखीकरण | ४ | |
| | प्रयोगात्मक कार्य (शारीरिक) | प्रयोगात्मक कार्य (सिप प्रदर्शन स्तर, समय र नियमको पालना, सिर्जनशिलता) | १० | १४ |
| | | प्रयोगात्मक कार्यको अभिलेखीकरण | ४ | |
| | प्रयोगात्मक र परियोजना कार्य (सिर्जनात्मक कला | प्रयोगात्मक कार्य (सिप प्रदर्शन स्तर, चित्र निर्माण, मोडेल निर्माण, नियमको पालना, सिर्जनशीलता) | १० | १४ |
| | | प्रयोगात्मक कार्यको अभिलेखीकरण | ४ | |
| ३. | त्रैमासिक परीक्षा | तोकिएको अवधिमा पठनपाठन भएका सबै एकाइबाट विशिष्टीकरण तालिकाका आधारमा प्रश्नपत्र तयार गरी परीक्षा लिने र सुधारका लागि पृष्ठपोषण दिने | १० | १० |
| | | जम्मा | | ५० |

### १. सहभागिताको मूल्याङ्कन

सहभागिताबापतको ४ अङ्कभारलाई विद्यार्थीको हाजिरी/उपस्थिति र सिकाइ क्रियाकलापमा सहभागिता तथा सक्रियताका आधारमा मूल्याङ्कन गर्नुपर्छ । सहभागिताबापतको ४ अङ्कभारअन्तर्गत हाजिरी/उपस्थितिबापत २ अङ्कभार र सिकाइ क्रियाकलापमा सहभागिता र सक्रियताबापत २ अङ्कभारमा रुब्रिक्सका आधारमा मूल्याङ्कन गर्नुपर्ने छ। सहभागिताबापत मूल्याङ्कन गर्दा निम्न रुब्रिक्सको प्रयोग गर्न सकिने छ

**सहभागिता (उपस्थिति र सिकाइमा सक्रियता र सहभागिता) : ४ अङ्कभार**

| क्र.स. | आधार | सूचक | अङ्क | प्राप्ताङ्क |
|---|---|---|---|---|
| **१.** | उपस्थिति | ९० प्रतिशत र सोभन्दा बढी उपस्थिति भएमा | २ | |
| | | ८५ प्रतिशत र सोभन्दा बढी तर ९० प्रतिशतभन्दा कम उपस्थिति भएमा | १.७५ | |
| | | ८० प्रतिशत र सोभन्दा बढी तर ८५ प्रतिशतभन्दा कम उपस्थिति भएमा | १.५० | |
| | | ७५ प्रतिशत र सोभन्दा बढी तर ८० प्रतिशतभन्दा कम उपस्थिति | १.०० | |

| | | | | |
|---|---|---|---|---|
| | | भएमा | | |
| २. | सिकाइमा सक्रियता र सहभागिता | सिकाइमा जिज्ञासा राखेमा, समूह छलफल र अन्तरक्रियामा सक्रियतापूर्वक भाग लिएमा, आफ्ना विचार निर्बाध र स्वतन्त्र रूपमा प्रस्तुत गरेमा, दिइएका सम्पूर्ण कार्य स्वयम्ले पूरा गरेमा | २ | |
| | | सिकाइमा धेरैजसो जिज्ञासा राखेमा, समूह छलफल र अन्तरक्रियामा कम सक्रियतापूर्वक भाग लिएमा, आफ्ना विचार धेरैजसो स्वतन्त्र रूपमा प्रस्तुत गरेमा, दिइएका अधिकांश कार्य पूरा गरेमा | १.५ | |
| | | सिकाइमा कम जिज्ञासा राखेमा, समूह छलफल र अन्तरक्रियामा निर्देशनअनुसार भाग लिएमा, आफ्ना विचार आंशिक रूपमा मात्र प्रस्तुत गरेमा, दिइएका कार्य आधा मात्र पूरा गरेमा | १ | |
| | | सिकाइमा जिज्ञासा नराखेमा, समूह छलफल र अन्तरक्रियामा सक्रियता नदेखाएमा, आफ्ना विचार प्रस्तुत गर्न साथी वा शिक्षकको सहयोग चाहिएमा, अरूको सहयोगमा दिइएका कार्य पूरा गरेमा | ०.५ | |
| **जम्मा** | | | ४ | |

## २. परियोजना तथा प्रयोगात्मक कार्यको मूल्याङ्कन (३६ अङ्कभार)

यस विषयका सिकाइ उपलब्धि विद्यार्थी स्वयम्ले प्रयोगात्मक तथा तथा परियोजना कार्य गरेरै सिक्ने खालका छन । त्यसका लागि आवश्यकताअनुसार सामुदायिक अध्ययन/भ्रमण/खोज, अवलोकन, चित्रांकन, प्रयोगात्मक तथा प्रदर्शन कार्य, नमुना निर्माण तथा प्रस्तुति (एकल तथा सामूहिक), परियोजना कार्यका माध्यमबाट विभिन्न सिपहरू हासिल गराउनुपर्छ । सबै एकाइबाट पाठ्यक्रम र पाठ्यपुस्तकमा समावेश गरिएका प्रयोगात्मक र परियोजना कार्य गराउनुपर्ने हुन्छ । स्वास्थ्य खण्डका प्रत्येक एकाइका परियोजना कार्यका लागि ८ अङ्कमा मूल्याङ्कन गर्नुपर्ने छ । त्यसैगरी शारीरिक र सिर्जनात्मक कला खण्डको प्रत्येक एकाइको प्रयोगात्मक तथा परियोजना कार्यको लागि १४/१४ अङ्कमा मूल्याङ्कन गर्नुपर्ने छ ।

त्रैमासिक रूपमा प्रयोगात्मक र परियोजना कार्यको मूल्याङ्कनका लागि पठनपाठन भएका एकाइमा विद्यार्थीले प्राप्त गरेको हरेक प्रयोगात्मक र परियोजना कार्यमा प्राप्त अङ्क जोडेर औसत निकाल्नुपर्छ भने वार्षिक रूपमा प्रयोगात्मक र परियोजना कार्यको मूल्याङ्कन गर्दा वर्षभरि पठनपाठन गरेका सबै एकाइमा प्रयोगात्मक र परियोजना कार्यमा विद्यार्थीले प्राप्त गरेको जम्मा अङ्क निकालेर औसत निकाल्नु पर्छ । यदि कुनै एकाइमा प्रयोगात्मक कार्य नभएमा परियोजना कार्यबाट मूल्याङ्कन गर्नुपर्ने हुन्छ । प्रत्येक परियोजना कार्य र प्रयोगात्मक कार्यको लागि रुब्रिक्स/चेकलिष्ट/श्रेणीमापन आदि साधन विकास गरी मूल्याङ्कन गर्न सकिने छ । प्रत्येक प्रयोगात्मक र परियोजना कार्यको मूल्याङ्कनका लागि निम्नलिखित रुब्रिक्सको प्रयोग गर्न सकिन्छ :

### (क) परियोजना कार्य (स्वास्थ्य) को मूल्याङ्कन (रुब्रिक्स) : ८ अङ्कभार

प्रत्येक परियोजना कार्यको मूल्याङ्कनको लागि निम्नानुसारको रुब्रिक्स प्रयोग गर्न सकिन्छ :
प्रत्येक परियोजना कार्यको मूल्याङ्कनका लागि निम्नानुसारको रुब्रिक्स प्रयोग गर्न सकिन्छ :

| आधार | सूचक | जम्मा अङ्क | प्राप्तांक |
|---|---|---|---|
| परियोजन कार्य सञ्चालन र प्रस्तुतीकरण | तोकिएको प्रक्रिया पूरा गरी परियोजना कार्य सम्पन्न गरेको र अपेक्षित उद्देश्य प्राप्ति भएमा, चरणबद्ध रूपमा क्रियाकलापको प्रस्तुतीकरण गरेमा र सोधिएको सबै प्रश्नको तर्क दिन सकेमा | ४ | |
| | तोकिएको मध्ये धेरैजसो प्रक्रिया पूरा गरी परियोजना कार्य सम्पन्न गरेको र अपेक्षित उद्देश्य धेरैजसो प्राप्ति भएमा, धेरैजसो चरणहरू समेटेर क्रियाकलापको प्रस्तुतीकरण गरेको र धेरैजसो प्रश्नको तर्क दिन सकेमा | ३ | |
| | आंशिक प्रक्रिया पूरा गरी परियोजना कार्य गरेमा, आंशिक रूपमा क्रियाकलापको प्रस्तुतीकरण गर्ने प्रयास गरेमा र केही प्रश्नको मात्र तर्क दिन सकेमा | २ | |
| | परियोजना कार्य गर्ने प्रयास मात्र गरेमा, प्रस्तुतीकरण गर्ने प्रयास मात्र गरेमा र तर्क नमिलेमा | १ | |
| अभिलेखीकरण र समयसीमा | सही, सफा, तोकिएको ढाँचा र क्रमबद्ध तरिकाले अभिलेख राखेमा, तोकिएको समयमै परियोजना कार्य सम्पन्न गरेमा | ४ | |
| | सही, सफा, तोकिएको ढाँचा र क्रमबद्ध तरिकामध्ये कुनै तीन आधारमा अभिलेख राखेमा, तोकिएको समयभन्दा एक दिन ढिला गरी परियोजना कार्य सम्पन्न गरेमा | ३ | |
| | सही, सफा, तोकिएको ढाँचा र क्रमबद्ध तरिका मध्ये कुनै दुई आधारमा अभिलेख राखेमा, तोकिएको समयभन्दा दुई दिन ढिला गरी परियोजना कार्य सम्पन्न गरेमा | २ | |
| | सही, सफा, तोकिएको ढाँचा र क्रमबद्ध तरिकामध्ये कुनै एक आधारमा अभिलेख राखेमा, तोकिएको समयभन्दा दुई दिनभन्दा बढी समय लगाई परियोजना कार्य सम्पन्न गरेमा | १ | |
| **जम्मा अङ्कभार** | | १६ | |

नोट : *तोकिएको प्रक्रिया भन्नाले पाठ्यपुस्तकमा दिइएअनुसारको दिइएको विधिको प्रयोग गर्ने भन्ने बुझिन्छ, जस्तै : चित्र बनाउने, मोडेल बनाउने, सामुदायि कार्य, क्षेत्र भ्रमण गरी प्रतिवेदन तयार गर्ने, अवलोकन गरी प्रतिवेदन तयार गर्ने, सोधखोज गरी प्रतिवेदन तयार गर्ने आदि ।*

**(ख) प्रयोगात्मक कार्य (शारीरिक र सिर्जनात्मक कला) को मूल्याङ्कन (रुब्रिक्स) : १४/१४ अङ्कभार**

प्रत्येक प्रयोगात्मक कार्यको मूल्याङ्कनको लागि निम्न रुब्रिक्स प्रयोग गर्न सकिन्छ :

| आधार | सूचक | जम्मा अङ्क | प्राप्तांक |
|---|---|---|---|
| सिप प्रदर्शन स्तर (शारीरिक र | जिज्ञासु र निर्धक्क भई तोकिएका सिप व्यक्तिगत वा सामूहिक रूपमा अति उत्तम रुपमा क्रमबद्ध तरिकाले प्रदर्शन गरेमा | ४ | |
| | तोकिएका सिप व्यक्तिगत वा सामूहिक रूपमा उत्तम तरिकाले प्रदर्शन | ३ | |

| | | | |
|---|---|---|---|
| सिर्जनात्मक कला) | गरेमा | | |
| | तोकिएका सिप व्यक्तिगत वा सामूहिक रूपमा सामान्य तरिकाले प्रदर्शन गर्न सकेमा | २ | |
| | सिप प्रदर्शन गर्ने प्रयास गरेमा | १ | |
| समय र नियम/प्रक्रियाको पालना | तोकिएका नियम/प्रक्रिया तथा चरणहरू र समयको हुबहु पालना गरेमा | २ | |
| | तोकिएका नियम/प्रक्रिया र समय अधिकाश रूपमा पालना गरेमा | १.५ | |
| | आंशिक रूपमा नियम/प्रक्रिया र समय पालना गरेमा | १ | |
| | कम मात्रामा नियम/प्रक्रिया र समय पालना गरेमा | ०.५ | |
| विषयवस्तुको जानकारी | निर्धक्क भई आत्मविश्वासका साथ सबै जिज्ञासाको तर्कपूर्ण रूपमा विषयवस्तुको बुझाइ अभिव्यक्त गरेमा | ४ | |
| | निर्धक्क भई जानकारी प्रस्तुत गरेमा र धेरैजसो प्रश्नको तर्क दिन सकेमा | ३ | |
| | आधाजति प्रश्नको सही प्रतिक्रिया दिन सकेमा | २ | |
| | आंशिक प्रश्नको मात्र सही प्रतिक्रिया दिन सकेमा | १ | |
| अभिलेख | तोकिएको निर्देशनमा क्रमबद्ध र सही तरिकाले सबै कार्यको अभिलेख राखेमा | ४ | |
| | तोकिएको निर्देशनमा धेरैजसो कार्यको अभिलेख राखेमा | ३ | |
| | आधा जति कार्यको अभिलेख राखेमा | २ | |
| | केही कार्यको मात्र अभिलेख राखेमा र अभिलेख व्यवस्थित नभएमा | १ | |
| अङ्कभार | | १४ | |
| प्राप्त जम्मा अङ्कभार (शरीरिक र सिक) | | २८ | |

**प्रयोगात्मक र परियोजना कार्यको अभिलेखीकरणका लागि निम्नलिखित फारामको प्रयोग गर्न सकिन्छ :**

**आन्तरिक मूल्याङ्कन अभिलेखीकरण फाराम (कक्षा ४-८)**

**विद्यार्थीको नाम :** **विषय :** **कक्षा :** **रोल्नं :**

| **क्र.स.** | **विषयवस्तुको क्षेत्र/एकाइ** | परियोजना कार्य/ प्रयोगात्मक कार्यको सङ्ख्या | विद्यार्थीले गरेका परियोजना कार्य/ प्रयोगात्मक कार्यको सङ्ख्या | प्राप्ताङ्क | कैफियत (कार्य गर्न नसकेमा, अनुपश्चित भएमा) |
|---|---|---|---|---|---|
| १ | मानव शरीर | | | | |
| २ | सामुदायिक स्वास्थ्य र मानसिक स्वास्थ्य | | | | |
| ३ | पोषण र खाद्य सुरक्षा | | | | |
| ४ | रोग, सुरक्षा र प्राथमिक उपचार | | | | |
| ५ | यौनिक तथा प्रजनन स्वास्थ्य | | | | |
| ६ | शारीरिक कसरत (पी.टी.) र कवाज | | | | |
| ७ | एथलेटिक्स र साहसिक | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | क्रियाकलाप | | | | |
| ८ | खेलहरू | | | | |
| ९ | योग | | | | |
| १० | कलाको परिचय, रेखाचित्र र रङ | | | | |
| ११ | छपाइ, माटोका काम, कोलाज र निर्माण | | | | |
| १२ | गायन र वादन | | | | |
| १३ | नृत्य र अभिनय | | | | |

**३. त्रैमासिक परीक्षा**

त्रैमासिक परीक्षालाई विद्यार्थीको सिकाइ सुधारका लागि आन्तरिक मूल्याङ्कनका रूपमा लिनुपर्ने छ । त्रैमासिक रूपमा पठनपाठनपश्चात् संज्ञात्मक क्षेत्रका सिकाइ उपलब्धिहरूको लेखाजोखा गर्नको लागि विशिष्टीकरण तालिकाका आधारमा सबै तह र प्रकारका प्रश्नहरू तयार गरी परीक्षा लिनुपर्छ । पहिलो त्रैमासिक र दोस्रो त्रैमासिक परीक्षा ५०/५० पूर्णाङ्कको लिन सकिने छ तर त्यसलाई १०/१० अङ्कभारमा रूपान्तरण गर्नुपर्ने छ । दोस्रो त्रैमासिक परीक्षा लिँदा सुरु एकाइदेखि पठनपाठन भएको एकाइसम्मका सबै एकाइबाट प्रश्न सोध्नुपर्ने छ ।

**आन्तरिक मूल्याङ्कनका लागि ध्यान दिनुपर्ने पक्ष**

आन्तरिक मूल्याङ्कनका लागि प्रत्येक त्रैमासिक वा वार्षिक रूपमा मूल्याङ्कन गर्दा तोकिएको पूर्णांकमा गर्नुपर्छ । जस्तै सहभागिताको ४ अङ्कभार, प्रयोगात्मक र परियोजना कार्यको लागि ३६ अङ्कभार र त्रैमासिक परीक्षाको लागि १० अङ्कभार ।

**१. सहभागिताबापतको ४ अङ्कभार**

(क) पहिलो त्रैमासिक अवधिसम्मको सहभागिताबापत ४ अङ्कभारमा मूल्याङ्कन गरी प्राप्त अङ्क अभिलेखीकरण गर्ने

(ख) दोस्रो त्रैमासिक अवधिका लागि सहभागिताबापत ४ अङ्कभारमा मूल्याङ्कन गरी प्राप्त अङ्क अभिलेखीकरण गर्ने

(ग) दोस्रो त्रैमासिक अवधिपश्चात्को अवधिका लागि सहभागिताबापत ४ अङ्कभारमा मूल्याङ्कन गरी प्राप्त अङ्कको अभिलेखीकरण गर्ने

(घ) सहभागिताबापतको वार्षिक अङ्कभार ४ भएकाले माथि उल्लिखित (क), (ख) र (ग) मा प्राप्त अङ्कलाई जोडेर ४ ले भाग गर्दा वार्षिक ४ अङ्कभारमा विद्यार्थीले प्राप्त गरेको सहभागिताबापतको अङ्क प्राप्त हुन्छ । उदाहरणका लागि पहिलो त्रैमासिकमा कुनै विद्यार्थीले सहभागिताबापत ३.० अङ्क, दोस्रो त्रैमासिकको अवधिमा सहभागिताबापत ३.५ अङ्क र दोस्रो त्रैमासिकपश्चात्को अवधिमा सहभागिताबापत ३.० प्राप्त गरेमा वार्षिक रूपमा उक्त विद्यार्थीले ३.०+२.५+३.५ = ९/३ = ३ अङ्क प्राप्त गर्छन् ।

## २. परियोजना कार्य (स्वास्थ्य), प्रयोगात्मक तथा परियोजना कार्य (शारीरिक र सिक) को मूल्याङ्कन

(क) पहिलो, दोस्रो र तेस्रो त्रैमासिक अवधिमा क्रमशः प्रयोगात्मक र परियोजना कार्यको लागि पढाइ भएका पाठ संख्याको आधारमा प्रत्येक त्रैमासिकमा अङ्कभार ३६ नै हुने गरी माथि उल्लिखित रुब्रिक्सका आधारमा मूल्याङ्कन गर्नुपर्छ र वार्षिक रूपमा अभिलेख राख्दा औसत निकाल्नुपर्छ ।

(ख) उदाहरणका लागि पहिलो त्रैमासिकमा कक्षा ५ मा स्वास्थ्यमा २ ओटा एकाइ पठनपाठन भएको छ भने

(अ) २ ओटा एकाइको परियोजना कार्यमा विद्यार्थीले पाएको अङ्कभार जोड्ने र औसत निकाल्ने, जस्तैः पहिलो र दोस्रो एकाइमा विद्यार्थीले परियोजना कार्यमा पाएको अङ्क क्रमश : ५.०+७.० छ भने औसत अङ्क = १२/२ = ६ हुन्छ ।

(आ) त्यसैगरी पहिलो त्रैमासिकमा शारीरिक खण्डमा एकओटा एकाइ पठनपाठन भएको छ भने सो एकाइमा प्रयोगात्मक कार्यमा विद्यार्थीले पाएको अङ्कभार निकाल्ने, जस्तै : एकाइ ६ कसरत र कवाजको प्रदर्शनमा विद्यार्थीले प्रयोगात्मक कार्यमा पाएको अङ्क १२.० छ ।

(इ) पहिलो त्रैमासिकमा सिर्जनात्मक कला खण्डमा एक ओटा एकाइ पठनपाठन भएको छ भने सो एकाइमा प्रयोगात्मक कार्यमा विद्यार्थीले पाएको अङ्कभार निकाल्ने, जस्तै : एकाइ १० कलाको परिचय, रेखाचित्र र रङको कार्य प्रदर्शनमा विद्यार्थीले प्रयोगात्मक तथा परियोजन कार्यमा पाएको अङ्क १३.० छ ।

(ई) अब पहिलो त्रैमासिक अवधिमा प्रयोगात्मक र परियोजना कार्यमा विद्यार्थीले पाएको अङ्क ६.०+१२.०+१३.० = ३१.० हुन्छ ।
यसै गरी दोस्रो त्रैमासिक अवधिको प्रयोगात्मक र परियोजना कार्यको मूल्याङ्कन गर्न सकिन्छ ।

(उ) वार्षिक रूपमा प्रयोगात्मक र परियोजना कार्यको अभिलेखीकरण गर्दा स्वास्थ्य, शारीरिक शिक्षा र सिर्जनात्मक कलाअन्तर्गत छुट्याइएको भारअनुसार सबै एकाइमा पाएको अङ्क जोडेर जम्मा एकाइको सङ्ख्याले भाग गर्दा वर्षभरिमा विद्यार्थीले प्रयोगात्मक र परियोजना कार्यबापत पाएको अङ्क प्राप्त हुन्छ ।

## ३. त्रैमासिक परीक्षा

पाठ्यक्रमले तोकेका संज्ञाात्मक क्षेत्रका सिकाइ उपलब्धिको मापन गर्न त्रैमासिक परीक्षा र बाह्य परीक्षा कायम गरिएको छ । जति बढी अङ्कभारमा परीक्षा सञ्चालन गरियो अर्थात् जति धेरै विषयवस्तुलाई समेटी परीक्षा सञ्चालन गरियो त्यति बढी विषयगत वैधता बढी हुने भएकोले पहिलो त्रैमासिक परीक्षाका लागि ५० पूर्णाङ्कमा परीक्षा सञ्चालन गरी तोकिएको १० अङ्कभारमा रूपान्तरण गर्ने र दोस्रो त्रैमासिक परीक्षाको लागि ५० पूर्णाङ्कमा परीक्षा सञ्चालन गरी तोकिएको १० अङ्कभारमा रूपान्तरण गर्नुपर्ने छ ।

त्रैमासिक परीक्षाको वार्षिक अङ्कभार १० भएकाले पहिलो त्रैमासिक परीक्षामा पाएको अङ्कभारलाई आधा गर्ने र दोस्रो त्रैमासिक परीक्षामा अङ्कभारलाई आधा गरी जम्मा १० अङ्कभारमा पाएको अङ्क राख्ने वा दुवै त्रैमासिक परीक्षामा पाएको अङ्कलाई जोडेर २ ले भाग गर्ने, जस्तै : पहिलो त्रैमासिक परीक्षा ५० पूर्णाङ्कमा कुनै विद्यार्थीले ४० पाएको थियो र १० मा रुपान्तरण गर्दा ८ भयो । त्यसै गरी दोस्रो त्रैमासिक परीक्षा ५० पूर्णाङ्कमा उक्त विद्यार्थीले ४५ अङ्क पायो र १० मा रूपान्तरण गर्दा ९ अङ्क प्राप्त भयो । वार्षिक रूपमा त्रैमासिक परीक्षाको अङ्क निकाल्दा प्रत्येक त्रैमासिकमा पाएको अङ्कलाई आधा आधा गरेर राख्ने वा दुवै त्रैमासिक परीक्षामा प्राप्त गरेको अङ्क

जोडेर २ ले भाग गर्ने, जस्तैः माथि दिइएको विवरणअनुसार पहिलो र दोस्रो त्रैमासिक परीक्षामा विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्क आधा आधा गर्दा ४ र ४.५ गरी वार्षिक १० अंक भारमा ८.५ भयो भने दुवै जोडेर २ ले भाग गर्दा ८ ® ९ = १७/२ = ८.५ हुन्छ ।

**त्रैमासिक रूपमा नतिजा निकाल्दा (माथिको विवरणका आधारमा)**

| क्र.स. | विद्यार्थीको नाम | सहभागिता (४) | प्रयोगात्मक र परियोजना कार्य (३६) | त्रैमासिक परीक्षा (१०) | जम्मा प्राप्ताङ्क | प्राप्त ग्रेड |
|---|---|---|---|---|---|---|
| १ | प्रियन्स कर्ण | ३ | ३१ | ८.५ | ४२.५ | **A** |
| २ | | | | | | |

दोस्रो त्रैमासिक र वार्षिकको आन्तरिक मूल्याङ्कनलाई समेत यसै आधारमा लेखाजोखा गर्न सकिन्छ । मूल्याङ्कनका लागि ग्रेड सिट तयार गर्ने तरिका लेटर ग्रेडिङ कार्यान्वयन सहयोग पुस्तिका, २०७९ मा दिइएअनुसार गर्नुपर्ने छ ।